३८



अभिलेख

नेपाल सरकार

राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिलेख

अभिलेख विश्वसम्पदा हो
यसको जगेर्ना गर्नु हाम्रो कर्तव्य हो
अभिलेखको सुरक्षा गरौं
संस्कृतिको रक्षा गरौं ।

- राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शीर्षक	:	अभिलेख
प्रकाशक	:	नेपाल सरकार संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय राष्ट्रिय अभिलेखालय
प्रथम संस्करण	:	२०४७ आश्विन १७ गते
प्रकाशित प्रति	:	प्रथमवार ५०० प्रति
द्वितीय संस्करण	:	वि.सं. २०७५ पुष
प्रकाशित प्रति	:	(५०० प्रति)
मूल्य	:	रु. १०० ।-
मुद्रक	:	पुर्कोट अफसेट प्रेस, ताहाचल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दुई शब्द

राष्ट्रिय अभिलेखालयबाट वि.सं. २०४० देखि वार्षिक रुपमा निरन्तर प्रकाशन हुँदै आएको अभिलेख पत्रिकाको नेपाली अनुसन्धानको क्षेत्रमा विशेष महत्त्व छ । यसमा प्रकाशित अनुसन्धानमूलक लेख रचनाहरुले हाम्रो इतिहास र संस्कृतिका अदृष्य पाटाहरूलाई सदैव उजागर गर्ने प्रयत्न गरेका छन् । अनुसन्धानमूलक मौलिक लेखहरु प्रकाशन हुने भएकाले पाठकहरूले पुराना प्रतिहरू पनि माग गर्ने गरेको अनुभव हामीसँग छ । विभिन्न विद्वान्हरूका महत्त्वपूर्ण खोजमूलक लेख रचना प्रकाशित भएको आठ अंकको सान्दर्भिकता आज पनि उत्तिकै छ । अभिलेख पत्रिका अंक २२ को माग व्यापक भएको तर यस प्रकाशनका सम्पूर्ण प्रतिहरू समाप्त भएको हुँदा पाठक वर्गको आवश्यकतालाई मध्यनजर गरी यसलाई पुनर्मुद्रण गरी पाठक समक्ष ल्याएका छौं । आशा छ, यसको पुनः प्रकाशनले अनुसन्धान क्षेत्रमा लाग्ने समस्त खोजकर्ताहरूको ज्ञानको क्षितिजलाई अझ फराकिलो बनाउने छ ।

अन्त्यमा, यस पुर्नप्रकाशन कार्यमा सहयोग गर्नुहुने समस्त व्यक्तिहरूलाई म विशेष धन्यवाद दिन चाहन्छु ।

सौभाग्य प्रधानाङ्ग
प्रमुख
राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दुई शब्द

राष्ट्रिय अभिलेखालयको २३औं जन्मदिनको उपलक्ष्यमा अभिलेख पत्रिकाको आठौं प्रकाशनमा ल्याउन पाएकोमा अभिलेखालय परिवारलाई अत्यन्त हर्ष लागेको छ। पूर्व अङ्कहरूमा जस्तै यस अङ्कमा पनि राष्ट्रिय अभिलेखालयलाई चिनारी गराउने खालका सामग्रीहरू समावेश गरिएका छन्।

यस अङ्कमा अभिलेख संरक्षण ऐन २०४६, कौसी तोषाखानाका लालमोहर, ताम्रलेख, ताडपत्रका तमसूक, कोट्याहुति देवल प्रतिष्ठा, ने.ज.ह.ग्र.सं. परियोजनाका तिब्बती ग्रन्थसम्बन्धी गतिविधि, स्वर्णाकर्षण भैरवपूजा, तन्त्र चिन्तामणि, नेपाली न्यायिक परम्परा, रातो मत्स्येन्द्रनाथको उत्पत्ति आदि छन्।

आशा छ, पूर्व अङ्कहरू जस्तै यो अङ्क पनि उपयोगी सिद्ध हुनेछ। यसलाई अझ स्तरीय बनाउन अभिलेखमा चाख राख्ने पाठकहरूको सुझाव स्वागतयोग्य हुनेछ।

बलरामदास डंगोल

१७ आश्विन २०४७

प्रधान अनुसन्धान अधिकारी

राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय - सूची

लेख	लेखक	पृष्ठ संख्या
१. अभिलेख संरक्षण सम्बन्धी ऐन		१
२. Archives Preservation Act, 2046 (1989)		६
३. A glance on the state of the National Archives	B.D. Dangol	१२
४. कौसी तोषाखानाबाट प्राप्त लालमोहर		१६
५. ताम्रपत्र		४१
६. Historic Significance of Siddhagni Kotyahute Devala Pratistha	Dr. Janak Lal Vaidya	६७
७. NGMPP: (NGMPP) Activities and Plans (1990 - 1991)	Dr. Franz-Karl Ehrahard	७५
८. स्वर्णाकर्षण भैरवपूजा प्रयोग	बाबुकृष्ण ढकाल	८०
९. तन्त्रचिन्तामणि : एक चिनारी	ऐश्वर्यधर शर्मा	८८
१०. Archival Training Needs and Policies	Mrs. S.M. Rana	९६
११. वैदिक विवाहविधि एक संक्षिप्त झलक	हरिनाथ गौतम	९९
१२. Radio and Televisioni Recordings as Archival Material	Christopher H. Roads (U.K.)	१०४
१३. The Nepalese Juridical Tradition and its Sources	Dr. Jean Fezas	११३
१४. महाभूतहरूको शास्त्रीय विवेचन	काशीराज शर्मा सुवेदी	१२५
१५. रातो मत्स्येन्द्रनाथको उत्पत्ति ?	तीर्थलाल नःघःभनी (राजभण्डारी)	१३०
१६. भूमिसम्बन्धी केही तमसुक ताडपत्र	पूर्णरत्न बज्राचार्य	१४६
१७. वार्षिक गतिविधि		१५४

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लेखक परिचय

बलरामदास डंगोल	प्रधान अनुसन्धान अधिकारी, राष्ट्रिय अभिलेखालय
डा. जनकलाल वैद्य	सह प्राध्यापक, त्रिचन्द्र क्याम्पस
फ्राञ्च कार्ल एहार्ड	निर्देशक, ने.ज.ह.ग्र.सं. परियोजना
बाबुकृष्ण ढकाल	स. तन्त्राचार्य, राष्ट्रिय अभिलेखालय
ऐश्वर्यधर शर्मा	अनुसन्धानकर्ता
श्रीमती सानीमैयाँ राणा	वरिष्ठ अभिलेख विशेषज्ञ, राष्ट्रिय अभिलेखालय
हरिनाथ गौतम	धर्मशास्त्राचार्य, राष्ट्रिय अभिलेखालय
क्रिष्टोफर एच्. रोड्स्	अभिलेख विशेषज्ञ
डा. जेन फेजस्	अनुसन्धानकर्ता
काशिराज शर्मा सुवेदी	आयुर्वेदीय क्याम्पस
तीर्थलाल नःघःभनी	अनुसन्धानकर्ता
पूर्णरत्न बज्राचार्य	स. धर्मशास्त्राचार्य, राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिलेख संरक्षण सम्बन्धी व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना :

राष्ट्रिय दृष्टिकोणले महत्त्वपूर्ण कागजातलाई अभिलेखको रूपमा व्यवस्थित एवं सुरक्षित तरिकाले राख्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, श्री ५ महाराजधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

१.१ यस ऐनको नाम "अभिलेख संरक्षण ऐन, २०४६" रहेको छ ।

१.२ यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा :

२.१. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा, -

२.१.१. "कागजात" भन्नाले देहायका कुराहरू समेत सम्झनुपर्छ :-

२.१.१.१. हस्तलिखित ग्रन्थ, किताब, प्रतिवेदन, आर्थिक विवरण, सन्धि सम्झौता, पत्र-पत्रिका, चिठ्ठीपत्र, लिखत, चित्र, तस्वीर, नक्शा, योजना, चार्ट, फाइल, मिसिल, रजिष्टर वा कुनै प्रकाशन ।

२.१.१.२ फिल्म, माइक्रो फिल्म, टेप (ध्वनी रेकर्डर), चलचित्र, कम्प्युटर डिस्क वा कम्प्युटर क्यासेटका मूलप्रति वा प्रतिलिपि ।

२.१.१.३ ताडपत्र, भोजपत्र, स्वर्णपत्र, ताम्रपत्र वा शिलापत्रको प्रतिलिपि वा तस्वीर ।

२.१.१.४ पहिलो टाँचा लागेको हुलाक टिकट तथा मनीअर्डर फर्म, हवाई पत्र र पोष्ट कार्डको नयाँ प्रकाशन ।

२.१.२ "अभिलेख" भन्नाले राष्ट्रिय अभिलेखालयमा अभिलेखको रूपमा सुरक्षित रूपमा राखिएका कागजात र उपदफा ५.१.१ बमोजिम दर्ता भएका कागजात सम्झनुपर्छ ।

२.१.३ "राष्ट्रिय अभिलेखालय" भन्नाले दफा ३ बमोजिम स्थापना भएको राष्ट्रिय अभिलेखालय सम्झनुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२.१.४ "कार्यालय"भन्नाले श्री ५ को सरकारका मन्त्रालय तथा विभाग सम्झनुपर्छ र सो शब्दले संवैधानिक अङ्ग र श्री ५ को सरकारबाट समय समयमा गठन भएका अस्थायी वा आवधिक आयोगको कार्यालयलाई समेत जनाउनेछ ।

२.१.५ "समिति" भन्नाले दफा ४ बमोजिम गठन गरिएको सल्लाहकार समिति सम्झनुपर्छ ।

२.१.६ "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

३. राष्ट्रिय अभिलेखालयको स्थापना :

३.१ अभिलेखहरू व्यवस्थित र सुरक्षित तरिकाले राख्नको लागि एक राष्ट्रिय अभिलेखालय रहनेछ ।

३.२ यो ऐन प्रारम्भ हुनुभन्दा अघि स्थापना भएको राष्ट्रिय अभिलेखालय यसै ऐन बमोजिम स्थापना भएको मानिनेछ ।

४ सल्लाहकार समितिको गठन :

४.१ अभिलेखहरू व्यवस्थित एवं सुरक्षित तरिकाले राख्ने सम्बन्धमा श्री ५ को सरकारले राष्ट्रिय अभिलेखालयलाई आवश्यक सर-सल्लाह दिन एक सल्लाहकार समिति गठन गर्न सक्नेछ ।

४.२ समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ ।

५.राष्ट्रिय अभिलेखालयको काम, कर्तव्य र अधिकार :

५.१ राष्ट्रिय अभिलेखालयको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

५.१.१ दफा ६ र ७ बमोजिम प्राप्त भएका कागजात दर्ता गर्ने ,

५.१.२. अभिलेखहरू व्यवस्थित एवं सुरक्षित तरिकाले राख्ने,

५.१.३ अभिलेखहरू तोकिएबमोजिम वर्गीकरण गरी सोको सूची तयार गर्ने ,

५.१.४ आवश्यकतानुसार अभिलेख छपाउने वा प्रतिलिपि निकाल्ने,

५.१.५ कुनै व्यक्तिलाई अभिलेख हेर्न वा सार्न दिने वा प्रतिलिपि दिने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने ।

५.१.६ सुरक्षित तरिकाले कागजात राख्ने सम्बन्धमा कार्यालयलाई आवश्यक परामर्श दिने,

५.१.७ राष्ट्रिय अभिलेखलयको अन्य काम, कर्तव्य र अधिकार तोकिए-बमोजिम हुनेछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६. कार्यालयले राष्ट्रिय अभिलेखालयमा कागजात पठाउने सम्बन्धमा :

६.१ कार्यालयले देहायका कागजात सुरक्षित रूपमा संरक्षण गरी राख्नको लागि राष्ट्रिय अभिलेखालयमा पठाउनु पर्नेछ :-

६.१.१ पच्चीस वर्ष वा सो भन्दा पुराना उपदफा २.१.१.१ र २.१.१.२ मा उल्लिखित राष्ट्रिय दृष्टिकोणले महत्त्वपूर्ण कागजात ,

६.१.२ ताडपत्र, भोजपत्र, स्वर्णपत्र, ताम्रपत्र वा शिलापत्रको प्रतिलिपि वा तस्वीर,

६.१.३. प्रत्येक पहिलो टाँचा लागेको हुलाक, टिकट वा मनीअर्डर फर्म, हवाई पत्र र पोष्ट कार्डको नयाँ प्रकाशन ।

६.२ कार्यालयले राष्ट्रिय दृष्टिकोणबाट अभिलेखको रूपमा संरक्षण गरिनुपर्ने ठानेमा देहायका कागजात अवधि तोकी वा नतोकी सुरक्षित रूपमा संरक्षण गरी राख्नको लागि राष्ट्रिय अभिलेखालयमा पठाउन सक्नेछ :-

६.२.१ प्रतिवेदन, आर्थिक विवरण, सन्धि सम्झौता वा कुनै प्रकाशन,

६.२.२ हस्तलिखित ग्रन्थ, किताब, पत्र-पत्रिका, चिठ्ठीपत्र, लिखत, चित्र वा तस्वीर,

६.२.३ नक्शा, योजना, चार्ट, फाइल, मिसिल वा रजिष्टर, फिल्म,

६.२.४ फिल्म, माइक्रो फिल्म(ध्वनी रेकर्डर), चलचित्र वा कम्प्युटर डिस्क वा कम्प्युटर क्यासेटका मूलप्रति वा प्रतिलिपि,

६.२.५ उपदफा ६.२.१, ६.२.२, ६.२.३ वा ६.२.४ मा उल्लेख भए बाहेकका अन्य कागजात

६.३ कार्यालयले सरकारी कागजात धुल्याउने सम्बन्धी प्रचलित कानून बमोजिम सरकारी कागज धुल्याउँदा तोकिएबमोजिमका कागजात राष्ट्रिय अभिलेखालयमा पठाउनु पर्नेछ ।

६.४ कार्यालयले राष्ट्रिय अभिलेखालयमा कागजात पठाउँदा सोको वर्गीकरण अनुसारको सूचीसमेत पठाउनु पर्नेछ ।

६.५ कार्यालयले उपदफा ६.१ वा ६.२ बमोजिमका कागजात राष्ट्रिय अभिलेखालयमा पठाउँदा कुनै खास अवधिसम्म त्यस्ता कागजात तोकिएको व्यक्ति बाहेक अरु कसैलाई हेर्न, सार्न वा त्यसको प्रतिलिपि दिन नहुने भएमा सो कुरा र त्यस्तो अवधि समेत उल्लेख गरी राष्ट्रिय अभिलेखालयमा राख्न पठाउनु पर्नेछ ।

६.६ उपदफा ६.१ बमोजिम कार्यालयले राष्ट्रिय अभिलेखालयमा पठाएका कागजात सो कार्यालयले फिर्ता लिन सक्ने छैन ।

तर उपदफा ६.२ बमोजिम राष्ट्रिय अभिलेखालयमा पठाएका कागजात मध्ये अवधि तोकी पठाएका कागजात त्यस्तो अवधि समाप्त भएपछि सम्बन्धित कार्यालयले चाहेमा तोकिएबमोजिम फिर्ता लिन सक्नेछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६.७ उपदफा ६.१ बमोजिम राष्ट्रिय अभिलेखालयमा पठाइएका कागजात जुन कार्यालयले पठाएको हो सोही कार्यालयलाई आवश्यक पर्न गएमा त्यस्तो कागजात पुन: राष्ट्रिय अभिलेखालयमा फिर्ता गर्ने गरी तोकिएको अवधिसम्मको लागि राष्ट्रिय अभिलेखालयले सम्बन्धित कार्यालयलाई तोकिए बमोजिम उपलब्ध गराउन सक्नेछ ।

७. राष्ट्रिय अभिलेखालयमा कागजात पठाउन सकिने :

७.१ कुनै व्यक्तिले आफूसँग रहेको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, साहित्यिक, आर्थिक वा अन्य दृष्टिकोणले राष्ट्रिय महत्त्वको कुनै कागजात राष्ट्रिय सम्पत्तिको रूपमा सुरक्षित तरिकाले संरक्षण गर्नको लागि राष्ट्रिय अभिलेखालयमा पठाउन सक्नेछ ।

७.२ उपदफा ७.१ बमोजिम राष्ट्रिय अभिलेखालयमा पठाएका कागजात त्यस्तो कागजात पठाउने व्यक्तिले राष्ट्रिय अभिलेखालयबाट फिर्ता लिन पाउने छैन ।

८. कागजात व्यवस्थित तथा सुरक्षित तरिकाले राख्नु पर्ने :

८.१ कार्यालयले आफ्नो कार्यालयमा भएका कागजात व्यवस्थित तरिकाले सुरक्षित रूपमा राख्नु पर्नेछ ।

८.२ उपदफा ८.१ बमोजिम कागजात, व्यवस्थित तरिकाले सुरक्षित रूपमा राख्ने सम्बन्धमा सम्बन्धित कार्यालयले राष्ट्रिय अभिलेखालयसँग आवश्यक परामर्श लिन सक्नेछ ।

९. निषेधित अभिलेख :

९.१ देहायका अभिलेखहरू निषेधित अभिलेख मानिनेछन् :-

९.१.१. सम्बन्धित कार्यालयले अवधि तोकी वा नतोकी तोकिएको व्यक्ति बाहेक अरुले हेर्न, सार्न वा सोको प्रतिलिपि लिन नहुने गरी सुरक्षित तरिकाले राख्नको लागि राष्ट्रिय अभिलेखालयमा पठाएका कागजात,

९.१.२ राष्ट्रिय अभिलेखालयले अवधि तोकी वा नतोकी तोकिएको व्यक्ति बाहेक अरुले हेर्न, सार्न वा सोको प्रतिलिपि लिन नहुने गरी राष्ट्रिय दृष्टिकोणले निषेधित भनी तोकिदिएका अभिलेखहरू ।

१०. अभिलेख हेर्न वा सोको प्रतिलिपि दिन सकिने :

१०.१ कसैले निषेधित अभिलेख बाहेक अन्य अभिलेख हेर्न चाहेमा राष्ट्रिय अभिलेखालयले तोकिएबमोजिम त्यस्तो अभिलेख हेर्न दिन सक्नेछ ।

१०.२ कसैले निषेधित अभिलेख बाहेक अन्य अभिलेख सार्न वा सोको प्रतिलिपि लिन चाहेमा राष्ट्रिय अभिलेखालयले तोकिएबमोजिम दस्तूर लिई तोकिएबमोजिम त्यस्तो अभिलेख सार्न वा सोको प्रतिलिपि दिन सक्नेछ ।

१०.३ उपदफा १०.२ मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको अवस्थामा त्यस्तो अभिलेख विना दस्तूर सार्न वा सोको प्रतिलिपि दिन सकिनेछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

११. अभिलेखमा केरमेट वा थपघट गर्न नहुने :

११. १ अभिलेखहरू सुरक्षित राख्नु पर्ने दायित्व भएका राष्ट्रिय अभिलेखालयका कर्मचारीले त्यस्ता अभिलेखहरूमा केरमेट गर्न, थपघट गर्न वा उक्त अभिलेख च्यात्न वा कुनै किसिमले नष्ट गर्न हुँदैन ।

११.२ अभिलेख हेर्ने सार्ने वा प्रतिलिपि लिने व्यक्ति वा अन्य कसैले त्यस्तो अभिलेखमा केरमेट गर्न, थपघट गर्न वा उक्त अभिलेख च्यात्न वा कुनै किसिमले नष्ट गर्न हुँदैन ।

१२. दण्ड सजाय :

१२.१ अभिलेख सुरक्षित राख्नु पर्ने दायित्व भएका राष्ट्रिय अभिलेखालयका कर्मचारीले दफा ९ बमोजिमको निषेधित अभिलेख तोकिएको व्यक्ति बाहेक अरुलाई हेर्न, सार्न वा सोको प्रतिलिपि दिएमा त्यस्तो कर्मचारीलाई पाँच हजार रूपैयाँसम्म जरीवाना वा तीन वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

१२.२ अभिलेख सुरक्षित राख्नु पर्ने दायित्व भएका राष्ट्रिय अभिलेखालयका कर्मचारीले उपदफा ११.१ को उल्लङ्घन गरी अभिलेखमा केरमेट वा थपघट गरेमा, च्यातेमा वा नष्ट गरेमा त्यस्तो कर्मचारीलाई पाँच हजार रूपैयाँसम्म जरीवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

१२.३ अभिलेख सुरक्षित राख्नु पर्ने दायित्व भएका राष्ट्रिय अभिलेखालयका कर्मचारी बाहेक अरु कसैले उपदफा ११.२ को उल्लङ्घन गरी अभिलेखमा केरमेट वा थपघट गरेमा, च्यातेमा वा नष्ट गरेमा निजलाई तीन हजार रूपैयाँसम्म जरीवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

१२.४ उपदफा १२.१, १२.२ र १२.३ मा लेखिएदेखि बाहेक यो ऐन वा यस ऐन अर्न्तगत बनेको नियम विपरीत हुने गरी कसैले कुनै काम गरेमा निजलाई पाँचहजार रूपैयाँसम्म जरीवाना हुनेछ ।

१३. अन्य प्रचलित कानूनबमोजिम कारबाही हुन सक्ने :

कसैले यस ऐन अन्तर्गत कसूर ठहरिने काम गरेकोमा त्यस्तो काम अन्य प्रचलित कानून बमोजिम पनि कसूर ठहरिने रहेछ भने त्यस्तो कसूरको सम्बन्धमा निजलाई अन्य प्रचलित कानून बमोजिम कारवाही गर्न यस ऐनमा लेखिएको कुनै कुराले बाधा पुर्‍याएको मानिने छैन ।

१४. सरकार वादी हुने :

यो ऐन अर्न्तगतको मुद्दा श्री ५ को सरकार वादी हुनेछ ।

१५. नियम बनाउने अधिकार :

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।

(मिति २०४६ । ७ । ११ को नेपाल राजपत्र भाग २ खण्ड ३९ अतिरिक्ताङ्क ३७ बाट उद्धृत)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

Archives Preservation Act, 2046 (1989) An Act to make Provisions Relating to the Preservation of Archives

Preamble: Whereas it is expedient to make provisions relating to the preservation of the documents of national importance in the form of archives in a syste-matic way.

Now, therefore, His Majesty King Birendra Bir Bikram Shah Dev has made this Act on the advice and with the consent of the National Panchayat.

1. Short Title and Commencement:

1.1 This Act shall be called "Archives Preservation Act, 2046" (1989).

1.2 It shall come into force at once.

2. Definations:

2.1 Uuless the subject or context otherwise requires, in this Act,-

2.1.1 "Documents" include the following matters:-

2.1.1.1 Hand-written manuscript, book, report, financial state-ment, treaty and agreement, newspaper and magazine, letter, deed, drawing, photo, map, plan, chart, file, case file, register or any publication.

2.1.1.2 Original or duplicate of film, micro film, tape (sound recorder), movie, computer disk or computer cassette.

2.1.1.3 Original or photo of tadpatra (document written on the leaf of bark of palmyra tree), bhojpatra (document written on the bark of birch tree), golden inscription, copper inscription or petrography.

2.1.1.4 The postage stamp with first cancellation mark and new publication of money-order form, aerogramme and post card.

2.1.2 "Archives" means the Documents preserved in National Archives in the form of archives and the Documents registered pursuant to sub-section 5.1.1.

2.1.3 "National Archives" means National Archives established pursuant to Section 3.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

2.1.4 "Office" means the Ministry and Department of His Majesty's Government and it includes the office of the constitutional bodies and temporary or periodic commission constituted by His Majesty or His Majesty's Government from time to time.

2.1.5 "Committee" means the advisory committee constituted pursuant to Section 4.

2.1.6 "Prescribed" or "As prescribed" means prescribed or as prescribed in the Rules made under this Act.

3. Establishment of National Archives:

3.1 There shall be a National Archives for the preservation of Archives in systematic way.

3.2 The National Archives established prior to the commencement of this Act, shall deemed to have been established under this Act.

4. Constitution of Advisory Committee:

4.1 His Majesty's Government may constitute an advisory committee to provide necessary advice to the National Archives for the preservation of Archives in a systematic way.

4.2 The functions, duties and rights and other procedures of the meeting of the committee shall be as prescribed.

5. Functions, Duties and Rights of the National Archives:

5.1 Functions, duties and rights of the National Archives shall be as follows:-

5.1.1 To register the Documents received pursuant to Section 6 and 7,

5.1.2 To keep the Archives in a safe and systematic way,

5.1.3 To classify the Archives as prescribed and prepare the list thereof,

5.1.4 To duplicate or re-print the Archives as required,

5.1.5 To make necessary arrangement relating to reading or copying or providing duplicate of the Archives to any person,

5.1.6 To provide necessary advice to the Office relating to the preservation of the Documents,

5.1.7 The other functions, duties and rights of the National Archives shall be as prescribed,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

6. Transfer of Documents to the National Archives by the Office:

6.1 The Office shall transfer the following Documents to the National Archives for preservation:—

6.1.1 Twenty five or more than twenty five years old Documents of national importance as mentioned in sub-section 2.1.1.1 and 2.1.1.2

6.1.2 Postage stamp with first cancellation mark and new publication of money order form, aerogramme and post card.

6.2 The Office may transfer the following Documents to the National Archives for preservation with or without specifying the time period in case it deems necessary to preserve them in the form of Archives with a national view:—

6.2.1 Report, financial statement, treaty and agreement or any publication,

6.2.2 Hand-written manuscript, book, newspaper and magazine, letter, document, drawing or photo,

6.2.3 Map, plan, chart, file, case file or register, film,

6.2.4 Original or duplicate of film, microfilm, tape (sound recorder), movie or computer disk or computer cassette

6.2.5 Documents other than those mentioned in sub-section 6.2.1, 6.2.2, 6.2.3 or 6.2.4.

6.3 While disposing the official Documents in accordance with the prevailing law relating to the disposition of official Documents, the Office shall transfer tne prescribed Documents to the National Archives.

6.4 While transferring the Documents to the National Archives, the Office shall also transfer the classified list thereof.

6.5 While transferring the Documents to the National Archives pursuant to sub-section 6.1 or 6.2, in case reading, copying and taking the duplicate of such documents by the person other than the prescribed person is to be prohibited for certain perion of time, the Office shall transfer the Documents to the National Archives mentioning such condition and time period as well.

6.6 The Office can not take back the Documents transferred to the National Archives pursuant to sub-section 6.1.

Provided that, the concerned Office, if it desires, can take back as prescribed the Documents which has been transferred by mentioning time period among

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

the Documents transferred to the National Archives pursuant to sub-section 6.2 on the expiry of such time period.

6.7 In case the Documents which has been transferred to the National Archives by the Office pursuant to sub-section 6.1 are required by the same Office, the National Archives may provide such Documents to the concerned Office as prescribed for a prescribed period of time on the conditions that such Documents are to be returned to the National Archives.

7. Documents may be Transferred to the National Archives:

7.1 Any person, who has any Documents having national importance with a historical, religious, cultural, literary, financial or any other view, may transfer such Documents to the National Archives for preservation in the form of national property.

7.2 The person who has transferred the Documents to the National Archives pursuant to sub-section 7.1 is not entitled to take back the Documents from the National Archives.

8. Documents to be Preserved in a Systematic way:

8.1 The Office shall preserve the Documents of its office in a systematic way.

8.2 The concerned Office may take necessary advice with the National Archives for the preservation of the Documents in a systematic way pursuant to sub-section 8.1.

9. Prohibited Archives:

9.1 The following Archives shall be regarded as prohibited Archives:-

9.1.1 The Documents which has been transferred by the concerned Office to the National Archives for preservation with or without specifying the time period and prohibiting the reading, copying and taking the duplicate of such Documents by a person other than the prescribed person.

9.1.2 The Documents prescribed as prohibited by the National Archives with a national view with or without specifying the time period and prohibiting the reading, copying and taking the duplicate of such Documents by a person other than the prescribed person.

10. Permission may be Granted for Reading or Taking the Duplicate of the Archives:

10.1 If any person desires to read the Archives other than the prohibited Archives, the National Archives may provide Archives for reading as prescribed.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

10.2 If any person desires to copy or to take duplicate of the Archives other than the prohibited Archives, the National Archives may provide such Archives for copying or giving a duplicate of it as presscribed by charging the fees as prescribed.

10.3 Not with standing anything continued in sub-section 10.2, such Archives may be provided for copying or its duplicate may be given without charging the fees in the prescribed condition.

11. No Alteration to be Made:

11.1 The officials of the National Archives having responsibility to preserve the Archives shall not make any alteration in such Archives or tear out or destroy such Archives in any way.

11.2 The person who is permitted to read, copy or take the duplicate of the Archives or any other person shall not make any alteration in such Archives or tear out or destroy such Archives in any way.

12. Penalty:

12.1 In case the official of the National Archives having responsibility to preserve the Archives provides the prohibited Archives persuant to Section 9 to the person other than the prescribed person, he shall be punished with a fine upto five thousand rupees or imprisonment which my extend upto three years or both.

12.2 In case the official of the National Archives having responsibility to preserve the Archives makes any alteration in the Archives or tears out or destroys the Archives in contravention of sub-section 11.1, he shall be punished with a fine upto five thousand rupees or imprisonment which may extend upto two years or both.

12.3 In case any person other than the official of the National Archives having responsibility to preserve the Archives makes any alternation in the Archives or tears out or destroys the Arehives in contravention of sub-section 11.2, he shall be punished with a fine upto three thousand rupees or imprisonment which may be extend upto one year or both.

12.4 In case any person does anything other than those mentioned in sub-section 12.1, 12.2 and 12.3 in contravention to this Act or Rule made there-under, he shall be punished with a fine upto five thousand rupees.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

13. Proceedings may be Carried out in Accordance With the Other Prevailing Laws:

Any one who has done any activity which may be regarded as an offence under this Act and if such activity is to be regarded as an offence according to the other prevailing laws as well, nothing mentioned in this Act shall be regarded to obstruct for the proceedings upon him in accordance with the other prevailing laws relating to such offence.

14. His Majesty's Government to be Plaintiff:

His Majesty's Government shall be plaintiff in the cases under this Act.

15. Power to Frame Rules:

His Majesty's Government may frame necessary Rules to carry out the objectives of this Act.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

A Glance on the State of the Nepal National Archives

✍ B. D. Dangol

The National Archives established in 1967 has attained the age of 23 years. Normally 23 yrs is the age of full growth but it has not attained maturity, yet. Earlier it was established with the objective to reorganize the manuscripts of Bir or Durbar Library, a personal collections of the present ruling Shah dynasty and to accelerate the process of research and publication. But besides discharging this principal task, the National Archives was also doing the collection of documents from various governmental or non governmental sources befitting to its name.

Thus the National Archives was not only engaged in the work of keeping the manuscripts in a better and planned way but it has also engaged itself in developing the infrastructure to make the Archives more meaningful. In this task of infrastructure setting the visit of His Majesty King Birendra Bir Bikram Shah Dev at the National Archives in 2042 V.S. and the decision taken by the His Majesty's Government has proved a boon in the development of the National Archives. The decision of His Majesty's Government to make the National Archives befitting to its name, precipitated the process to enact an archival law for the law would provide an easy and unristricted flow of the non-current documents from the various ministries in the National Archives. The law was enacted in 2046 V.S. (1989 A.D.) For the smooth and effective working of the law the National Archives needs three things viz (a) provision of physical facility (b) the need of trained man-power (c) Laboratory Facility for the repair and conservation of old documents.

Perhaps one may ask what National Archives stands for ? Basically it does two functions. (a) The National Archives being the repository of government records, it provides the necessary reference service to the government. It is generally said 'no administration without records' but no good administration without good management of records. Good record management is a sign of good government. It is why the administrator while making any decision goes back to see the past precedent. Decisions made on the basis of past precedent gives him a sense of psychological satisfaction. It also makes the decision quick, swift and practical. It is why old records are trated as a tool of the administrator. It is helpful for him in the decision making both in current and development planning works. Timely decisions save a lot of national energy and resources.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(b) Research service

Archives is an important source of raw material for research works. It is also a source of national consciousness. The vitality and stability of a country largely depends upon a systematic reconstruction of national history and this can be possible only from indigenous sources. Since the records of the national importance, after its current period is over, come into the stack hall of the National Archives, it helps the researchers to get the documents of their interest at one place. This make their task more easy. It saves their time also.

(c) Preservation of non-traditional records

In addition of preserving these traditional records the growth of new electronic devices like film, microfilm, tape, sound records, movie, computer disk etc. has also added additional responsibility. Collection of 'Sound Archives' has come within the preview of the archives. To get inspiration from the ideals of our fore-fathers is a very important and forceful media. Collection of sound of the great heroes and its use in the national reconstruction has become a very forceful media. In Europe sound archives is in developed form. But in Nepal it is not in priority list, yet. For example, if we ask for the voice of king Tribhuvan, the founder of democracy, it can be found hardly. It is why the opening of 'Sound Section' within the National Archives has become the need of the hour. Besides performing these basic duties the following wings also should be expanded gradually considering the resources and the availability of funds.

a) Collection of photographs of national heroes

b) Preservation of oral traditions

c) Establishment of king's Archives

d) Archives relating to the Local Self Institutions

e) Provision of Zonal Archives in the 5 development zones.

(a) Collection of Photographs of national heroes

We get inspirations from the works of our past heroes and their experiences serve a source of inspiration in the work of national reconstruction. To commomorate their achievements their photographs should be preserved. In foreign or native countries alike, we see the statues of dignified national personalities erected in the main squares of the city. By doing so we pay homage and get inspiration from them. Our history is also full of glories of such heroes but we have not given due attention to preserve their photographs. The case of Bahadur Shah or Vazeer Singh Thapa is a clear example of it. Similarly there are many others whose contributions to the nation are highly laudable. It is why the

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

National Archives should aim at to open a Photograph Section. Collection of maps of various periods is also equally desirable.

(b) Preservation of Oral Traditions

Oral tradition is also one of the important source of history. One can see the social, cultural and historical value of the country in the oral traditions. But oral traditions are gradually loosing its value and importance because of modernity. Its preservation is essential to preserve the glory of the country. For this the Archives has to develop an extensive programme.

(c) Establishment of king's Archives

It is an usual practice to establish a seperate archives dealing with the period of a Head of State or Government, known as President's archives or Primeminister's archives. In Sri Lanka we see the provision of President's Archives where as in Malaysia Prime-minister's Archives. It is also a customary practice to keep all the important papers of an American President in a separate library known as President's library. Nepal also can set her archival policy in the same line. All important records belonging to the king should be preserved in the form of King's Archives.

(d) Archives relating to the Local Self Institutions

Local self government is the first school to get practical knowledge on the art of government. It is the first step towards national self government. The success of democracy depends upon the smooth working Gram Vikas, Nagar Vikas and Zilla Vikas. It is why records relating to the origin and growth of village city and district developments should be preserved at one place. This would facilitate the research scholars to work and make necessary recommendations on its sound working.

(e) Provision for the establishment of Zone Archives

The kingdom is divided into five development zones. Each zone has its own geographical character and consequently the problems relating to its development vari from zone to zone. It is why, with the establishment of an well-equipped archival management system at the centre, a plan to establish zonal archives in each development zone would not be unrealistic approach.

Status of Nepal Archives

The above enumerated works fall under the scope of Archives. The question comes whether the present Archives can discharge the above works efficiently? At present Nepal Archives is functioning as an office under the Department of Archaeology. In the administrative hierarchy the office falls at the lowest level. It has no hand in the formulation of policy. It simply works under certain administrative guidelines.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

Archives has emerged as an effective tool of the administration. It is gaining momentum day by day and provision is also made to make its study under seperate curriculum. Archives is treated as the store-house of knowledge of our predecessors. What is past is prorouge. Its preservation is essential not only for knowledge sake but on national priority and for our posterity. The wisdom of our predecessors must be Preserved by way of systematic indexing, classifying, conserving and making safety microfilm copies. These tasks cannot be accomplished by an office working under a. Department. For the Archives has no direct linkage with the ministry. The office is not invited in the regular meeting of the ministry thus it can not place its needs effectively before the ministerial meettng.

The Archives Act 2046 V.S. (1989 A.D.) has provided to transfer the non-current documents from various ministries to the archives for safe deposition. Firstly the archives building is not designed in the like manner and secondly more than 50% rooms of the archives building is occupied by the Department of Archaeology since last 17 years. Again Archives laboratory is ready but it suffers from lack of trained man-power. Archives does not receive due weightage in the development budget. It is why the need of the hour is to strength the national archives by raising its status from an office level to departmental level.

The affiliation of archives in various countries is in accordance with weightage attached to the archives. Some attach archives either direct to the prime-minister's office or home-ministry or education or culture. A few countries have also given archival institution as a constitutional organ. SAARC countries like India, Pakistan, Sri Lanka, Bangladesh have placed their archives under departmental status. Each has constructed a special building so as to meet archival needs of preservation.

2046 V.S. is a very lucky year in the history of the National Archives of Nepal for a national policy is formulated by enacting a law known as 'Preservation of Archival Material Act 2046 (1989).' The successful implementation of this Act is effectively possible only by raising the status of Archives from an office to departmental level. The more we delay the more loss of our patrimony in the same ratio is inevitable. It is quite evident.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कौसी तोषाखानाबाट प्राप्त लालमोहर

अभिलेखको प्रत्येक अंकमा ७ देखि २० थान प्रकाशन गर्ने भएको हुँदा यस अंकमा पनि कौसी तोषाखानाबाट प्राप्त २० थान लालमोहर प्रकाशित गरिएको छ ।

विषय : शहर काठमाडौं देउ पाटनको खेत पाको समेत घडेरी विर्ता गरिवक्सेको मोहर तामापत्र गरिबक्सेको ।

मिति : १८८४।१३।१५।२ मा

खाम सं.७१

श्री दुर्गासहाय

श्री ५ बाज्याज्यू

श्री ५ वुवाज्यू

स्वस्ति श्री गिरिराज चक्र चुडामणि नर नारायणेत्यादि विविध विरूदावली विराजमान मनोन्नत् श्रीमन्महाराजाधि

राज श्री श्री श्री महाराज राजेन्द्र विक्रम बहादुर सम्सेर जङ् देवानां सदा समर विजयिनाम् - - -

आगे ठाकुरदास वैरागीके सम्वत् १८६४ साल मिति वैसाष सुदि ७ रोज का दिन - - १ - - का वार्षान्त श्राद्धमा

संकल्प भयाका षेत मध्ये षेत मुरी ।५० औ सम्वत् १८७४ साल मिति मार्ग सुदि १ रोज ३ का दिन - - - २ - - का वा

र्षिक श्राद्धमा हाम्रा वाहुलीबाट संकल्प भयाका षेत मध्ये षेत मुरि ।२० ई दुवै संकल्पको ज्मा षेत मुरि । ७० त

स्को सह्व वमोजीमका घऱ्याडि समेत विर्ता गरि वक्स्याको मोहर ताम्वापत्र गरि वक्स्यौं सहर काठमाडौंको अ

म्वल देउपाटन मध्ये पासाको पाषो मुरि । ५० घऱ्याडि मुरि । १० ज्मा मुरि । ६० तस्को साध पुर्व आली साध लुह

कील दछिण ठुला काल्हाको साध लुहुकील पशिचम ठाडो सांध लुहकील उत्तर रैकर काल्हो साध लु

हुकील औ वोडेका अम्बल मध्ये भुलचो पाषो षेत मुरि । ४ अैजन् मध्ये घऱ्याडि मुरि । ४ ज्मा मुरि । ८ तको सांध पु

र्व दछिण रैकर आलीको साध लुहकील पशिचम मुल वाटाको साध लुहुकील उत्तर रैकर आलीकाले सांध लुह

कील एती सबै सिमाना भित्र घऱ्याडि समेत ज्मा षेत मुरि चौरासि । ८४ विर्ता जानी संतान दर संतान पर्यं त परम

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुष भोग्य गर यो विर्ता संकल्प हुदा संकल्प वाक्य पढ्न्या पुरोहित यदुनाथ पंडित अर्ज्याल पानी हालन्या

श्री जनरल भीमसेन थापा काजी वषतावर सिंह थापा साध लाउन्या सधियार कासिराम पांडे श्री निधी पं.

थ भवानी संकर अर्ज्याल भानु षनाल हरिवंस वोहरा रणसिं राना भास्कर पाध्या देउपाटंका अमाली द्वाऱ्या व्रह्मा

जैसी डगोल धनवन्त नाइक्या जगत् थरि. नारान पाध्या रिजाल चिकढि प्रधान मोहि नाईक्या भलसिं भाजुमनि जव्वर

लामा, अवतारसिं लामा. भवानी संषर षनाल ब्राह्मण टोलका डगोल षटनल अमित सि वोडेको थरि श्री का

न्त षनाल लक्ष्मिधर ढुंग्याल वैजनाथ ढुंग्याल द्वारिका दास फुयाल ढलपा पुनदत्त वषनन्द धनवीर वि

र्तवारले किल्ला भन्दा अर्घ्यालो नचापनु विना तक्सीर जवद नगर्नु जो येस वंदेजमा रहैन सो येस श्लोकमा भ

न्याको पातकी होला स्वदत्तां पर दत्ताम्वा यो हरे द्वै वसुंधराम् षष्टि वर्ष सहस्राणि विष्टायां जायते कृमिः इति स

म्वत् १८८४ साल मिति चैत्र शुदि १५ रोज २ सुभम् - - -

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय - प्यूठानका पूर्व माडी खोलो घोरा खेलाको दोभान तपसील बमोजिम कुश विर्ता वितलप गरी अंक मारी मेटी बक्सेको सहिधर्म थामी मोहर तामापत्र गरिवक्सेको ।

खाम सं.७२

मिति :- १८५८ । १० । १।३

श्री दुर्गासहाय :

श्री वुवाज्यु

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत श्रीमन्महाराजधिराज श्री श्री श्री महाराजे गीर्वाण

युद्ध विक्रम शाह बहादुर सम्से ज्र्जङ्ग देवानां सदा समज विजयिनाम् - - -

आगे शिव प्रिया फुपुज्युलाई - - वाट पिउठानका अंवलमा पूर्व माडी षोलो घोरा षोलाको दोभान् . दक्षिण घोरा षोला छाप षोला कुला माथी

कोढीक झाल्या ढुंगो एकल्पा सीमल हाक्र्या पहराको फेदी घोरा षोला सुपाल नेटाको लुहुकील मसिनाको साँध पहरो वाध्या ढुंगो टुनिवोट पाषा पानीको षोल्सी

धारा पानीको षोलाको दोभान. पश्चिम सत्यानासितको साँध धावा थुम्की सादि

वनको पानि ढलो वडा चौरको लुहुकील भोर्ति डाँडाको पानी ढलो. उत्तर भोर्त्या फेदीको लुहुँकीका छाप् षोला माडी षोलाको दोभान्. एति कीला भित्र.विर्ताफकि

राना गुठ वाहिक तपसील वमोजीम्. थर घर संधियारले. साँध घुमी चा

र किला लुहुकील गरि छुट्याइ दियाका षेत पाँच् ५ औ चल्दो मिल्दो हुँदा हामिले थपि वक्स्याका षेत दुइ २ मुरी चालीस ४० जंमा षेत ७।४० औ सय १००

रूपया उत्पन्न भयाका षुवा विर्तियार गैरहले अघिदेषि मानि आयाको अमालीको रकम समेत कुश विर्ता वितलव गरि सर्वां क मारि मेटी वक्स्याको.

सहि धर्म थामी मोहर ताँवापत्र गरिवक्स्यौं षातिर्जमा सित. तपसील वमोजिमका षेत षुवा आफ्नु विर्ता वितलव जानी सुष भोग्य गर ॥ ॥

स्वदत्तां परदत्तां वा यो हरेत वसुन्धराम् ॥ षष्टि वर्ष सहस्राणि विष्टायां जायते क्रिमिः ॥ १ ॥ इति ज्ञात्वा सर्वे रवनीयम् ॥

तपसील

फलावाङ् मुरी - ८२ डुव्रिंग्या मुरी -६९ टुनाहा मुरी-२२ अर्चल्या मुरी - ८

रामसिं मुरी - १९ कल्सरी मुरी - ३४ दफे सिम्ल्या मुरी - ८ कोदाल्या मुरी-२०

एतलो मुरी - १२ वांसवोट मुरी - ४१ टुविजा मुरी - ९ लामीषोरिय मुरी - ५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वान्द्या मुरी - १८ सिम्ल्या मुरी - ५ दफे टुविजा मुरी १७ - पुठा थान मुरी - १६

पिपल फेद मुरी - २० सेकादी मुरी - ८ दफे वासवोट मुरी - २२ तालषेत मुरी - १००

षार षेत मुरी - ८ अमिल्या मुरी - ४९ वडहऱ्या मुरी - ८ भाक्रिवां मुरी -१२०

दफे अमिल्या - २०

यो विर्ताको मोहर तावापत्र हुँदाका साक्षी. श्री चौतारा वम्साह श्री चौतारा सेर वहादुर साहु. काजी दामोदर पाडे काजी वष्तावरसिं काजी त्रिभुवन.

काजी नरसिं. सर्दार जै रूप साही सर्दार पुरन्साही सर्दार भैरवसिं सर्दार अंवरसिं थापा सर्दार जसिवन्त भंडारी. षजांची जगन्. कपर्दार भोटु पांडे ॥ ॥

संधियार.हरि वंश वोहरा. ॥ डंगोल ३ काल्पा. जगत. महंतसिं ॥

इति संवत् १८५८ शाल. माघ वदि १ रोज ३ शुभम् - - -

मार्फत सेर वहादुर शाह मार्फत वम्साह

मार्फत भोटु पाँडे

रुजु वषतवार सिंह

रुजु नसिंह

रुजु जगन्

रुजु दामोदर पाँडे

विषय : जिल्ला महोत्तरी तर्फ जम्मा २००। विगाहा जग्गा र विर्ता वितलप आज हामीले मोहर तामापत्र गरिबक्स्यौं भन्ने।

मिति : १८६७। १० ।६।४

खाम सं.७३

श्री दुर्गासहाय

श्री ज्यू ज्यू वाज्या

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत श्रीमन्महाराजधिराज श्री श्री श्री महाराजे गीर्वाण युद्ध विक्रम शाह बहादुर सम्से जङ् देवानाम्सदा समरविजयिनाम् - - -

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आगे षेदन राये दसौधिके. जिल्लै महुतरि प्रगन्ना महुत्तरि तर्फ भाठ मध्ये. गोहि डिहि मध्ये. मौजे सिरसियास सीमू मौजे एक १ सावीक १ साविक १ दस्तुर अघि सम्वत् १८१९ साल फागुण वदि ५ का दिन. मकवानि रा

जा दिग्वन्दन सेनले. तिम्रा वाज्या लक्ष्मि राये दसौधिलाइ माफी विर्ता गरि दियाको. हाम्रा अम्वल भयापछि. सम्वत् १८२७ साल ज्येष्ठ सुदि १ का दिन - - वाट थामि वहाल गरि वक्सनु भयाको. ६३ सालमा

आमीलहरूले र दर्वारवाट गयाका जनहरूले दुष दिंदा, दर्वार डाकि. तिम्रा पत्र पात्र हेरि जाँचदा वुझदा. पक्का विर्त्ता ठहरिया र हामिले पनि थामि बहाल गरि वक्स्याको वमोजीम् मेडवन्दी. तस्की चौत

र्फि साँध. गामका पूर्व. षैरवा अतराढका पछिम. दक्षिण कोना आली सरासर पूर्व मुहका राह.राह सौ उतर एक लगा १ पर परासका रुष. तिस्सौ पूर्व पैनी. तिस्सौ पश्चिम मुहलगा चार ४ पर भीड. तिस्सौ पछि

म लगा वाह्र १२ पर षंधक ताहि सौ दक्षिण. लगा दश १० पर भीड. ताहि सौ पश्चिम लगा ४ पर षंधक. ताहि सौ दक्षिण धुर. धुर सौ पूर्व लगा चार ४ ताहि सौ दक्षिण धुर भीड तक भीड सौ दक्षिण लगा पन्ध्र १५ पर प

रासका रुष. पूर्वारि सिमाना १ दक्षिणका सिमाना. पूर्वारि दक्षिण वारिको नाप र परास्का रुष. सौ पश्चिम लगा वीस् २० ताहि सौ दक्षिण लगा चार ४ पर उसर ताहि सौ पश्चिम सरासर सहोडाका रुष तिस्सौ पश्चिम

लगा पन्ध्र १५ पर षंधक ताहि सौ पश्चिम. आली. ताहि सौ उतर लगा पाँच ५ ताहि सौ पश्चिम लगा तेह्र १३ पर भीड. ताहि सौ दक्षिण लगा दुई २ पर वाँध. का मुहडा ताहि सौ पश्चिम लगा पाँच ५ अकुल माझिका

षेत. धिरापूर ताहि सौ उतर लगा चार ४ गुजरुष तवैका षेतका दक्षिण वरि आली.ताहि सौ पूर्व लगा चार ४ पर भीड. ताहि सौ उतर लगा बाह्र १२ गुजरु मंडरक उत्तर वारि आली. पश्चिम मुह लगा तीन् ३ ताहि

सौ दषिन लगा ४ पर आली. ताहि सौ पश्चिम लगा तीन् पर दिवराका भीड. ताहि सौ पश्चिम आली.ताहि सौ सरासर पैनी. पश्चिम मुह. ताहि सौ उत्तर मुह ताहि सौ पश्चिम मुह धुर. धुरका पछवारि. मुहडा पर भीड ता

हि सौ पश्चिम लगा तीन् ताहि सौ दषिन लागा दश वोधि साफिका उतर वारि आलि. आलि सौ पश्चिम लगा विस् २० तक् डोडि. ताहि सौ दक्षिण वारि काधिसौ उत्तर सिरसिया. ताहि सौ दषिन सरासर धिरापूरका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मनसा गोयका उतर वारि आली सौ सिरसिया. दक्षिण धिरापूर डोडि सौ पश्चिम मुह. चतरा भीड ताहि सौ पश्चिम लगा सत्र पर भीड सौ पश्चिम. सरासर धुर. धुरका पछवारि मुहडा पर भीड सहोडाका रुष ता

हि सौ पछिम सरासर भिभ कटाइको गाँछ. दक्षिणका सिमाना १ पछवारि सिमाना. भिभ उत्तर मुह. ताहि सौ पूर्व सिरसिया. पश्चिम धिरापूर सरासर उत्तर मुह भिभ मौजे लोचनाका सिमाना पर वाँध .

वाँधका दक्षिण लागा आठ ८ ताहि सौ पुर्व मुहराह तक. ताहि सौ उत्तर मुह धुर सरासर ताहि सौ उत्तर आली. आली सौ पश्चिम. धुर लगा छ ६ ताहि सौ उत्तर लगा उनाइस् १९ पर भीड कटारिका गाछ

ताहि सौ. उत्तर लगा बाह्र १२ ताहि सौ पश्चिम लगा सात् का दषिन एक लगा १ पर भीड ताहि सौ उत्तर आली सरासर भीड ताहि सौ उत्तर लगा तीन् ३ मंगल मंडरका षेत लोचनामो ताहि सौ दक्षिण पश्चिम लोचना

पूर्व सिरसिया विर्ता. मंगल मंडरका षेतका पुर्वारि आली. आली सौ पूर्व लागा छ ६ ताहि सौ उत्तर आली लगा बाह्र १२ पर दिवराका भीड ताहि सौ उत्तर लगा एघाह्र ११ पर भीड. ताहि सौ उत्तर अतराढ पछि

म लोचना विचमो भीड. ताहि सौ दक्षिण सिरसिया. पश्चिमका सिमाना १ उत्तरका सिमाना. भीड सौ पूर्वे पछिमे. सरासर भीड ३ ताहि सौ उत्तर लगा एक १ ताहि सौ पूर्व लगा आठ् ८ ताहि सौ दषिन लगा

पाँच ५ ताहि सौ सरासर पूर्व भीड. ताहि सौ पूर्व मनसा हजराका दषिन वारि हता सौ. माइकापरि गाछि. गाछिका उत्तर वारि पुर्वारि कोर्ने पर आमका रुष. औ भीड तिस्सौ पूर्व रवि मंडरका गाछिका उ

त्तर वारि हता सरासर. पूर्व डोडि तक अतराढ. भतन् हजराका षेत. तिस डोडि सौ पश्चिम सिरसिया. आमका गाछका उत्तर वारि गाछ. ताहि सौ दषिन लगा उंनाइस १९ ताहि सौ पूर्व डोडा मध्ये धुर धुर सौ दषि

न लगा एक १ सौ पूर्वे पछिमे. पैनी. आली डोडि ताहि सौ पूर्वारि डोडि तक. पैनीके पुर्व डोडा मध्ये. आली. आली सौ पूर्व डोडिका उत्तर वारि काधी उत्तर अतराढ. विर्ता पाकरिका रुष. तिस्सौ दषिन. डाडिमो वा

ध ताहि पूर्व लगा एघाह्र ११ ताहि सौ दषिन लगा तीन् ३ ताहि सौ पूराना पोषरिका उत्तर वारि भीडका उत्तर पोषरिका पूर्व धुर सरासर षैरवाका पछवारि सिमाना तक उत्तरका सिमाना धुर सौ उत्तर अत

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राढ दषिन सिरसिया विर्त्ता, उत्तरका सिमाना १ एति सिमानाका चार किला भीत्र नाप चकलावन्दि सात गिरहका तात सौ नौ हातका लगाले मुलुक वरवस्त सरह नाम ज्मा विगहा दुई सये. पाँच कट्टा २०० ।-

को रहता सायेर. जलकर वनकर वियाहदानी. वनस गौढा कठियारि. छौरहि पुरोहिति दंड कुंड मऱ्यो अपुतालि. फर फर्माईस्. चौधरी कानुगोएका दस्तुर आमिलान दस्तुर सिंगार हाट वेठ वेगार समेत् .

सिवाये. चुमावन गोडधोवाइ गादिममा रष. वहता सायेर यति कलम् वाहिक. अरु कलमको बेहोरा षोलि विर्त्ता वितलव. आज हामिले मोहोर तावापत्र गरिवक्स्यौं. आफ्ना षातिर्जामा संग मौजे मज

कर कोत र दूद तलास आवाद गुलजार गरी जो पैदावार भयाकाले पुस्त दरपुस्त पर्यन्त सुष भोग्य गर. हाम्रो जय मनाइ आसीर्वाद दिन्या गर.यो जग्गाका मेडवन्दी गर्न्या. डिठा उदैसिं वस्न्यात् गण

पति पाध्याका तर्फका मोनसिफ रुद्रसिं वस्न्यात्. मानीक दासका तर्फ. पेस्कार सिनेहि दास. हिरालाल लाभ. जिमीदार भैया रामदास् गुमास्ता चौधरिलालसिं पाडे. कानुनगोये मनिदास. मोहरिर लेषनारा

यण दत्त. कानुगोयेका जरीवहस्. भोला मंडर. व वुधसेन राउत्. नवसिंदा षगुदास्. जानीवकार जैवार लछमन् झा. जेठ रैएत्. मौजे मडै उगरि पट्टि भगवान मंडर. जेठ रैएत् मौजे षैरवा जागीर प्रग

न्ना मजकुर वेसि मंडर ज्येठ रैएत् मौजे धिरापूर प्रगन्ना मजकुर वाल किष्ण राये. वैकल.दुर्गा राये. मोकदम् मौजे लोचना. मनसुष मंडर. जेठ रैएत् मौजे अतराढ विर्त्ता प्रगन्ना मजकुर भंजन मंडर

स्वदत्ता परदत्ताम्वा यो हरेच्च वसुन्धराम्. षष्टि वर्ष सहश्राणि. विष्ठायां जायते क्रिमि ॥ इति सम्वत् १८६७ साल मिति माघ वदि ६ रोज ४ शुभम् - -

विषय : - खेत खुवा भर्ना लिई निमकको सोजो चिताई खाने ।

खाम सं ७४

मिति : - १९०८

श्री दुर्गाज्यू

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्री श्री श्री महाराजा सुरेन्द्र विक्रम साह वहादूर सम्सेर जङ्ग देवानां सदा समर विजयिनाम् - - -

आगे. श्री मद्राजकुमार . कुमारात्मज. रणजित कुवर राणाजीको नाति श्रीमद्राज कुमार कुमारात्मज. वाल नरसिं कुवर राणाजीको छोरा वतन्. गोर्षा श्री मद्राज .... कुमार . कुमारात्मज. भक्तविर. कुवर राणजीने १९०८ सालका ... वा ... टली मानको पगरि वक्स्यौं तस्को षानगी षेत षुवाको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उठती रूपैया ...... सवारि सिकारि. लडान्ति भिडान्ति. हाल हुकुम्मा. आठौ प्रहर रुजु रहि. हाम्रा... मकको. सोझो. चिताई. तपसिल बमोजीम. का षेत षुवा भर्ना ली जागिर जानी भोग्य गर ।

विषय : साल वसाल मोहर १० । बुझाई जग्गा चलन गर्नु ।

मिति - १८९७ । १२।७

खाम सं. ७५

श्री

स्वस्ति श्री मन्महाराजाधिराजकस्य रुक्का - - -

आगे. अैमान षत्रिके. तलवाका अम्बल मध्ये अघि देषि

तैले आज सम्म ठेक गरि षाई चर्चि आयाको लगापात स

मेत. तारुक्या गाउ १ को पुरानु ठेक मोहर रूपैया ८ थप

रूपैया २ ज्मा मोहर रूपैया १० साल वसाल सदर जाँच

दफरदरषानामा बुझार्उनु. अधिका बमोजिम. असार द - - - - -

अमाल मान्नु भनि हाम्रा वर्ष २६ का उमेर हुँदा जगा ठे - - - -

क गरिवक्यौं आफ्ना षातिर ज्मा संग दरियाका ठेक ता

रि अघि चर्चि आया बमोजिमको जगा चलन गर. ईति स

म्वत् १८९७ साल मिति वैसाष वदि २ रोज ७ शुम्म् - - - -

विषय : विर्ता वितलप गरी मोहर तामापत्र गरिबक्सेको ।

मिति : १८८९ । १२ । ३ ।२

खाम सं. ७६

स्वस्ति श्री गीरिराज चक्र चूडामणि नर नारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज राजेन्द्र विक्रम साह वहादूर सम्सेर जङ दे

वानां सदा समर विजयीनाम् - - - -

आगे कुलानन्द झा के सम्वत् १८८२ साल मिति आषाड वदि ११ रोज १ का दिन मिठुन संक्रान्तिमा हाम्रा बाहुलीबाट संकल्प भयाको जमिन विगहा ८ जील्ला मोहत्तरि प्र

गन्नाको राडि मौजे ठेरा विर्त्ताका निकास रैकर जमीन मध्ये आफुले - - - - वादि विगहा ४ तस्कौं चौतर्फि साध सिमाना कोइला किला. मुलुक वरवस्त नौ हात

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

का लागाले वमोजीम मेडवन्दि पुर्वका सिमाना. वगैचाका इशानको -- कोइला, तिस षाता किला कोइला सै. दक्षिण मुह ठेरा विर्त्ताका पछवारी सिमा

नाप र नत्रा इनार. इनारका पश्चिम वघैचाका षातां सरासर दक्षीण..... ना षातामो किला कोइलातक पुर्वका सिमाना १ ताहा सै पश्चिम मुहु सरासर षाता.

कुछ दुरपर ठेरा निकासका उत्तर वारि सिमाना षातामो किला कोइला. ताहासै पश्चिम सरासर नैरित्त्य कोना षातामो कोइला किला. तक. दक्षिणका सिमाना १ तिस

कोइला किला सौ उत्तर मुह सरासर षाता कुछ दुरपर ठेरा निकासका. पूवारि सिमाना पर पैनि पैनिका पुव षाता. षातामो कोइला किला. ताहासै उत्तर सरासर

वायेव्ये कोना षातामो कोइला. किला. तक पश्चिमका सिमाना १ तिस कोइला किला सौ पूरव मुह षाता सरासर ठेरा निकासका दक्षिण. वारि सिमाना षातामो कोइला

किला ताहा सौ पुरव सरासर इशान कोना षाताका कोइला किला. तक उत्तर ...... सिमाना १ पहिला नाप ठेरा विर्त्ताका पछवारि सिमाना नत्रा इनारका पश्चिम उत्तरे द

क्षिणे मूल रस्ताका पश्चिम वघैचाका षाता. तिस षातासै पश्चिम मुहरसि सरासर ठेरा निकास पूर्वारि सिमाना पैनि पैनिका पुव षातामो. कोइला तक पुवे पछि

मे अर्द रसि १ दोश्रा नाप ठेरा निकासका उत्तर वारि सिमाना वघेचा षातामो कोइला किला ताहासै उत्तर मुहरसि सरासर ठेरा निकासका दक्षिण वारि सिमा

ना पर वगैचाका षातामो कोइला किला तक उत्तरे दक्षिणे तुल रसि ४ के विगहा ४ औ. जील्लै मोरेङ मोतालुकै विजैपूर प्रगन्ना हरचन्द गढि मौजे रगेली मध्ये प

क्का घर वनायाको वरिपरि र श्री हर्ष जैसिले लगायाको वघैचा समेतका वादि विग्रहा ४ तस्को चौतर्फि सिमाना घडारि पक्की घरका वायेव्य कोना सौं लगा पा

च हात येक ५।१ पर किला कोइला १ सौं सामन्ने पुरव लगा दस पर किला कोइला १ तिस सौं सामन्ने दक्षिण लगा २० पर किला कोइला १ तिस सौं सामन्न्ये पछी

म लागा दस १० पर किला कोइला १ तिस सौं उत्तर सामन्ने पर लागा २० पक्का घरका वायेव कोनका किला कोइला तक अर्द लगा २० तुल लगा १० के कठा ॥. व

घैचाका इसान कोना गावका पछीमका डगरका पछिम किला कोइला १ तिससौं सामन्ये दक्षिण लगा २० पर किला कोइला १ तिससौं सामन्न्ये पछिम पैतिस लागा पर किला कोइला १ तिस सौ सामन्न्ये पछिम. पैतिस ला

गा पर किला कोइला १ तिस सौ सामन्न्ये पछिभ. पैतिस लगा पर किला कोइला १ तिससौं सामन्न्ये उत्तर लगा विस पर किला कोइला १ तिस सौ सामन्न्ये पुरव पैतिस लगा पर कोइला किला १ तिस सौ सामन्न्ये पुरव. पैतिस लगा पर वगैचाका इशान कोनाका किला कोइला १ के अर्द लगा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

७० तुल लगा २० के विगहा ३ ॥ ये ति सवै सिमाना भित्र ज्मा अवादि विगहा ८ को सम्वत् १८८२ साल वैशाख वदि १

देषि गादिममा रष वाहिक चुमाउन गोडधुवा गोदान माल महालात मै

आमिलान दस्तुर समेत सर्वाङ्क मारि मेटि विर्त्ता वितलप गरिवक्स्याको मोहोर तामापत्र गरिवक्स्यौं आफ्ना षातिर्जामा सँग कुश विर्त्ता जानि सन्तान दर सन्ता न परयन्त परम सुष भोग्य गर. यो विर्त्ता संकल्प हुदा संकल्प वाक्य पन्त्र्या पुरोहीत

जदुनाथ पंडित अर्याल. पानि हालन्या कमेन्ड कमेन्डेर कर्णेल रणवीरसिं

ह थापा. साध लाउन्या सधियार जील्लै महोत्तरिका सुवेदार वाज व - थापा फौजदार सिवराम पाध्या.पेस्कार राधेकृष्ण व चौधरि लालसिं पाडे चौधरि

नारायण दत्त पाडे कानुगाये नन्दलाल दास. प्रगन्ना मजकुर सुन फुलन्दास गुहरिलाल. मोहरिर कानुगोये. हर संहायेसिं प्रगन्ना महुत्तरि वा चौधरि भिषम

दास. प्रगन्ना षेसराहा जै दत्त राये. ज्येठ रै अति जैवार महन्त राम गुलेल दास. विर्त्तवार स्थान जनकपूर.व भगुत झा विर्त्तवार लाला भवानिदत् पिकढार दार

मौजे कुभ रौडाव वनौलिका पिर्थि झा हिरा राउत. जील्लै मोरङ् मो तालुकै विजैपुरका फौजदार श्री हर्ष जैसि सदर गोसवारा नवसिन्दा देवानन्द दास वहिया लाल दास पेस्कार धनाराम चौधरी ज्मादार मनिराज गुरुं हवल्दार सर्व जीत साही अमलदार र कालु षत्रि तहविल्दार विलोचन पाध्या.आव दै श्री वराहदल कम्प

निका व मुनसि कन्हैयालाल व काठमाहाल द्वारा वक्राका नवसिन्दा दुलह दास जीमिदार ह्याति चौधरि सुरतिसिं चौधरि. गोनु चौधरि कानुगोये वुधन चौ

धरि मोहरि रनाहर विसवा सजैवार अनुप चौधरि तोता मंडर मौजी मंडर रतन मंडर सोभा गोशई रमापति चौधरि झगडू मंडर. गुर दयालसिंग ठाकुरसिं

जैय नरसिं मेहर चन्द मंडर दलपति गोन्दर कोतवाल त्रिभुवन साहु - - - साहु प्रान चंद साहु महेस मंडर जरिवकस धासि मंडर वहादुर गोडाई. त

नवसिन्दा मेहर चन्द पटवारि बमोजीम तपसील चौ - - - - जगत राम चौधरि केवल चौधरि. मयाराम चौधरी नारायनदत्त दास.

ज्यामदार विरु आले हवलदार दलसिं घले अमलदार प्रति मन बुढा अवार्दे कम्पनिका देविसिं फौदि मंडर दिन ली साहु विर्त्तवारले किल्ला भन्दा अ

घ्र्यालो नचापनु विना तकसिर जवद नगर्नु जो येस वन्देजमा रहैन सो येस श्लोकमा भन्याको पातकि होला. स्वदत्तां पर दत्तांम्वा यो हरे द्वै वसुन्धरां

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

षष्ठी वर्ष सहस्राणि विष्ठायां जायते कृमिः इति सम्वत् १८८२ साल मिति चैत्र सुदि ३ रोज २ शुभम्
- - -

मार्फत भक्तविर थापा

विषय : चाँडै आउनोस भनी पत्र लेखेको ।

मिति : १८३९ । १०।८।१ खाम सं. ७७

श्री दुर्गासहाय :

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्यादि विवि

ध विरूदावलि विराजमान मानोन्नत श्री मन्महाराजाधि

राज श्री श्री श्री महाराजे रण बहादू र्साह वहादू र्सम्सेर्जङ

देवानाम् सदा समर विजयिनाम् लि. स्वस्ति श्री गिरिरा

ज चक्र चूडामणि नर नारायणेत्यादि विविध विरूदा

वलि विराजमान मानोन्नत श्रीमन्महाराज

धिराज कुमार श्री श्री श्रीमद्धबहादुर साह देवेषु सदा समर विजयि षु

सलाम पूर्वक पत्रमिदं इहा कुसल ताहा कुसल चाहियें

आगे इहाको समाचार भलो छ उप्रांत पश्चिमबाट - - -

र्वत् पलपा प्रभृति राजा राजाका उकिल पट - - -

लकत्ता गया भानि षवर सुनिंछ, विसेष षव - - -

सुन्नु भयो हो. मुष्य तपाइलाई आराम भया - - -

वा भन्नानि साथ लि तपाइले दरवार वल - - - -

त् पर् राम्रो आराम भयाको नभया ताहाको - - -

सम्म त दिवा भन्नानि भिम् षवासलाई चाडै पठाइ दि

नु हवस् वा भन्नानिको दिल वुझाइ सर सौगात ष - - - -

तुत् गरि अह्राइ पह्राइ पठाउँला चाडो गरि पठाइ दिनु

हवस्. विज्ञेषु मिति सम्वत् १८३९ साल माघ वदि ८

रोज १ मोकाम. कांतिपूर शुभम् - - -

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय : संभारकन वल्लभ वैद्य पठाइदिएको बारेको चिठ्ठी ।

मिति :- १८४० ।९।५।१

खाम सं. ७८

श्री दुर्गासहाय

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्यादि वि
विध विरूदावलि विराजमान मानोन्नत श्री मन्महाराजाधिराज
श्री श्री श्री महाराजे रणवहादूर साँह वहादूर्सम्से र्जङ दे
वानाम् सदा समर विजयीनाम्. स्वस्ति श्री गिरिराज चक्र
चूडामणि नर नारायणेत्यादि विविध विरूदावलि विरा
जमान मानोन्नत श्रीमन्महाराजाधिराजकुमार श्री श्री श्री
मद्वहादूर्साह देवेषु सदा समर विजयीषु सलाम पूर्व
क पत्रमिदं इंहा कुसल. ताहा कुसल चाहिये पत्र आयो अ
र्थ मालुम भयो आगे इहाको समाचार भलो छ उप्रांत
ताहा पुगनु वित्तिकै. फलाना दिन पुग्यौ भनिकन चिठि
आइथ्यो. सयल् सिकारकन जानु भयाको हो. सयल
सिकार पनि भयो हो. चाडै आउला भनि जानु भयोथ्यो ढे
र दिन भया. आउनु हवस्. ताहा काज पनि केहि छैन
उप्रांत लेषतैका विचमा पत्र आयो अर्थ मालुम भ
यो विसंच छ इहा वैद्य औषति छैन पठाइ दिन्या
भनि लेषनु भयेछ. ताहा वसि. सभै थोक्को संभा
र पुगैन वाटको संभारकन वल्लभ वैद्य पठाइ
दियाको छ चाडो गरि ञाहा आउनु हवस इति
सम्वत् १८४० पौष शुदि ५ रोज १ शुभं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय : फौज बन्दोवस्तको पत्र ।

मितिः १८३५ । ११।४।५ खाम स. ७९

श्री दुर्गासहाय

श्री इश्वरीले

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्री श्री श्री महाराजे रणवहादुर्साह वहादूर्सम्सेर जङ देवादाम् सदा समर विजयीनाम्. लि. स्वस्ति. श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्त्यादि विविध विरूदावली विराजमान मानोन्नत श्रीमन्महाराजधिराज कुमार श्री श्री श्रीमद्धहादूर साह देवेषु सदा समर विजयीषु सलाम्. पूर्वक पत्रमिंद त्राहा कुशल तांहा कुशल चाहिये. पत्र आयो अर्थ मालूम भयो आगे इहाको समाचार भलो छ. उप्रान्त.माघको दिन २१ जादा आदित्य वार घरि वाह्र रात विताइ मर्स्यां दिको. ढुकुर्दि घाट. मऱ्यां घाटवाट हाम्रो फउज तऱ्यो.ढुंगा काउको जुझ पनि भयो १।२ घायल पनि भया. हामि पनि झोलंगा हाल्न लागिरह्या छौं. विस्तार पछिबाट लेषौला भनि लेषनु भयेछ. पारि तर्नाको सव्य असव्य चाजो.. हांमिले हिजो लेष्याथ्यु. ताहा काज आटिकन पनि. फौज पारि तरिगयेछ. अवर. जस् प्रकार्ले काज वन्न्या सप्रन्या हुन्छ. सो प्रकारले चांजो गर्नु हवस् - - फत्त्यै गराउन्या छन्. विज्ञषु किमधिकं. सम्वत् १८३५ साल फाल्गुण वदि ४ रोज ५ मोकाम् कान्तिपूर शुभम् - - -

विषय :- शरीरमा आराम भयो भएन चिठ्ठी पठाउन ढिलो भयो भन्ने ।

मिति :-१९३९।१०।२।२ खाम सं. ८०

श्री दुर्गासहाय

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्त्यादि विविध विरूदावली विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्री श्री श्री महाराजे रणवहादुर साह वहादूर्समसेर जङ् देवानाम् सदा समर विजयिनाम् लि स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्यादि विविध विरूदावली विराजमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

न मानोन्नत श्रीमन्महाराजाधिराज कुमार श्री श्री श्रीमद्धवहादूर साह देवेषु सदा समर विजयिषु सलाम पूर्वक पत्रमिंद इहा कुसल ताहा कुसल चाहिये पत्र २ आयो अर्थ मालुम भयो अगि इहाको समाचार भलो छ उप्रांत तहाको हाल हाकीगत् र हाथिको अवहाल लेषि पठा वन्नु भयेछ . विस्तार सुन्यु. अझ पनि तहाको हाल हकीगत लेषदै गर्नु होला. वाकि डाँका दिलैग्याको अलौको कुरा मा ग्रीम् साहेवले एस्तो एस्तो भन्या. मैले एस्ता तरहसित जवाफ् सवाल गन्यां भनि लेषनु भयेछ वहुतै वनावनु भय छ वाकि रह्याका हाथि पनि. वा भन्नानिहरू महेसिमा गइ ग्रीम साहेवसित भेट गरी छुटायाछन्. अलिक दिनमा हाथिसारमा आइ पुगछन्. वाकि. कासि जानाका अर्थकन वा भन्नानिहरू आई पुग्यापछि सल्लाहाले जानुहोला वाहा सम्म त वस्यैका छौं भनि लेषनु भय छ. वढिया हो. वा भन्नानिहरू आइ पुग्या पछि सल्लाहाले जानु होला. वाकि. राजा ...... लाई एस्ता एस्ता तरहसित षिलत् आयेछ : ष्यालिरामलाई पनि षिलत् भये छ भनि लेषनु भयेछ . विस्तार सुन्नु वाकि फौद्याले सेवकको गर्नु गरी राषे छ. उसकन दोष छैनं. परन्तु अंगरेज सँग सलुक राषौं भन्या तागिर गर्मै पर्ला भनि लेषनु भये छ. योग्यै लेषनु भयेछ. अंगरेजका विनामत् तुलसी राउत्ले. कर्चु लिया सग दिल मिलाइ हाथि चोरीले ज्यादा अंगरेजका विना सल्लाहले तन्ले हाथि लैग्यात. मैले पनी षामीदक्या साधनु पर्छ भनि हाथि ल्याया. जस्तो गरी उनले लेग्या तस्तै गरी हाम्रा सुब्बाले ल्याया. निसाफले वरोवर भयाको छ. हाथि ल्याउदा कर्चुलियाहरूले हात चलाउदा. उमारीया. अरु मोगलानाका रैतिकन छुयाको पनि छैन. गाउमा घुम् गऱ्याको पनि छैन. तेत्ति हाथिका कुरामा कलकत्ताबाट वढियै देषिंछ. धुम उठन्या केहि देषिदैन. दिनानाथले वढियै कुरो लेषछन्. पटनाका वडा साहेवबाट ग्री

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

म साहेवका नाउमा हाथि फिराइ दे भनि प्रवाना मानसींले गराइ पठाय छ. वाकि फौद्यालाइ नषोसी भयन भन्या. हाम्रो मुषा लीफ मकवानी साहेवकन ग्रीम् साहेवले गोद लिराष्या छन्. तनलाई सौं पुन्. हामि पनि फौद्याकन षोसौंला. संवत् १८ ३७ साल माघ शुदि १५ रोज मोकाम् शुभम्- - -

विषय : पेठारी १९ सुन्तला र पेठारी १ विमरसंषडो पठाइदिएको छ भन्ने ।

मिति : -१८३९।१०।२।२

खाम सं. ८१

श्री दुर्गासहाय

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्यादि विवि ध विरूदावलि विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराजे रणबहादुर सम्सेर्जङ दे वानाम् सदा समर विजयिनाम् लि. स्वस्ति श्री गिरिराज च क्र चूडामणि नर नारायणेत्यादि विविध विरूदावलि वि राजमान मानोन्नत श्रीमन्महाराजधिराज कुमार श्री श्री श्री मद्धहादूर साह देवेषु सदा समरविजयिषु सला म पूर्वक पत्रमिदं इहा कुसल ताहा कुसल चाहिये आगे इहाको समाचार भलो छ उप्रांत. पेठारी १९ सुन्तला पेठारी १ विमरासंषडो पठाइदियाको छ पुगला वि ज्ञेषु किमधिकं संवत् १८३९ माघ वदि २ रोज २ शुभम् - - - -

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय : तीर्थ जान ढिला भयो चाँडो आउनोस् भनि पठाएको पत्र ।

मिति : -१९४२।३।५।२ खाम सं. ८२

श्री दुर्गासहाय

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्त्यादि विवि
ध विरूदावलि विराजमान मानोन्नत श्रीमन्महाराजाधि
राज श्री श्री श्री महाराजे रणबहादु र्साह वहादूर्सम्र्जङ् देवानाम्
सदा समर विजयिनाम्. स्वस्ति श्री गिरिराजेत्त्यादि श्रीमन्महा
राजाधिराज कुमार श्री श्री मद्वहादूर्साह देवेषु सदा सम
र विजयिषु सलाम. पूर्वक पत्रमिंद इहा कुसल ताहा कुसल
चाहिये. आगे इहाको समाचार भलो छ. उप्रांत. बेहोरा रवा
रायन अर्ज्याल आया एसो एसो भन्नु हुंछ भनि विंति गऱ्या.
विस्तार सुन्यु. वाहिरका परिपंचले आयाका होइनन् हाम्रा
हुकुम्ले आयाका हुन् तीर्थलाइ जानु हवस भनि पठाया
को हो आज सम्म केहि अर्थले ढिल गर्नु भयो त पनि अब मो
हर देषत चाँडो पाव लाग्नु हवस विलंव नगर्नु हवस - - - तल
षवास जुथा षवास. जय भइ वोहरा. नारायन अर्ज्याल आ
या विंति गर्नन् सर्वथा पावलाग्नु हवस् संवत् १८४२ साल आ
षाड शुदि ५ रोज २ मुकाम कांतिपूर शूभं - -

विषय : जागिरको ठेगाना गरी चाँडै पत्र पठाउने बारे ।

मिति : -१०।७।७ खाम सं. ८३

श्री दुर्गा

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्यादि विविध
विरूदावलि विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्री
श्री श्री महाराजे रणवहादूर साह वहादूर सम्सेर जङ् देवानां स
दा समर विजयिनाम् स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्त्यादि विविध
विरूदावली विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज कु

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मार श्री श्री श्रीमद्बवहादूर साह देवेषु सदा समर विजयिषु स
लाम पूर्वकं पत्रमिंद. इहां कुशलः ताहां कुशल चाहिये आगे इ
हांको समाचार भलो छ. पत्र आयो अर्थ बुझिउं उप्रांत. भारा
हरूले वहुतै संतावन लाग्या. तपाञिले चांडै पाव लागन्या प
न्या. मोहर देषत पाव लाग्नु हवोस्. इहां आया पछि जनमत
ले काम ठहराइ गर्नु पर्न्या छ उप्रांत वा भन्नानीको जागिर
को ठिगाना गरि चाँडै पठाउँछौ. ताहां आवनन्. विस्तार वा
भन्नानि हरिकृष्णका चिठिले मालूम होला. किमधिकं माघ
सुदि १ रोज ७ मुकाम कांतिपुर राजधानी शुभम्

विषय : जातको चरा पठाइएको चिठ्ठी फेला नपरेको भन्ने बारे ।

मिति : -१८३९।१२ खाम सं. ८४

श्री दुर्गासहाय

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्त्यादि विविध विरूदावलि विराजमान मानो
न्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराजे रणबहादूर सांह वहादूर सम्सेर जङ् देवा
नाम् सदा समर विजयिनाम् लि.स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्यादि वि
विध विरूदावली विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज कुमार श्री श्री श्रीमद्वहादूर
साह देवेषु सदा समर. विजयिषु. सलाम. पूर्वक. पत्रमिदम्. इहा कुसल ताहा कुसल चा
हिये पत्र आयो पत्रार्थ. विस्तार. मालुम भयो. आगे इहाको समाचार भलो छ. उप्रांत
जोरावर पनि आइपुग्यो. पूर्णमासिका दिन. वा भन्नानि. जोरावर दुवै पटनाहि आ. उ
हा पुग्यां पछिको. हकिगत्. पछिवाट विंति गरि पठाउला. भनि लेषि पठाउनु भये छ.
गयाछन् वने छ . उहा पुग्यापछिको. हकिगत्. ज्या ज्या हुन्छ. चाडै पठाउनु होला ......
रंगचिरहि १ कुलुं १ जिउदो पठाइ दिनु भयेछ. जिउदो आयेन. मरिकन आइपुग्यो
अस्ति पनि २/३ पटक्. जो जो जातको. चरा पठाइ दिनु भयोथ्यो. तपसिल माफिक् आइपुग्योथ्यो
उप्रांत. फास्किराप साहेव. ताहा नेपाल. आउन तयार भयो. तुम्रो कुरा
कहानि. लाइ. ज्या अह्राउनु. वा भन्नानिलाइ. अह्राइ पठायाको छ. तुम्रो कुरा उतै वाट होला

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भनि लेषि पठाया. अटकावन्या काज पर्दो हो. भनि लेषि पठाउनु भयोथ्यो योग्ये हो इहा. आउनाका कुरालाइ. चिठि हामि छेउ आयोथ्यो. आजसम्म.अंगरेज साहेवः इहा कोहि आयनन्. जो चिज फुर्माइ पठायन्था.सो चिज पठाइदिन्थ्यौ. आज पनि आपुला. इ. केहि चिज चाहिया. पठाइदिन्छौ. इहा आउनु चाहिदैन. भनि. एस्तै तरको मीठो पारिक न नआउन्या . कुरो लेषि पठाऱ्यौ. वा भन्नानिका. सिर हालि. लेषि पठाया त. नेपाल आउन दिन्यैरहृयाछन् भन्नु आसय पर्ला. र. वा भन्नानिलाइ अर्को झिजो थपलिया .... न. नदिनु. मान्छलाई चिचिटो न राषन्या. हो भनि लेष्यौं न. एताबाट थामि पठा....... चिठि गइरहेछ. उश्ले नबुझि.साह्रै आउनाको चपाउ भइ जाया. ताहावाट भनि ...... या. माफिक. चिठि पठाउला. किमधिकं विज्ञेषु इति सम्वत् १८३९ चैत्र वदि - - - -

विषय : राज्या गर्न चाँडै आउनु र पत्र लेख्नु भन्ने बारेको ।

मिति : -१८४०। १५। २ खामसं. ८५

श्री दुर्गासहाय

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्त्यादि विविध
विरूदावलि विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्री
श्री श्री महाराजे रणबहादूर साह वहादूर सम्सेर जङ् देवादाम्
सदा समर विजयीनाम्. लि. स्वस्ति श्री गिरिराज चक्र चूडा
मणि नर नारायणेत्त्यादि विविध विरूदावली विराजमान
मानोन्नत श्रीमन्महाराजाधिराज कुमार श्री श्री श्रीमद्वहा
दूर साह देवेषु सदा समर विजयिषु. सलाम पूर्वक पत्र.
मिदम्. इहा कुसल. ताहा कुसल चाहिये. आगे इहाको समा
चार भलो छ. उप्रांत. मिर्जालाइ पटनावाट प्रमाना भये
छ. फौज लिकन. हतेवलमा जुझन आउछ. भन्नु
षवर आयो फिरंगीले अज्योलि काढिकन हामि
सग जुझनु आयाको भया. तपाइले पनि ताहा
राज गर्न्या पर्दैन. आउन्या पर्छ. आउन हवस्.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यो मिर्जा आयाको पनि आफनै वल राषि आ
उछ कि. फिरंगीले मद्दत दि आउछ त्यो वुझ्फ प
नि चाडो लेषनु. हवस. तेहि वरुक साहेवले प्र
माना दिकन हामिले अम्वल गऱ्याको हो. तेहि
वुरूक् साहेवले. आज मिर्जालाई प्रमाना दियो
त्यो केहि बुझ्फन सकियेन. वरपर वुझ्फि त्यो पनि ले
षनु हवस. फिरंगिले अज्यालि काढिकन पाहाड.
मा चढन आयाको भया अर्कै चांजो गर्नु पर्ला. मि
र्जे मात्र भया देषि तेस् सग त जुझ्फनै छ. यो वुझ्फ चाँडै ग
रि लेषनु हवस्. किमधिंक विज्ञेषु इति सम्वत् १८४०
वैसाष वदि ५ मुकाम कांतिपुर शुभम् - -

विषय : सरकारले खाई लाई गरी बस्नु भनिएको र जिउदो बट्टाई १३ वटा पठाएको आइपुग्यो भन्ने बारे ।

मिति : -१८३९। १२। ४।७

खाम सं. ८६

श्री दुर्गासहाय

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्त्यादि विवि
ध विरूदावलि विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज
श्री श्री श्री महाराजे रणवहादू र्साह वहादूर सम्सेर जङ् दे
वादाम् सदा समर विजयिनाम्. लि. स्वस्ति श्री गिरिराज
चक्र चूडामणि नर नारायणेत्त्यादि विविध विरूदावली वि
राजमान मानोन्नत श्रीमन्महाराजाधिराज कुमार श्री श्री
श्रीमद्वहादूर साह देवेषु सदा समर विजयिषु. सलाम
पूर्वक पत्र. मिदम्. इहा कुसल. ताहा कुसल चाहि - - -
त्र आयो. पत्रार्थ विस्तार मालुम भयो. आगे इहाका स
माचार भलो छ. उप्रांत. दिनानाथ र वा भन्नानिले. गऱ्याका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मामिलाको. सांचो .झुटो छुट्याउनाका कुरालाइ. ताहा वस्ता षेर . पनि. मामिलाको. चुकली. विंति. गर्नाकन. सर्कारको मर्जि थियेन. षाउ वसि. रहु भनि एस्तो मर्जि थियो. अ झ पनि. तेहि मर्जि थामि वक्स्या. म षुसि छु. नजिक वसि न गर्न सक्याका कुरा टाडा वंसि. मकाहा सकन्या छु भनि ले षनु भयेछ. ढुंगाको. चाहिदो कुरो. परि आयाको अरु कसै मान्छले पनि. हेर्नु देषनु पर्छ. तपाईको त. ढुंगौ हो. इ कुरा न षोजि रहन्या. होइन र लेष्याको हो. वाकि. ताहा आउनाका कुरालाई. संच पनि. निको गरि भयाको छैन. पाजिले पनि नदिमा. एस्ता तर सग. सैल गऱ्या. संच होला. भन्छन्. भनि. लेषनु भयेछ. संच भयाको भया अवस्य पाउला गऱ्या. यो ग्ये हो. संच नभयाको भया. संच भया पछि पालागनु होला वांकि. जिउदो वटै १३ गोटान पठाइ दिनु भएछ. आइ पुग्यो इ ति सम्वत् १८३९ साल चैत्र शुदि ४ रोज ७ शुभम् - -

विषय : जागिर थामी बक्सेको छ चाँडै पाव लाग्नुहोस् भन्ने बारे ।

मिति : -१८३९। ११।६। ७ खाम सं. ८७

श्री दुर्गासहाय

श्री ववाज्यु

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्त्यादि विविध विरूदावलि वि राजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराजे रणबहादू र साह वहादूर सम्सेर जङ् देवादाम् सदा समर विजयिनाम्. लि. स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्त्यादि विविध विरूदावली विरा जमान मानोन्नत श्रीमन्महाराजधिराजा कुमार श्री श्री श्रीमद्वहादूर. साह देवेषु सदा समर विजयिषु. सलाम पूर्वक पत्र. मिदम्. इहा कुस ल. ताहा कुसल चाहिये. आगे इहाको समाचार भलो छ. उप्रांत .....हि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जो - - - ले. तपाइलाइ जागिर. जति वक्सनु भयाको हो तति आ
ज पनि वक्स्यौं. चांडै. गरि. पावलागनु हवस्. अव त औलो पनि च
ढ्या ढिलावनु कत्ति छैन. ताहा पाउ चलावन वा भन्नानिलाई प
ठायाको छ. तपाइ यता पावलागनु हवस्. वा भन्नानि.
लाई पटना पठाई दिनु हवस. किमधिकं विज्ञेषु सम्वत्
१८३९ फाल्गुण वदि ६ रोज १ मुकाम कांतिपुर शुभं - - -

विषय : काज गर्ने हो होइन र २।४ कंपनी सिपाही पनि राख्ने बारे।

मिति : -१८३८। १०। ११। ५ खाम सं. ८८

श्री दुर्गासहाय

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्त्यादि
विविध विरूदावलि विराजमान मानोन्नत श्रीमन्महा
राजाधिराज श्री श्री श्री महाराजे रणबहादूर साह व
हादूर सम्सेर्जङ् देवानाम् सदा समर विजयीनाम्.
स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्त्या
दि विविध विरूदावली विराजमान मानोन्नत श्रीम
न्महाराजाधिराज कुमार श्री श्री श्रीमद्बहादूर साह
देवेषु सदा समर विजयिषु. सलाम पूर्वक पत्रमिदं
इहा कुसल. ताहा कुसल चाहिये. आगे इहाको समा
चार भलो छ. उप्रांत. इहाको हाल हकिगत् विधि विस्
तार लेष्याको अधिका मोहर पत्रले बुझ्नु भयो. हो ता
हा पछि आयाको षवर क्या आयो भंदा तिवारिले. पर्वत प
लपाछेव. गोर्षो साह्रैं वढि गयेछ. वलले पनि षजनाले प्र
नि जिति सकनु भयेन. एस् दिनमा त आफना घरको ध
न भया पनि लाइ लुवाइ पनि. मद्दत्. माग्नु र वंदुक् षरि
द गर्नु फिरंगि छेउ जान्या पऱ्यो भनि विंति गर्दा भलो हो.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भनि षुसि भया २।३ हजारको सराजाम गरि षिलद भयो
ताहा मद्दत् माग्नु र वंदुक् षरिद गर्न आउनन्. ताहावाट
तपाइले फिरंगि साहेवहरूसित. षत् षतुन गरि भला
मानिस् पठाइ. मद्दत् नदिन्या र. वंदुक् षरिद गरि पर्व
त् लैजानु नपाउन्या जस प्रकारले हुंछ सो अर्थ पार्नु ह
वस्. उप्रांत काज भन्याको गर्‍यैले पुग्छ औसर पनि प
रि आयाको छ. हाम्रा संगुता राजाहरू पनि हामिले दि
ञौ काज गर भन्नु आइरह्याछन् तसर्थ यो काज कसो
गर्‍या हो. मुष्य काज गर्‍या हो होइन त्यो मद्दते मसलत्
इहाकन पठाउनु हवस्. त्यो काज गर्ने ठहर्‍या. फिरंगि छे
उ २।४ कंपनि माग्नु पर्ला ताहा सिपाहि पनि राषनु
पर्ला ताहा ञाहाका सम्म जे २ मुष गरि काज गर्नु पर्ला
कदाचित्. फिरंगिले कंपनि नदिया. हामिले त्यो काज
गर्दाको दिन्. पर्वत् पलपाले. हिमाइत गर्न मद्दत् माग.
न जानन् त्यो कुरो नसुन्या मद्दत् नदिन्या अर्थ पारि फि
रंगिको प्रवाना पनि गराइ लिनु पर्ला तसर्थ १।२ कु
रो भिम् षवास् आयो मुष जुवानि विंति गर्ला सो प्रमा
न छ विज्ञेषु किमधिंक इति संवत् १९३९ साल पौष शु
दि ११ रोज ३ मुकाम कांतिपुर शुभं - - - -

रूपैया १००० जांछ पुगला

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय :४ कंपनीको सरदार अंवर्सि थापालाई खटाएको ।

खाम सं. ८९

मिति : -१८३८।११।१०। ५

श्री दुर्गासहाय

श्री ईश्वरी

श्री देव देवता

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्त्यादि
विविध विरूदावलि विराजमान मानोन्नत श्रीमन्महारा
जाधिराज श्री श्री श्री महाराजे रणवहादू र्साह वहादूर्स
म्सेर्जङ् देवानाम् सदा समर विजयिनाम्. लि. स्वस्ति
श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्यादि वि
विध विरूदावली विराजमान मानोन्नत श्रीमन्महा
राजाधिराजा कुमार श्री श्री श्रीमद्वहादूरर्साह देवेषु
सदा समर विजयिषु. सलाम् पूर्वक पत्रमिदं इहा कु
सल. ताहा कुसल चाहिये आगे इहाको समाचार भ
लो छ. उप्रांत सिंजु वैरिले अडिइ रहेछ भनि जस्राम्
षवास विश्राम् षवास आउदा षेरि लेषि पठाया थ्यु
अजित गढको मंडली थुमकामा. हाम्रो नया ठाना. पमा
को थियो. तेसैका. नजिक. भच्याक. भन्यामा. वैरिले शा
ड ठाना वार्त आयो अजित गढ्मा. रत्या लामाको जि
म्मा गरि. रहकला २ पठायाको थियो. भच्याक भन्या
मा वैरिले ठाना वार्देमा. हाम्राले रहकला चलाउँदा २०
। २५ वैरि मऱ्या छन्. डाडामा ठहर्न नसकि. डेरा षोल्सा
तिर सारि वस्याका थिया. तेस् पछि तिर वैरिको केहि वा
हा न लाग्दा. ठाना थामन्याले ठाना थामि अरू फौजले
माघका दिन २४ जादो सिरांचोक्को झिम्प्राक भन्यामा ३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

काव्या ठानु. १ ढंग्या ठानु. २ आडवारि तयार गरेछ.
हाम्राले उसपट्टि हान्न जांछन् भन्नु षवर दिनैमा. था
हा पाउँदा. अजित् गढवाट. ४ कंपनि तिलंगा सर्दार अ
वर्सिं थापालाई षटाइ पठायाको रहेछ उसै रात विहां
उदो आदित्यवार विहान्. चिप्ल्याटिको शाइड छिन्न
आयाको वैरि संग लगाइं परेछ तनलाइ घर्काइ सिरा
चोक निस्क्याछन्. तहादेषि २ घरि दिन चढदा. झिम्प्राक
वैरिका ठाना हान्दा घरि ५ सम्म साह्रै जुझ भये छ जुझ
दैका विचमा. काजि वलभद्र साह फौज समेत पुग्या छ
न् वैरिका धन्राज थापा समेत विस छ ठानै भित्र गिड प
ऱ्या छन् वैरि घर्के छ. चेपेका हाल सम्म लगारिकाघा छ
न् चेपेतरि पारि जाइकन जना १५ वैरि का टिन गरा २
षोसि ल्याया छन्. ठानाका रवाहिडा सभ जम्मा सय
३ वैरिका गिड रह्या. सय ४।५ घाइता गया. पर्वत्त्या स
र्दार गनेसमल्. दिलाराम कार्कि. जैसिं भडारि पनि ठा
नै भित्र रह्याछन्. को पऱ्यो को भाग्यो निधो शायाको छै
न. तति भयापछि. सिंजु तिरको वैरि हान्न भनि अजित् ग
गठ गयाछन् सिपाहिले षानु पिनु गरि हान्न जाउँ भन्दा
का विचमा. २६ सौ राति सवै ठाना छाडि वैरि भागेछ. का
लि पुग्याको देस् छाडि आउदा र ज्याम्रुको लडाइ हारि. त
नहुं छाडि आउदा. गोर्षाको घर फाघाको देषि हिकाइक
न नगनि हान्न एस् पाला आयाको थियो - - - - का कृपा
ले कत्तल गरि मुहु थाइकन चौविसि ठऱ्यो - - - - लाई भेट चह्रा
इ वठाइ गऱ्यु तेस लडाइमा हाम्रा माफिकै मानिस् ५।७ षस्या
२० । २५ घाइता भया संवते १८३८ फागुन वदि १० रोज शुभम् - - - -

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय : मकवानपुरको हावापानी खटान भएकोले चाँडै गरि आउनु भन्ने बारे ।

खाम सं. ९०

मिति :- १८४०। १।८। ५

श्री दुर्गासहाय

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्त्यादि विविध विरूदावलि विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराजे रणबहादूर साह वहादूर सम्सेर जङ् देवानाम् सदा समर विजयीनाम्. लि. स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्त्यादि विविध विरूदावली विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज कुमार श्री श्री श्रीमद्बहादूर साह देवेषु सदा समर विजयिषु. सलाम पूर्वक पत्र मिदम्. इहा कुसल. ताहा कुसल चाहिये पत्र आयो पत्रार्थ विस्तार मालुम भयो. आगे इहाको समाचार भलो छ. उप्रांत. मलाइ पनि. हिजो आज त. अलिक् संच भयो. आज भोलि त. गर्मिका समयेले. अरु मानिस् पनि दुव्लाया. काछन्. भनि लेषनु भये छ आजकाल गर्मि चढ्यो. हिउदो जस्तो हवैन. संच भंयापछि. आउनु होला भनि अघि पनि. मोहर पठायैको हो . मकवानपुर आइ पुगुनु भयो भन्याको सुन्यौं. आउनु भयेछ. वनेछ. इहावाट चलाउन कन. मानिस् पनि आया. ताहाको पानि. पनि. हावा पनि घटिया छ. तसर्थ चाडै गरि आउनु हवस विज्ञेषु किमधिकं इति संवत् १८४० साल वैशाष वदि ८ रोज ५ शुभं - - - - -

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ताम्रपत्र

(अभिलेखको प्रत्येक अङ्कमा विविध ऐतिहासिक सामग्रीहरू प्रकाशित गर्दै जाने योजना अनुसार यस अङ्कमा पनि राष्ट्रिय अभिलेखालयको संकलनमा रहेको ताम्रपत्र अभिलेख १० थान प्रकाशित गरिएको छ ।)

विषय : श्री ५ राजेन्द्र विक्रम शाहबाट सुब्बा कुलानन्द झा: लाई पूजाको निमित्त पशुपति वासुकि आदि गुठी चलाउन विर्ता दिई बक्सेको ताम्रपत्र ।

लगत सं. ११

मिति १८९२। आषाद शुदि

श्री दुर्गाज्यू

श्री साहिला गुरु विष्णु पंडितज्यू

१

श्री पसुपति	श्री वासुकि	आर्ज्या	श्री गणेस	श्री पसुपति
२	३	५	४	४
कुतिमुख	वासुकि	वागमति	गुह्येश्वरी	
४	४	४	४	

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्त्यादि विविध विरूदावली विराजमान मानोन्नत श्रीमन्महाराजा

धिराज श्री श्री श्री महाराज राजेन्द्र विक्रम साह वहादूर सम्सेर जङ्ग देवानां सदा समर विजयिनाम् - - -

आगे. सुवा कुलानन्द झाके. तिमिले - - १ संग विर्ता किन्याको जिल्ले सप्ररि प्रगन्ना पकरियातर्फ धन

छवार. पशिचमपट्टि ईनका षंद मौजे देउरिपट्टिका जमिन मध्ये वछरन झालाई. अघि दियाका जमिन वि

गहा १२५ बाहिक राषि देर्उरिपट्टि ससिम मौजे विगहा २६४ साढै नौ हातका लागाले नापि लियाको - - २ का

देबलको . पश्चिम उत्तर. पूर्वका ढोका वनाई चह्रायाको र - - ३ का स्थानका नजीकमा वनायाको सतल. त

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सको गुठ राषन निमित्त. तिमिले किन्याको - - १ लाई सर्वकर अकर सर्वांक माफ विर्ता वितलप गरि व

क्सनु भयाको. सोहि रकम कलम थामि गुठि राष्याको मोहर गरिवक्स्याका मोहर ताम्वापत्र गरिवक्स्यौं आफ

ना षातिर्ज्मा सग विर्ता वितलप जानि. गुठि राष. यस जमिनका पैदावार आमदनिले - - - ४ को पुजा

गर्नु. रुद्रि आविर्ति ११ गराउनु जग्य गराउनु. व्राह्मण जना १०८ भोजन गराउंनु. नवै ढोका टुट्या फुट्या

विग्न्या. वनाई पषालनु पुजा गर्नाके. मोहर रूपैया २२ ॥। - रूद्रि के दक्षिणा. पैसा रूपैया २ । । । .व्राह्मण भो

जन के. साराजम. दक्षिणा स्मेत. मोहर रूपैया ४० टुट्टया फुट्या विग्रयाका वनाउनाके जगेरा पटना रूपैया

५० पषालिर्उ जराउनाके मोहर रूपैया १० वैशाषमा जल चह्रउन्या व्राह्मणहरूके अक्ष त्रितियाको

दिन भोजन गराउनालाई दक्षिणा स्मेत मोहर रूपैया ६० रात्रिमा चौकि वस्न्या जना जना ६ के पाषि किन्नकन

मोहर रूपैया १५ पानगि रूपैया ९० ज्मा मोहर रूपैया १०५ येकसै पाच - - ५ घाटमा मिन पंचासि भर

अस्नान गर्न्यालाई . आगो तपार्उकन पराल किन्नाके मोहर रूपैया २० चौकी वस्न्या ढोकामा रुजु न हु

न्यालाई पुजाहारि रावल भट्टवाट वदला गर्नु. लेष्या वमोजिमको काम. गुठियारले प्रतिवर्ष . चलाई से

ष रह्याको गुठियार. सबै मिलि भिक्षा भोजन गर्नु. गुठि राष्याको जगा. पछि अवाद भै वधि आयाको रूपैयाले

चाँदिका ढोका र सतल विग्न्याको वनाई वर्ष वन्धन पुजा गरि . वाकि रह्याको रूपैया राषनु. येति

नगरि. गुठि राष्याको जग्गाका आमदानिमा लोभानि पापानि जसले गर्ला. तसलाई. - - - २ को कु

दृष्टि पंच महापातक लागला. स्वदत्ता. पगदत्ताम्वा यो हरे द्वै वसुन्धराम्. षष्टि वर्ष सहश्राणि विष्टा

यां जायते क्रिमि . इति संवत १८९२ मिति. आषाड श्रुदि ३ रोज २ श्रुभम्- -

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय : **श्री ५ राजेन्द्र विक्रम शाहबाट काजी रणवीर राणालाई जग्गा खेत बक्सेको ।**

लगत सं. १२

मिति १८९३ । पौषवदि रोज २

श्री दुर्गाज्यू

श्री त्रीपुरेश्वर

१

श्री भैरव

२

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्त्यादि विविध विरूदावली विराजमान मानोन्नत श्रीम न्महाराजा धिराज श्री श्री श्री म

हाराज राजेन्द्र विक्रम साह वहादूर सम्सेर जङ्ग देवानां सदा समर विजयिनाम् - - - आगे काजि रणवीर रानाके सम्वत १८८७ साल मिति पौष शुदि ११ रोज १ का दिन वक्स्याको हलेद्याका अम्वल मध्ये जुडि षेत मुरि

।७२ तस्को साध पूर्व. उत्तर. रैकर पाषाको साध लुहकिल. दक्षिण. शिम षोलाको दिल साध लुहकिल पश्चिम. जुडि षोलाको साध लुहकि

ल.चोकद्या दोभान झोलंग्या षेतमुरि । २५ तस्को साध पूर्व दक्षिण पश्चिम - - १ का गुठि साध लुहकिल. उंतर. रैकर आलि साध लु

हकिल माझ षंड षेत १ । १० तस्को साध पूर्व दक्षिण - - १ का गुठि साध लुहकील पश्चिम तादिका ढिक साध लुहकिल् उंत्त

र - - १ का गुठि साध लुहकिल वलेकोटका अम्बल मध्ये. पागऱ्या षेत मुरि । ९० तस्को साध पूर्व चाउथ्या षोलाका ढिक र .षोऱ्या

षोल्मीको ढिक साध लुहकील. दक्षिण. चाउथ्या षोल्मीको ढिक साध लुहकिल पश्चिम. प्रजाका किपटको षोल्सी साध लुहकिल.

उत्तर प्रजाका किपत षेतको आलि साध लुहकिल. लेलेका अम्बल मध्ये टुमिडोल षेत मुरि । ९४ तस्को साध पूर्व. रैकर षेतको आ

लि र. महादेव षेलको वाटो कुलो साध लुहकिल्. दक्षिण महादेव षेलको वाटो साध लुहकिल उत्तर. पश्चिम वाटो र. रैकर षेतको

आली राजकुलो साध लुहकिल. दफे टुमिडोल षेत मुरि ।६ तस्को साध पूर्व उंत्तर वाटाको साध लुहकिल दक्षिण प्रजाका वारि

को डिल साध लुहकिल. पश्चिम वाझाका डिलको कांल्हो साध लुहकिल् दल गो षेत मुरि । २७ तस्को साध पूर्व दक्षिण. पश्चिम. षाद

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

को साध लुहकिल. उत्तर .मुल बाटाका साध लुहकिल. देवको षेतमुरि । २१।१५ तस्को साध. पूर्व वाटाको साध लुहकिल्

दक्षिण पश्चिम रैकर षेत आलि साध लुहकिल. उत्तर. राजकुलोको डिल साध लुहकिल दफे देवको षेत मुरि ।४९ तस्को सा

ध. पूर्व. सानु वाटो साध लुहकिल. दक्षिण पश्चिम कुलाको डिल साध लुहकिल उत्तर रैकर षेत र - - २ गुठि साध लुहकिल पा

नि षेतमा नपुग्याकको । ५ ।५ तसको डेवढो वढाई पाषो मुरि । ८ घडयारि पाषो षेत १ जम्मा षेत घडयारि ।१।८ मध्ये भर्ना भुत्याहाको

लोक षेत १ । ८ तस्को साध. पूर्व. फौदविर रानाको फिक विर्ताको आलि साध लुहकिल. दक्षिण पौडयालका विता साध लुह

किल.पश्चिम. षातिवाडाका विर्ता आलि साध लुहकिल उत्तर. पिपरका वोट पानिका कुवा र डाँडो वाटो साध लुहकिल

यति चार किल्ला भित्र षेत ५ । घडयारि षेत १ । ज्मा षेत घडयारि ६ । विर्ता वितलप गरिवक्स्याको मोहर ताम्वापत्र ग

रिवक्स्यौ आफ्ना षातिर्ज्मा सग विर्ता वितलप जानी सन्तान दर संतान पर्यंत परम सुष भोग्य गर. यो विर्ता साध ला

उन्या सधियार थर घर गोकुल षनाल दलशुर वोहर काठमाण्डौंका डगोल सियावजि ग्यानसिधि धिर्ज. हलेदेका द्वा

न्या माधै गिरि रघुनाथ अर्ज्याल् भारथ पाध्या अधिकारी जगत गिरि रामेश्वर गिरि भिमसिं गिरि जयकृष्ण गिरि. विश्नु गि

रि. हरि गिरि सिउ गिरि. सरूप गिरि गोपाल गिरि जय कृन थापा मनिराज थापा धत्तसिं प्रधान कासि गिरि धर्मराम मिझा

र धर्मसिं मिझार. मानसिं लामा चौधरा द्वापका.रजपति दनुवार. रामकृष्ण दनुवार लछिमन्या दनुवार. धनराज दनु

वार. सदसर्न पाध्या श्री हर्ष पाध्या रामचन्द्र पाध्या श्री कृष्ण षत्र प्रमानन्द पाध्या धनलामा वेलकोटका श्री कृष्ण वशराज राम बझा.

पिताम्वर जैसी लेलेका द्वान्या सिव्या कचिन्द्र महान्. सिव संषर. सिध्या सिवनरसिं गोविन्द वाका षत्री. महिन्द्र महत् वाका महत्. भ

क्ति थापा. गंभीर षत्री जसगज थापा भैरु थापा. विर्ततारले किला भन्दा अर्घ्यालो नचाप्नु विना तकसिर जवद नगर्नु जो यस वन्दे

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जमा रहोइन. सो यस श्लोकमा भन्याको पातकि होला. स्वदत्तां परदत्ताम्वा यो हरे द्वै. वसुन्धराम्. षष्टिवर्ष सहश्राणि विष्टायां

जायते क्रिमि. ईति सम्वत् १८९३ साल मिति पौषपदि १० रोज २ शुभम् - - -

विषय : श्री ५ राजेन्द्र विक्रम शाहबाट जगत नयनलाई खेत विर्ता वक्सेको ।

लगत सं. १३ मिति १८९३ माघवदि १०रोज ३

श्री

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्यादि विविध विरूदावलि विराजमान मान्नेनत श्रीम

न्महाराजधिराज श्री श्री श्री महाराज राजेन्द्र विक्रम शाह वहादूर सम्सेर जङ्ग देवानां सदा समर

विजयिनाम् - - - -

आगे जगत नैनाके सम्वत १८९१ साल मिति आश्विन सुदि ७ रोज ५ का दिन वक्स्याको.टोषाका टुसा

लका अम्बल मध्ये. ईन्द्रसिं वस्न्यात्को भंगलक टार. पाषो. षेत १ । तस्को साध पूर्व. रैकर पाषाको आ

लि र वाभ्का पाषाको आलि साध लुहकिल. दक्षिण. रैकर पाषाको आलि र. वाटाको दिल साध लुहकिल्. पश्चि

म वाटाको डिल र. रैकर पाषाको आलि साध लुहकिल. उत्तर. रैकर पाषाको आलि र वाभ्का पाषाको डिल

साध लुहकिल येति सिमाना भित्र षेत १ । विर्ता गरिवक्स्याको मोहर ताम्वापत्र गरि वक्स्यौ आफ

ना षातिर्ज्मा संग विर्ता जानि सन्तान दरसन्तान परयंत परम सुख भोग्य गर. यो विर्ता साध

लाउन्या संधियार थर घर त्रीलोचन पंडित षनाल मित्र सर्मपंथ काठमाण्डौका डगोल धम देउ

पुन सिरि लछिमन दफदरषानाका सिपाही जसमानसिंह थापा गंभिरसिं षत्री चप्रासीका सुवेदार

नजसिंवाट आयाका पलि संकर नगरकोटी. टोषाको द्वाऱ्या थाकुसिं नेवार काल्या कटुवाल् भला

मानिस वलभद्र सापकोटा मनविर षडका नारान् नेवार कनकसिं षडका रणविर षडका श्री कृ

श्न थापा विऱ्या घर्ति जगतमनि अर्ज्याल्. तेनारान नेवार भिमसेन षत्री विर्तवार. ले किला भन्दा

अर्घ्यालो नचाप्नु विना तकसिर जवद नगर्नु जो यस वंदेजमा रहोइन सो यस श्लोकमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भन्याको पातकि. होला. स्वदत्तां परदताम्वा यो हरेद्वै वशुंधराम् षष्टि वर्ष सहश्राणी विष्टायां जायते कृमि. इति सम्वत १८९३ साल मिति माघवदि १० रोज ३ शुभम् - - - - -

विषय — : श्री ५ राजेन्द्र विक्रम शाहदेवबाट भादगाउँ श्री तलेजुको थापूजा निमित्त गुठी राखी वक्सेको ।

लगत सं. १४

मिति: १८९३ फागुनवदि ११ रोज ६

श्री दुर्गाज्यू

श्री गुरु पंडित

राज श्रीरङ्ग

नाथ पंडितज्यू

श्री गुरु कृष्ण

राममिश्र ज्यू

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारयायेत्यादि विविध विरूदावली विराजमान मानोन्नत श्रीमन्महाराजा धिराज श्री श्री श्री महाराज राजेन्द्र विक्रम साह वहादूर सम्से

र जङ्ग देवानां सदा समर विजयिनाम् - - -

आगे भादगाउंका - - १ लाई सम्वत् १८९२ साल मिति फाल्गुन वदि ५ रोज १ का दिन हाम्रा वाहुलिवाट संकल्प गरि षेत २। ० थापुजा गुठि राख्ना निमित्त भादगाउँको अम्मलमा ठुला सेरा मध्ये. लिवालिवि षेत मुरि । ३४ तस्को साध. पूर्व हनिमुन्त्या षोलाको ढिक साध लुहकिल दक्षिण रैकर षेतको आलि साध लुहकिल पश्चिम रैकर षेतको आलि र. गोसाईं का सदावर्त गुठि षेतको आलि लुहकिल. उत्तर - - - २ का विर्ता षेतको आलि र. रैकर षेतको आलि साध लुहकिल. दफेलीवा लिवि षेत मुरि. । १३ तस्को सा

ध पूर्व हनिमन्त्या षोलाको ढिक साध लुहकिल. दक्षिण रैकर षेतको आलि साध लुहकिल. पश्चिम - - ३ का विर्ता षेतको आली साध लुहकिल. उत्तर. रैकर षेतको आलि सा

ध लुहकिल थाक समेत उपाध्या षेत मुरि । १० तस्को साध. पूर्व हनिमन्त्या षोलाको ढिक र. रैकर वगर षेतको आलि सांध लुहकिल. दक्षिण रैकर षेतको आलि साध लुहकिल

पश्चिम उत्तर. प्रजाका सुना षेतको आलि साध लुहकिल. दफे. उपाध्या षेत मुरि. । ६ तस्को साध पूर्व. रैकर षेतको आलि साध लुहकिल दक्षिण. प्रजाका सुना षेतको आलि साध लुह

कील. पश्चिम कवरको विर्ता षेतको आलि साध लुहकिल. उत्तर. रैकर षेतको आलि साध लुहकिल. दफे उपाध्या षेत माथि.।.। १० तस्को साध पूर्व रैकर षेतको आलि साध

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लुहकिल दक्षिण. हनिमन्त्या षोलाको ढिक साध लुहकिल. पश्चिम. उत्तर. प्रजाका सुना षेतको आलि साध लुहकिल. दफे उपाध्या षेत माथि ./१० तस्को साध पूर्व.

प्रजाका सुना षेतको आलि

साध लुहकिल. दक्षिण. पश्चिम रैकर षेतको आली साध लुहकिल उत्तर हनिमन्त्या षोलाको ढिक साध लुहकील दफे उपाध्या षेत मुरि. । १७ तस्को साध. पूर्व प्रजाका सुना षेतको आलि

साथ लुहकिल.दक्षिण.रैकर षेतको आली साध लुहकिल पश्चिम. चुभ्रुढि जुजुको विर्ता षेतको आली साध लुहकिल. उत्तर. रैकर षेतको आलि साध लुहकिल. दफे उपाध्या षेत मुरि. । ८ तस्को सा

ध. पूर्व राजाको सुना षेतको आलि साध लुहकिल. दक्षिण. पश्चिम रैकर षेतको आलि सांध लुहकिल. उत्तर. व्राह्मणका विर्ता षेतको आलि साध लुहकिल. दफे. उपाध्या षेत मुरि. ।१ तस्कों

साध. पूर्व. रैकर षेतको आलि साध लुहकिल. दक्षिण. पश्चिम. प्रजाको सुना षेतको आली साध लुहकिल. उत्तर रैकर षेतको आलि साध लुहकिल. दफे. कोलपाउपाध्या षेत मुरिं । ३

तस्को साध. पूर्व दक्षिण. पश्चिम. प्रजाका सुना षेतका आलि साध लुहकिल उत्तर वाटाको साध लुहकिल. दफे. षोपाङ्ग षेत मुरि . । ९ तस्को साध. पूर्व. दक्षिण रैकर षेतको आलि

साध लुहकिल पश्चिम. प्रोहित जदुनाथका विर्ता षेतको आलि साध लुहकिल. उत्तर रैकर षेतको आलि साध लुहकिल. दफे षोपाङ षेत मुरि ।३।१० तस्को साध. पूर्व दक्षिण रै

कर षेतको आलि साध लुहकिस. पश्चिम. षास्यांषुसिं षोलाको ढीक साध लुहकिल. उत्तर. रैकर षेतको आलि साध लुहकिल. दफे उपाध्या षेत मुरि. ।३० तस्को साध. पूर्व. प्रजाका सुना षेतको आलि सा

ध लुकलि. दक्षिण रैकर षेतको आलि साध लुहकिल. पश्चिम रैकर षेतको आलि र. व्राह्मणको विर्ता षेतको आलि साध लुहकिल. उत्तर. रैकर षेतको आलि साध लुहकिल वाहावु षे

त मुरि । १। १० तस्को साध पूर्व. काल्हाचा षोलाको ढिक साध लुहकिल दक्षिण. भिमसेन थापाका विर्ता षेतको आलि साध लुहकिल. पश्चिम. रैकर षेतको आलि साध लुहकिल. उत्तर प्रजाका सुना

षेतको आलि साध लुहकिल. षुढी षेत मुरि ।१७ तको साध. पूर्व. दक्षिण. पश्चिम रैकर षेतको आलि साध लुहकिल उत्तर भान्स्या ब्राह्मणीका विर्ता षेतको आलि र.

रैकर षेतको आलि साध लुहकिल दफे.

षुढि षेतमुरि.।४।१० तस्को साध पूर्व. दक्षिण. पश्चिम. उत्तर. रैकर षेतको आली साध लुहकिल दफे षुढि मुरि. । ८। १० तस्को साध पूर्व रैकर षेतको आलि साध लुहकिल.दक्षिण.

भान्स्या व्राह्मणीको विर्ता षेतको आलि साध लुहकिल. पश्चिम उत्तर. रैकर षेतको आलि साध लुहकिल. दफे. षुढि षेतमुरि । १८ तस्को साध पूर्व. गोसाइको विर्ता षेतको आलि साध लु

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हकिल दक्षिण पश्चिम. उत्तर. रैकर षेतको आलि साध लुहकिल दफे षुढि षेत मुरि ।६ तस्को साध. पूर्व. दक्षिण. पश्चिम. उत्तर. रैकर षेतको आलि साध लुहकिल. यति सबै सिमानाभित्र ज्मा

षेत २। को सर्वांक माफ गरि. थापुजा निमित. गुठिको मोहर गरि चह्राायाको. मोहर ताम्वापत्र गरि चह्राऔ असिनाले षादा. किराले काट्यामा र. नरोपियामा पूजा नअर्ट्काउनु. यो गुठी षेत

को उत्पन्नले तपसीलमा लेष्या वमोजिमको पुजा चलाई भावको र. जग्गामा वढ्याको कुटका किफायत र सेष रह्याकोमा. आधा जगेरा राषि आधा गुठियारले भोग्य गुर्न यो गुठि षेत

संकल्प हुंदा संकल्प वाक्या पह्रन्या. प्रोहित. रघुनाथ अर्ज्याल. पानी हालन्या भिमसेन थापा साध लाउन्या सधियार थर घर भगीरथ पाडे. विश्नुदत्त षनाल. मर्दनसिं राना. काठमाण्डौका दगोल नाइक्या दान प्रति. टोषाको ङकुदेर्उ डगोल. धम नारान डगोल कासिराम डगोल. भलामानिस अडै येकदत्त अर्ज्याल. भादगाउँका अमालि वाट आयाको. ढलपा भीमसेन. मोहि नाइक्या जै संकर अचार. सेराको मोहि नाइक्या दयाराम सदर दफदर षानाको सिपाहि जसिवन्त षत्रि. ईछ्याराम राना. मोहि नाइक्या भीमसेन. तेज

गजिन्द्र

तपसिल

षेत २।. को आम्दानि - - - -

चावल मुरि - २६।८।६।५ गहुंमुरि - ६।१०।१

घिउ षानि रूपैया- - - - -

मिनाहा माघ सुदि ७ रोज. का दिन थापुजाको जिन्सीषर्च -

सेता चावल मुरि - १।३ चिहुरा स्यावजिके धान मुरि ९ ।.

हाकुवा चावल मुरि - २।१४।४ रोटीके गहुं केराउ पाथि ।१३।४

- - - - - - -

वाकि रह्याको जिनसिका विक्रि काटि गऱ्याको रूपैया - ८० ||| |||

चावल मुरि - १८।१।२।५ के दर पाथि । ६ ता के रूपैया ६० ≡ ।

गहु मुरि ५। १६ । ७ के दर पाथि ।८ ता के रूपैया १४ । ।

घिउ षातिका रूपैया - - ६/। ।

- - - - - - - -

नगदि षर्चको ज्मा रूपैया - - ८० |||.|||

रागा - १ के १५ ध्यु तोला - ४ के. ऽ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हास -	१ के ॥	तील माना	- १ के/ ।
दिपमालाके घ्युं धार्नि ७॥ के ७॥		नून पाथि	१ के १
कोटल दहि माना	४ के ऽ॥	भटमास पाथि	- ३ के ।॥.
दुद पाव	२ के ऽ ॥	पगरि थान	- २ के ३
षावाको दुद पाथि	१ के ॥.	छोहरा तोला	- ४ के
पुजाके ध्यु पाव २ के/।.	गरि तोला	४ के /	
पाठ चोलि	१ के ।.	वोका -	७ के १४
भेटि दक्षिण रूपैया	४ ।.	रोटिके ध्युर्उ धार्नि - ३ के ३	
अदुवाके	//	दारुवा भारि	- ४ के ॥
सुक्याका माछा कुरुवा	२ के.।	हलुवाइके घास -	//
सिंदुर पाव	१ के.	पूजाके चिनि पाव १ के	
गुगुल धूप तोला	८ के ।.	सुपारि सेर	- १ के ।/।
लेषन्या पिठो कुरुवा	१ के. /	पुजाके महपाव	- १ के //
चिनि तोला	४ के/ वति धुप		- १०० के
धुवा कपडा थान	२ के १	रोटिके चिनि धार्नि -३ के ३	
पुजाहारा भोजन के	- -	-	-
दुद पाथि	५ के. १ ।.	घ्यु पाव	- २ के /
नुन माना	४ के ॥.	केराउ माना	- ४ के /
जिरा माना	१ के ///	पात धार्नि	४ के । //
वेसार माना	२ के /।	ददि कदतारा	३० के १।//॥
माछा पाव	२ के //	हिङ् तोला	१ के /।
कोटल दहि कहितारा	३ के ।	अदुवा धार्नि	१ के //॥
भक्या अमिलो माना	१ के. ।	हासका फूल	१२ के ।.
अलैचि तोला	४ के ॥	गुद सेर	१ के ///
- - - -	- -	-	

काम काममा वालनालाई तेल र.भोजन . अरु षर्च गैरह को रूपैया ८०॥।.॥।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

- - - - - - -

धागो तोला १० के /// दाष तोला ४ के / / ।

सुक्याको मासु पाव ३ के ।. दात्या ओषर तोला ४ के/

पंचरंगि कपरा हात ५ के ॥. पान विरा २४ के /॥

लावा कुरुवा१ के // दुद पाथि १ के ।.

नङ्ले उघाऱ्याको अक्षता के // नुन माना ॥ के ॥

जजमका २०० के / मासु धार्नि २ के । //॥

भटमास माना ॥ के ऽ.२ लवांग मासा ६ के ऽ.॥।

गुडपाष २ के/॥ वदाम तोला ४ के /

जीरा नून पाव१ के/॥ अलैचि तोला ४ के /

मरिच तोला ८ के // श्रीखण्ड तोला ८ के //

नरिवल २ के /।. माता पूज दक्षिणादा १८ के /२

अलैचि तोला ८ के/॥ दहि कहतारा ४के//

दालचिनि तोला ४ के // हिङ्जिरा मसला सागपातके - ऽ//

मषान तोला ८ के /॥ केतकिको पाता के रु ६

-१० ।/॥

- - - - - -

षयर गोली तोला २ के //

रायो माना २ के /।

मरिच तोला ४ के /

सुठो तोला ४ के /ऽ॥

सषर सेर १ ॥ के ।.

साग पात के ।.

दारुवा भारि ४ के. ॥.

पोसाक के रू. ४ ४।///॥

गुठिवाट किला वाहिक न चापनु. किला वमोजिमका जगामा कसैले षिचला नगर्नु जो यस वंदेजमा रहोइन सो यस श्लोकमा भन्याको पातकि होला स्वतत्तां परदत्ताम्वा यो हरे द्वै वसुन्धराम्.. षष्टि वर्ष सहश्राणि विष्टायां जायते क्रिमि. इति सम्वत १८९३ साल मिति फागुन वदि ११ रोज ६ शुभम् - -

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय : श्री ५ पृथ्वी वीर विक्रम शाह देवबाट निकासी पैठारी सम्बन्धी दरवन्दि गरि वक्सेको ।

लगत सं. १५

मितिः-१९५३ जेठ वदि १० रोज ५

श्री दुर्गाज्यू

स्वस्ति श्री गिरिराज चक्र चूडामणि नर नारायणेत्त्यादि विविध विरूदावली विराजमान मानोन्नत श्रीमन्महाराजा धिराज श्री श्री श्री महाराज पृथ्वी वीर विक्रम जङ्ग वहादूर सम्सेर जङ्ग देवानां सदा समर विजयिनाम् - - -

आगे मह्च्याक जगात् अडा र. ऐ जगतको लगा नुवाकोट गोठादि वुटौल वाकुम् पूर्व. मध्येस पाहाड सुवापर्सवाल्. रिडिमेला जगात् स्मेतका. साल वसालका

हाकिम्कारिन्दा ठे

कदार. पाहाडबाट मध्येवाट माला लैजान्या र. मध्येसवाट पाहाडतर्फ विक्रि गर्न ली आउन्या महाजन् वेपारि दुनिञदार गैह्र प्रति. येक जनाले २।३ ठाउँ जगात् वुझाउनु पर्न्या र. रकमि ठेक्दारहरूले दरवन्दि भन्दा वढता लपन छपन् गरि लिन षान पाउन्या स्मेत हुन नपावस् भन्ना निमित्त. तिमि रैति दुनियामाथि हामिबाट दयागरि बक्सि, अघिदेखि लाग्याको र. ठेकहिबाट लिन्या वानकि जिन्सीको स्मेत नगद ठेकि. तपसिल वमो

जिमका दरबन्दी गरि ताम्वापत्रमा लेषियाको दरवन्दि वमोजिम. लाग्याको रकम् वुझाउन्यालो पनि षसोषास वुझाउनु वुझन्या हाकिम र.ठेक्दारहरूले पनि लेषियाका दरबन्दी भन्दा वढता यक् दाम् तहसिल नगर्नु.वुझा उन्याले नवुझाई वल जफद् गऱ्यो भन्या र. वुझन्याले लेषिया भन्दा वढता तहसिल गऱ्याको ठहऱ्यो भन्या. अैन वमोजिम भारि सजाय होला भन्या दरवन्दीको तावापत्र गरि व

क्स्यौं - - - - -

<u>तपसिल</u>

पैठारि वुटौल वाट र. अनेत्रवाट खरिद गरि ल्यायाका जिन्सि मालको

असामि - - - - -	माहाजन्के जगात १६ गं. डि लस्करि रु	पर्वते के ज गात १६ गं डिलस्करि रु
कपडा भारि १ को - १ ॥.॥	२।	
कोरा - १ बोका - १ षसि -	१ वाश्री	- १

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुगुर - १ ज्मा रकम् ५ को थान

गोटा - १ र पान् टोलि १० के

स्मेत् को - - - - / - /

गवन् - १ नैनसुत् - १ मातापुला - १ ज्मा रकम ३ के थान १ को २ - २ चना १ मसुरो १ केराउको दाल् १ गहु १ ज्मा रकम् ४ को भारि १ को २॥ -२ छिट् थान १ को - - -
- ऽ।। - ऽ॥

तावाको भाडा १ पितले भाडा १ ढलौटे भाडा १ कास्का भाडा १ पत्रु भाडा १
धागो १ ज्मा रकम् ६ को भारि १ के १९ ॥- १

प्याज १ काच १ षाड १ सिघ्रा १ सुर्ति १ तमाषु १ जवानु १
पिसान १ रहर १ षुदो १

आलु १ मट्टितेल १ गुड १ भेलि १ नून् १ पाका फलाम १
ज्मा रकम १६ १ भारि १ को ।.॥ ।.

मार्किन् थान् १ को ।. ।.

रुवा १ किराना १ जस्ता १ राङ १ लाहा १ पिपला १ साभुन् १
सुपारि १ षयर १ कुसुम् १

चिनि १ नरिवल १ देसिवदाम् १ वारुद १ लवाङ् १ ज्मा रकम १५ के भारि
१ को - - - - - ॥.॥ ॥.

हास १ कुषुरा १ ज्मा रकम् २ के गोटा १ के - ऽ २ ऽ२

सतिसाल भारि १ को - २ /॥

सिधिया भारि १ को - /॥ /॥

हासको फुल गोटा १० - ऽ। ऽ।

निकासि पहाडवाट मध्येतर्फ लग्याको जिन्सि मालको

असामि -	माहाजनके ज	पर्तत्यके जगा	जनानाके द	
	गात्	दर १६ गं	त् दर १६ गंडी	र १६ गंडी ल
	डिलस्करि रु	लस्करि रु	स्करि रु	

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कटुज १ ज्यामिर १ पोटि ल्हसुन १ ज्मा रकम ३ के भारि

१को २ ॥ २ । ऽ ।

कुषुरा गोटा १ को ऽ २ ऽ २ ×

काफल भारि १ को /॥। / । ऽ ।

कस्तुरि विना १ १ १ ×

काकरसिं भारि १ को । /। ।.॥। ऽ ॥।

कागज मान्द्रे ताउ भारि १ को ॥। ।३॥। ३ ॥।

काफल वोक्रा १ तेजपात् १ चुत्राकाट पग्यु १ झुल १ फर्सि १ ज्मा रकम ६ के

भारि १ को - /। ऽ ॥। ×

खुर्सानि १ वेसार १ गुड् १ अजयपाल् १ ज्मा रकम ४ के

भारि १ को - । २ ।/॥ /॥

षादि १ फालि १ तापके १ काँचो छाला १ चुरा १ पाषि १ आलु १ पाको फलाम १ पकलि मा

छा १ मुलाको व्यू १ कामलो १ रागा १ भैसि १ षुदो १ थकालि १ ज्मा रकम १५

के भारि जनागोटा १ को - ।. ॥ ।. ×

षोटो भारि १ को - - २ /॥ ×

गाजा १ षयर १ ज्मा रकम २ के भारि १ को ॥२ ॥/॥ /॥

घरवुना भारि १ को - - - - ॥२॥ ॥२ ×

घोडा १ घोडि १ वाज १ ज्मा रकम् ३ के गोटा १ को ॥।.॥ ॥। ×

चवर भारि १ को - - - -२॥.॥ २॥ ×

चुक पाथि १ को - - - - - - ऽ ॥ २ ऽ॥२ ऽ२

चिफ १ चिउरि घ्यू १ ज्मा रकम २ के भारि १ ॥.॥ ॥ ×

चरेस भारि १ को २ ऽ ॥ २ ×

जुत्ता भारि १ को । २ ॥ ।२ ×

डोको भारि १ को २। /॥

डालो १ मान्द्रो १ ज्मा रकम् २ के भारि १ ।.॥ ।. २

तावो १ पित्तल १ ढलौटे १ पत्रु १ कास्को १ ज्मा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भाडा रकम ५ को भारि १ को १ऽ॥ १ ×

तित्य भारि १ को ।.॥ १

फल षोटो भारि १ को ३ २

बोका १ षसि १ वाष्री १ सुगुर १ ज्मा रकम् ४ के गोटा १ को

/ / ×

विलाउति १ उषु १ कागति १ काचोसिन्की १ आप १ वोको १ अदुवा १ वेमरा १ तरुला १
लहसुन साग १ विरि १ हरियो षुर्सानि १ कर्कलो १ करेला १ कात्रो १ पाषनवेद १ दियालो १
निवुवा १

केरा १ कोसा वोडि १ केराउ कोसा १ सिमि १ च्यूरि १ सषरषन्ड १ मुडिला १ कुचो १
मुला १

पिडालु १ साग १ ज्मा रकम् २९ के भारि १ को /॥ / ऽ।

विलाउनि वोक्रा भारि १ को २ /॥ ऽ॥

विषमा १ सिलाजित् १ विष १ वाल सुगंध १ ज्मा रकम
४ के भारि १ को ।. ।॥।.। ऽ।

मास १ वोडी १ गहत् १ भट्ट १ गहु १ केराउ १ तिल १ तोरि १ काचो फलाम १
स्वठि १ जाषि १ तिलको पिना १ झिलंगि १ मुगि १ स्वलि १ फापर १ ज्मा रकम्
१६ के भारि १ को २।। २ ×

मजित् १ षरि १ ज्मा रकम् २ के भारि १ को २। /॥। ऽ।

मैन भारि १ ॥।२॥ ॥।२ २

मह भारि १ को ॥ २॥ ॥२ २

सर निगालि १ टिमुर १ ज्मा रकम २ के भारि १ को ३। २॥। ऽ॥।

स्वाग १ जतामास १ कुट्कि १ पद्मचाल १ मोह वदाम १ भुजापत्र १ ज्मा रकम ६ के भारि १
को ।/ ।.॥ ऽ॥

सुन्तौला भारि १ को - - ।/॥ ।/ ऽ॥।

सिन्कौलि १ दालचिनि १ लटे १ ज्मा रकम् ३ के भारि १ को २॥ २ ऽ॥

सिंभारि १ भेडागोटा १ ज्मा रकम् २ के भारि गोटा १ को /॥ / ×

सुकेको सिंकी १ पिपल जरि १ निरवेसि १ काठको भाडा १

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ज्मा रकम् ४ के भारि १ को	-	।/॥	।/	/
अलैचि १ कागज १ नुन् १ सुपो १ गलकोटे डालो १ तेल १				
ज्मा रकम् ४ के भारि १ को	-	।२॥	।२	२
मैना १ डाफे १ मोहनलाल १ ज्मा रकम् ३ के गोटा १ को ।.	।.	×		
घ्यू धार्नि १ को	- -	ऽ॥	ऽ॥	×
भांग्रा भारि १ को	- -	।.॥	।.	×

यी माथी लेषियाको भारिलाई २४ धार्निका पूरो भारि गरि लिनु दिनु

इति सम्वत् १९५३ साल मिती प्रथम ज्येष्ट वदि १० रोज ५ शुभम् - -

विषय : श्री ५ राजेन्द्र विक्रम शाहवाट तारानाथ अर्याललाई विर्ता वितलप गरि वक्सेको ।

लगत सं. १६ मिति १९०२ चैत्रशुदि १० रोज २

श्री दुर्गाज्यू

श्री नरदेवी श्री इन्द्रायणी

२ ३

श्री नानी महाराजाधिराज १

यस श्लोकमा "सिद्धविद्याधर, बोधिसत्व, वीतराग, क्रोधराज, गणेश र हयग्रीव आदि भएको स्थानमा सर्वजन हितको लागि भगवान् अवलोकितेश्वर विराजमान हुनु भएको छ " भनी भनिएको छ। यस अनुसार विचार गरी हेर्दा उक्त स्थानमा बुँगमती नै हो भन्ने आभास मिल्छ।

पहिले हयग्रीव भैरवको विचार गरौं। बुँगमतीमा मत्स्येन्द्रनाथको मन्दिर पछाडि दायाँपट्टि कुनामा ढुँगाको सिंढीमाथि ठूलो शिलाको भैरवको मूर्ति अवस्थित छ। सो शिलामूर्ति विकराल जाज्वल्य भएकोले धातुको मूर्तिले छोपिएको छ। यिनै मूर्तिलाई ह्यग्रीव भैरव भन्छन्। यो भैरवको यात्रा बडा दशैंको नवमी, दशमी र एकादशीका दिन गरिन्छ। साथै मत्स्येन्द्रनाथको रथ वनाउँदा चार पाँग्रामा चार भैरवको आह्वान गरिन्छ। तीमध्ये एक भैरव यही हयग्रीव भैरव हुन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसका साथै भैरवको दायाँपट्टि ठूलो चोटा छ। चोटाको बीचको कवलमा सानो मन्दिर छ। ती मन्दिरमा कुनै देवताको मूर्ति छैन। त्यस मन्दिरलाई स्थानीय मानिसले फुलोमाजु (फुलचोकी माई) भनी पुकारिन्छ। भाषा वंशावलीमा फुलचोकीलाई "नीलतारा योगिनी" भनी लेखिएको छ। वृहत् पुरश्चर्यार्णव प्रथम खण्डमा सिद्धविद्या विषयमा यसरी लेखिएको छ।

कुब्जिका चण्डिका वाला सिद्धिलक्ष्मी सरस्वती

अन्नपूर्णा च गायत्री पार्वती चापराजिता ॥

विन्ध्याधिवासिनी ह्योताः सिद्धविद्याप्रकीर्तिता ॥

कुब्जिकासहस्रनाममा यसरी लेखिएको छ -

विद्याधरी लोकधात्री शिवमानाश्च रुपिणी ॥

गह्येश्वरीसहस्रनाममा यसरी लेखिएको छ -

विद्याधरी चण्डिनी च मारुता सर्वदा स्मृता ॥

उल्कामुखी लोकमुखी वर्णेशी वर्णमालिका ॥

आर्यतारास्तोत्रमा यसरी लेखिएको छ -

प्रज्ञापारमिता देवी आर्यतारा मनोरमा ॥

दुन्दुभि शंखिनी पूर्णा विद्याराज्ञी प्रियंवदा ॥

चन्द्रानना महागौरी अजिता पीतवससा ॥

महामाया महाश्वेता महावलपराक्रमा ॥

महारौद्री महाचण्डी दुष्टसत्वनिसूदनी ॥

यसबाट सिद्धविद्या, वा सिद्धविद्याधरी आर्यतारा बुँगमतीमा नै अवस्थित छन् भन्ने स्पष्ट छ। यस अलावा बुँगमती शहरमा अरु पीठ भेटिएको छैन। खोजी गर्नु बाँकी नै छ।

यसै क्रममा वीतरागको चर्चा पनि गरिन्छ। अष्ट वैतराग भनी आठवटा महादेवलाई पूजा गरिन्छ। आठवटा महादेव "मणिलिङ्गेश्वर, फणिकेश्वर, विक्रमेश्वर, गन्धेश्वर, कुम्भेश्वर, गोकर्णेश्वर, किलेश्वर र गर्तेश्वर हुन्। यसरी वीतराग भनेको महादेव हुन् भनी थाहा पाउन सकिन्छ। बुँगमतीको पद्मपुर महाविहार (वहिल) मा महादेव- लिंगमाथि चैत्य स्थापित गरेको पाइएको छ। यस तथ्यले वीतराग महादेव पनि बुँगमतीमा नै छ।

यहाँ क्रोधराजको पनि केही चर्चा गरौं। यी क्रोधराजको कुनै मन्दिर भटिएको छैन। विस्तृत अध्ययन गर्नु बाँकी नै छ। तर मत्स्येन्द्रनाथको मन्दिर पछाडि गल्छँडो- बाट निस्कँदा एउटा खाल्टो भेटिन्छ। त्यहाँ जात्रामा राँगाको भोगबलि चढाउँछ। सो बलि चढाएको राँगाको मासु सम्पूर्ण स्वान (कुकुर) लाई खुवाइन्छ। त्यो मासु कसैले खाँदैन। यो देवता असाध्यै जाज्वल्य र डरलाग्दो छ भन्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लोकोक्ति छ। शायद क्रोधराज भन्ने देवता यिनै हुन् कि ? यदि यहि नै क्रोधराज भन्ने हो भने बुँगमतीमा नै अवस्थित भएको पाइयो।

अब गणेशको चर्चा गरौं। मत्स्येन्द्रनाथको मन्दिर जाने बाटैमा एउटा सानो पुरानो खालका मन्दिर छन्। मन्दिरको प्रकृति हेर्दा गणेशको देवल प्रतीत हुन्छ। अन्त कतै स्थान गणेशको रूपमा पूजा गरेको पाइएको छैन। यसैले देशभरका स्थान गणेश यिनै हुन् कि भनी अनुमान गर्न सकिन्छ। यस अतिरिक्त बुँगमती शहर पुग्नुभन्दा अलि वरै सानो जङ्गलभित्र एउटा गणेशको मन्दिर अवस्थित छन्। यिनलाई नै कार्यविनायक भनी पुकारिन्छ। पहिले पहिले यी गणेशलाई "कापोतल विनायक" भनी पुकारेको हुन सक्छ। पछि विकृति हुँदै "पोतल" लोप भई "कार्य विनायक" हुन गएको होकि भनी अनुमान हुन्छ।

साथै कार्यविनायकको मुनि नै एउटा तीर्थ छ। त्यस तीर्थलाई "कर्णतीर्थ" भनिन्छ। यो तीर्थमा मेला कहिले लाग्छ थाहा पाउन सकेको छैन। कार्यविनायकको डाँडा मुनिबाट एउटा सानो खोल्सा बगेको छ। यसैलाई कर्णतीर्थ भनेको कि ज्ञात हुन सकेको छैन। साथै यसै खोल्सालाई नै बुँगमती भनी नामाकरण गरेका हुने कि सो कुरा पनि थाहा पाउन सकेको छैन। कुनै साधकले यसै तीर्थमा स्नान ध्यान गरी गणेशको पूजा अर्चना गरी आफ्नो कार्य सिद्ध गरेको हुनाले गणेशका नाम पनि कार्य विनायक भएको हुन सक्छ। जेहोस् गणेश पनि बुँगमतीमा अवस्थित भएको छ।

यस तथ्यहरू अनुसार आर्यतारा--स्तोत्रमा वर्णन गरेको वस्तुगत अध्ययन गरी हेर्दा सिद्धविद्याधर आर्यतारा, हयग्रीव, क्रोधराज, वीतराग र गणेश आदि बुँगमती शहरमा पाइएको छ। यस कारण कापोतल (पोतलका) पर्वतस्थान बुँगमती नै हुन् भनी भन्न सकिन्छ। यस्तै गहिरिएर विस्तृत अध्ययन गर्दै गएको खण्डमा अरु आधारभूत प्रमाणहरू नभेट्टिएलानन् भन्न सकिँदैन। यसैले विस्तृत अनुसन्धान गर्नु जरुरी देखिन्छ।

यसै सिलसिलामा मत्स्येन्द्रनाथलाई स्नान गराउने विषय पनि सान्दर्भिक नै होला। मत्स्येन्द्रनाथलाई वैशाखकृष्ण प्रतिपदाको दिन स्नान गराइन्छ। यसलाई नेपाल भाषामा (न्हवं याय्गु, धलिं लुयेगु) भनिन्छ। "धलिं लुयेगु र न्हवं याय्गु" भन्ने नै देवस्नान गराउनु हो। मत्स्येन्द्रनाथलाई स्नान गराउन अन्त कहिंको पानी चल्दैन। त्यही (हवंगाल) स्नान कुण्डको पानी चाहिन्छ। ती स्नान कुण्ड पनि बुँगमतीमा नै अवस्थित छ।

साथै बुँगमतीलाई नेपाल भाषा(नेवारी) बाट "बुँग" भनिन्छ। बुँगमती निवासीलाई "बुँगमि" भनिन्छ। यही स्थानीय भाषा अंकित गरी अंशुवर्माले आफ्नो शिलालेखमा "बुगायूमि" भनी लेखेका हुन्। यही "बुँगग्राम" पछि गएर "बुँगदे" बुँग शहर हुन गयो र अरु भाषामा "बुँगमती"। यही "बुँगदेश" बुँगमती शहरमा भएको देवता भएकोले नै अवलोकितेश्वर मत्स्येन्द्रनाथलाई "बुँगद्य" भनेको हो। साथै "वुगमलोकेश्वर" भनेका हुन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसलाई गोपाल वंशावलीको अभिलेखमा "श्री वुगमलोकेश्वर" मत्स्येन्द्रनाथको स्त्रोत्रमा "श्री वुगमलोकेश्वर" साथै "हाम्रो संस्कृति" भन्ने पुस्तकमा दिएको अभिलेखमा "श्री वुगेसमहं नमे" भन्ने र श्री भुवनहर्षले रचना गरेको चर्यागीतमा "वुगम लोकेश्वरदेव" भनी लेखिएबाट स्पष्ट हुन्छ ।

यताबाट कापोतल (पोतलका) पर्वत भन्ने स्थान बुँगमती नै हो भन्न सकिन्छ। किनभने राष्ट्रिय अभिलेखालय रामशाहपथमा सुरक्षित हस्तलिखित पुस्तकमा "पोतलकाचलाच्छिमर्यावलोकितेश्वर" मत्स्येन्द्रनाथ स्तोत्रमा "कापोतलाचल भूमि विजय" र करुणास्तव--स्तोत्रमा "कापोतलाचल भूमि विजय नेपाल" साथै चर्या गीतमा "जिनवरत नयनि भवन श्री कापोतल निवास" भनी लेखिएबाट कापोतल पर्वत बुँगमती नै हो भन्ने स्पष्ट हुन आएको छ । यस तथ्यबाट मत्स्येन्द्रनाथ कामरूप पीठबाट ल्याएको होइन भनी सहजै बुझिन्छ ।

यहाँ कामरूप शब्द सम्बन्धी पनि केही कुरा चर्चा गर्नुपर्ने देखिएको छ। "धर्मधातु वागीश्वर प्रकाशन मण्डल" बाट प्रकाश गरिएको "करुणास्तव" मा यसरी लेखिएको छ ।

त्वं कामरूपमुपदर्शित राक्षसिभिः ॥

कामवसेन चलितं तव राक्षसिभि ॥

घातस्य चित्त परिवर्जित धर्मचित्तम् ॥

तं पद्मपाणि वहुरूपरधरं नमामि ॥

यस श्लोकबाट मत्स्येन्द्रनाथको विभिन्न रूपमध्ये कामरूप पनि एक हो। यसबाट मत्स्येन्द्रनाथको आगमन कामरूप पीठबाट भएको भन्ने अर्थ लाग्दैन। यी तथ्यहरूबाट राजा नरेन्द्रदेव र आचार्य वन्धुदत्त संयुक्तले कामरूप कामाक्षा पीठबाट मत्स्येन्द्रनाथ (बुँगद्यः) नेपालमा ल्याएको होइन। बुँगमतीबाट रथयात्रा गरी ललितपुरमा ल्याइएका हुन्। यस कुरामा विवाद रहित छ। यसका तथ्यहरू तल दिइएका अभिलेख र श्लोकहरूबाट प्रमाणित गर्न सकिन्छ ।

गोपाल वंशवलीमा यसरी लेखिएको छ -

"राजा नरेन्द्रदेव वर्ष ३५ तस्या आचार्य वन्धुदत्त द्वयन श्री वुग्मलोकेश्वर भट्टारकस्य जात्रा कृता भवति ।"

राष्ट्रिय पुस्तकालयमा रहेको २७६ संख्याको हाल राष्ट्रिय अभिलेखालयमा रहेको हस्तलिखित पुस्तकमा यसरी लेखिएको छ -

तस्मिन् विहारे श्री नरेन्द्रदेव राजा निवृत धर्मपरायणो वभूव ॥

येन श्रीवन्धुदताचार्यस्योतरसोधकभूतेन पोतलकाचलाच्छिमदार्यावलोकितेश

श्वरो ललितपटनमानित ।

मत्स्येन्द्रनाथको स्तोत्रमा यसरी लेखिएको छ -

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कापोतलाचल भूमि विजय नेपाल

वत्सर द्वादश अनावृष्टि मोक्षनार्थ

आराधित श्रीवुगम अवलोकेश्वर

गुरु बन्धुतद नृप श्रीनरेन्द्रदेव

रथचक्रमया यात्रागमन ललितापुरी ॥"

यस तथ्यहरूबाट राजा नरेन्द्रदेव र आचार्य बन्धुदत्त दुईजनाले बुँगमती (कापोतल पर्वत) बाट मत्स्येन्द्रनाथलाई रथमा विराजमान गरी रथयात्रा गरी ललितपुरमा ल्याइएको हो भन्ने स्पष्ट भयो। तर कुन नरेन्द्रदेव राजाले यात्रा चलाएका हुन् थाहा हुन सकेको छैन। किनभने राजा नरेन्द्रदेव तीनजना छन्।

प्रथम राजा नरेन्द्रदेव कलिगत संवत् ३७३५-३७७२ बुद्ध संवत् ११७८ - १२१५ विक्रम संवत् ६९१ - ७२८ ईश्वी संवत् ६३४ - ६७१ लिच्छवि संवत् ५७८ - ६१५ शक संवत् ५५६ - ५९३ अंशुवर्मा संवत् ६६ - १०३ ताकाका हुन्।

द्वितीय राजा नरेन्द्रदेव कलिगत संवत् ४०९९-४१०५ बुद्ध संवत् १५४२-१५४८ विक्रम संवत् १०५५-१०६१ ईस्वी संवत् ९९८-१००४ लिच्छवि संवत् ९४२-९४८ शक संवत् ९२०-९२६ अंशुवर्मा संवत् ४३०-४३६ र नेपाल संवत् ११८ - १२४ ताकाका हुन्।

तृतीय राजा नरेन्द्रदेव कलिगत संवत् ४२४१ - ४२४७ बुद्ध संवत् १६८४ - १६९० विक्रम संवत् ११९७ - १२०३ ईस्वी संवत् ११४० - ११४६ लिच्छवि संवत् १०८४ - ११९० शक संवत् १०६२ - १०६८ अंशुवर्मा संवत् ५७२ - ५७८ र नेपाल संवत् २६० - २६६ ताकाका हुन्। यी तीनवटा राजा नरेन्द्रदेव मध्ये कुन नरेन्द्रदेवले मत्स्येन्द्रनाथको रथयात्रा चलाएका हुन् अनुसन्धान गर्न बाँकी नै छ।

यी अनुसन्धान क्रममा खोजी गर्दा पण्डित आशाकाजी बज्राचार्यले प्रकाशित गरेको "बुँगद्यः नेपाले हःगु खँ" भन्ने पुस्तकमा "कलिगत संवत् ३६००" भनी लेखेको पाइयो। साथै जीतबहादुर मानन्धरले प्रकाशित गरेको "विरिञ्चि नारायण" भन्ने पुस्तकमा पनि "कलिगत संवत् ३६०० अर्थात् वि.सं. ५५६ तिर" भनी लेखिएको रहेछ। यी कुरा त्रिरत्न सौन्दर्य गाथाको आधारमा लेखिएको भन्ने प्रतीत हुन आउँछ।

यस्तै भाषा वंशावली भाग २ मा पाँचवटा श्लोक उद्धृत गरी लेखेको पनि पाइयो। ती श्लोकहरू यस प्रकारका छन्।

"अतीतकलिवर्षेषु स्वादस्वर्ग - रसाग्निषु

नेपाले विजयो श्रीमानार्यावलोकितेश्वर ॥"

सम्पादकको टिप्पणीमा पाठान्तर दिएको त्रिरत्न सौन्दर्य गाथाबाट-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"अतीत कलिवर्षेषु शून्यद्वन्द्वरसाग्निषु

नेपाले जयति श्रीमानार्यावलोकितेश्वरः ॥"

नेपाल राष्ट्रिय पुस्तकालयमा रहेको संख्या २७६ को हस्तलिखित पुस्तकबाट-

"अतीतकलिवर्षेषु शूलद्वन्द्वरसाग्निषु

नेपाल विजयी श्रीमानार्यावलोकितेश्वर ॥"

योगी शंकरनाथको "मत्स्येन्द्र-पद्यशतकम्" बाट

"षडव्योम षडवन्हिमिते कलौ वै

नेपालमागात्खलु लोकनाथ ॥

मत्स्येन्द्रनाथशतकम्बाट-

अतीत कलिवर्षेषु शून्यस्वर्गरसाग्निषु

नेपाले जयति श्रीमानार्यवलोकितेश्वरः ॥"

यहाँ पहिलो श्लोकबाट "कलिगत संवत् ३६७६" दोस्रोश्लोकबाट "कलिगत संवत् ३६००" तेस्रो श्लोकबाट "कलिगत संवत् ३६२३" चौथो श्लोकबाट "कलिगत संवत् ३६०६" र पाँचौं श्लोकबाट "कलिगत संवत् ३६७०" भन्ने आयो। यहाँ संवत्को एकरूपता पाइएन। यस कारण यी संवत्हरूलाई आधार मान्न सकिँदैन।

किनभने कलिगत संवत् ३५८५ देखि ३६११ सम्म राजा वसन्तदेव थिए। यसपछि कलिगत संवत् ३६११ देखि ३६१६ सम्म राजा मनूदेव थिए भने कलिगत संवत् ३६१६ देखि ३६२३ सम्म राजा वामदेव भए। यसपछि कलिगत संवत् ३६४६ देखि ३६८३ सम्म राजा शिवदेव द्वितीय र सामन्त अंशुवर्मा थिए। यस कारण मत्स्येन्द्रनाथको रथयात्रा चलाएको भनी दिएको संवत् विलकुलै अशुद्ध छ।

राजा नरेन्द्रदेवले रथयात्रा चलाएको माथि प्रस्तुत तथ्यहरूबाट प्रस्ट भइसकेको छ। तर कुन नरेन्द्रदेव राजालें चलाएका हुन् भन्ने थाहा पाउन आवश्यक देखिन आएको छ। यसै क्रममा नियालेर हेर्दा अहिलेसम्म यिनै राजा नरेन्द्रदेवले चलाएका हुन् भन्ने तथ्य प्रमाण भेट्टिएको छैन। तथापि भाषा वंशावली भाग २ मा यसरी टिप्पणी गरेको पाइएको छ।

"वि.सं. ७९० मा मत्स्येन्द्रनाथ नेपालमा प्रख्यात भइसकेका छन् भन्ने कुरा नरेन्द्रदेवकै नाति हुन् द्वितीय जयदेवको पशुपतिको शिलापत्रको एउटा पद्यबाट स्पष्ट छ। सो यस प्रकारको छ-

पद्मं किं करुणाकरस्य कस्तो लोकेश्वरस्यागतम्।"

यस उक्तिबाट राजा जयदेव द्वितीयभन्दा अघि नै मत्स्येन्द्रनाथको यात्रा भइसकेको आभास मिल्छ। राजा जयदेव द्वितीय कलिगत संवत् ३८०५ - ३८४१ बुद्ध संवत् १२४८-१२८४ विक्रम

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संवत् ७६१ - ७९७ ईश्वी संवत् ७०४ - ७४० लिच्छवि संवत् ६४८- ६८४ शक संवत् ६२६- ६६२ अंशुवर्मा संवत् १३६-१७२ ताकाका हुन्।

उपर्युक्त टिप्पणीमा उल्लेख भएको पद्यको आधारबाट राजा नरेन्द्रदेव प्रथमका पालादेखि नै रथयात्रा चलेको हो भन्न सकिन्छ। साथै कलिगत संवत् ५५६ - ५९३ र अंशुवर्मा संवत् ६६ - १०३ सम्म जम्मा ३७ वर्षको राज्यकालमा कुनै पनि वर्षदेखि चलाएको हुनसक्छ। तर तत्कालिक प्रमाण नभेट्टिएसम्म यही सालदेखि चलाएका हुन् भनी भन्न सकिँदैन।

जुन समयमा भए तापनि राजा नरेन्द्रदेव र वन्धुदत्त आचार्यले कापोतल (पोतलका) पर्वत बुँगमतीबाट मत्स्येन्द्रनाथको रथयात्रा गर्ने परम्परा चलाएका थिए। यी रथयात्रा प्रतिवर्ष बुँगमतीमा रथारोहण गरी रथयात्रा गरी ल्याई ललितपुर परिक्रमा गरिसकेपछि पुनः बुँगमतीमा नै लाने चलन चलेको थियो। यसरी प्रतिवर्ष यात्रा गर्ने परम्परा राजा जयस्थितिराज मल्लका पालासम्म चलेको देखिन्छ। यस सम्बन्धी गोपाल वंशावलीमा यसरी लेखिएको छ।

"सं. ५०७ वैशाखशुदि ४ श्रीश्री जयस्थितिराज मल्ल देव थाकुरस त्रिपुत्र सहन बुँगम यात्रा विज्याङा दिन १४ भ्वत जयसिंहराम महाथस नपम्।"

(सं. ५०७ वैशाखशुक्ल ४ चौथिका दिन श्रीश्री जयस्थितिराज मल्ल आफ्ना ३ छोरा सहित र महामन्त्रि बनेपाका जयसिंहराम साथै मत्स्येन्द्रनाथ यात्रा निमित्त गई १४ दिन बसेका थिए।)

यो अभिलेख हरिराम जोशीले "हाम्रो संस्कृति" भन्ने पुस्तकमा पनि छापेका छन्। यस अभिलेखले मत्स्येन्द्रनाथको रथयात्रा बुँगमतिबाट आरम्भ हुन्छ भन्ने कुरा स्पष्ट पारेको छ। साथै हरिराम जोशीको भनाई मत्स्येन्द्रनाथको रथयात्रा पहिले शरद ऋतुमा गर्ने गरिन्थ्यो। पछि आएर वसन्त ऋतुमा पर्ने परम्परा चल्यो भन्ने छ। यही कुरालाई लिएर जीतबहादुर मानन्धरले "विरिञ्चि नारायण" भन्ने पुस्तकमा यसरी लेखेका छन्।

"सुरुमा यो देवताको रथयात्रा प्रतिवर्ष बुँगमतीबाट मात्र हुने र त्यो पनि शरद ऋतुमा हुने दसी फेला परेको छ।"

यो भनाइ "इन्स्टिच्यूट अफ नेपाल एण्ड एसियन स्टडिज" द्वारा प्रकाशित जोन. के लक. एम्. के. ले लेखेको "रातो मत्स्येन्द्रनाथ अफ् पाटन एण्ड बुँगमती" भन्ने पुस्तकको आधारमा लेखेको देखिन्छ। सो अंग्रेजीमा लेखिएको पुस्तकको टिप्पणीमा ऐतिहासिक प्रमाणित अभिलेखहरू दिएको पाइएन। यही कुरा हरिराम जोशीले "हाम्रो संस्कृति" भन्ने पुस्तकमा यसरी लेख्नुभएको छ।

"प्रारम्भमा यो यात्रा शरद ऋतुमा गरिन्थ्यो। तेह्रौं शताब्दी ई. का तिब्बती यात्री धर्मस्वामिनको जीवनीमा यस कुरातिर ईङ्गित गरिएको छ। ने.सं. ४५७ श्रावणकृष्ण द्वादशी पुष्य नक्षत्रका दिन लिखित महि रावणवध नाटक ग्रन्थमा वर्णित वर्णनबाट पनि मत्स्येन्द्रयात्रा उपयुक्त समयमै गरिन्थ्यो भन्ने कुरातिर परिलक्षित हुन्छ।"

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

साथै हरिराम जोशीले “महिरावण वध नाटक ग्रन्थ” मा भएको अभिलेख पनि उद्धृत गरी यसरी दिनुभएको छ।

“भगवतः श्री बुंगमेश्वरस्य प्रतिहत प्रतिसरत यात्रोत्सव प्रसंगेनायातानां प्रमुदितद्विजराजपुत्रादिनां समाज ॥”

यस अभिलेखबाट मत्स्येन्द्रनाथको रथयात्रा प्रतिवर्ष शरद ऋतु (आश्विन) मा हुने भन्ने स्पष्ट देखिन्छ। यी “महिरावण वध नाटक ग्रन्थ” ने.सं. ४५७ श्रावण महिनामा लेखेको भन्ने प्रष्ट छ। यस ताकाका राजा अरिमल्ल द्वितीय थिए। यिनले कलिगत संवत् ४४२१-४४४५, बुद्ध संवत् १८६४-१८८८, विक्रम संवत् १३७७-१४०१, ईस्वी संवत् १३२०-१३४४, लिच्छवि संवत् १२६४-१२८८, शत संवत् १२४२-१२६६, अंशुवर्मा संवत् ७५२-७७६ र ने.सं. ४४०-४६४ ताकासम्म राज्य भोग गरेका थिए । यिनैको पालासम्म बुँगमतीबाट रथ तानी मत्स्येन्द्रनाथको यात्रा प्रतिवर्ष चलाउँदै आएको प्रतीत हुन आउँछ।

राजा अरिमल्ल द्वितीयको ने.सं. ४६४ मा आश्विनसुदि ७ का दिन देवपत्तनमा मृत्यु भयो। यसपछि ने.सं. ४६४ श्रावणवदि ४ का दिन राजा जयदेव मल्ल सिंहसनारुढ भए। राजा अरिमल्ल मृत्यु हुनुभन्दा दुई महिना अठार दिन अगावै राजा भएको देखिन्छ। राजा अरिमल्ल छँदै राजदेव मल्ल सिंहासनारूढ भएको कारण प्रकाशमा आएको पाइएको छैन। राजा राजादेव मल्लको मृत्युपछि ने.सं. ४७५।४७६ ताका राजगद्दीमा राजा अर्जुन मल्ल बसे। राजा अर्जुन मल्ललाई ने.सं. ५०१ मार्गकृष्ण द्वादशीका दिन जयस्थितिराज मल्ल र जयन्त्र महामन्त्री मिली बनेपा धपाएका थिए। ने.सं. ५०२ माघवदि ५ का दिन उनको मृत्यु भयो। राजा जय अर्जुनमल्लको मृत्युपछि ने.सं.५०२ देखि जयस्थितिराज मल्लले राजसिंहासन हड्पाएका थिए।

यसरी प्रत्येक वर्ष शरद् ऋतुमा मत्स्येन्द्रनाथको रथयात्रा चल्दै आएको थियो। पछि वसन्त ऋतुमा रथयात्रा गर्ने परम्परा कहिले कुन राजाका पालादेखि चल्यो भन्ने जिज्ञासा बढ्नु स्वाभाविकै थियो। यस सम्बन्धमा हरिराम जोशीले “हाम्रो संस्कृति” भन्ने पुस्तकमा यसरी अनुमान गर्नु भएको पाइयो।

“चौधौँ शताब्दी ई. का प्रख्यात मल्ल राजा श्री जयस्थिति मल्लले शरद ऋतुमा गरिने मत्स्येन्द्र यात्रालाई वसन्त ऋतुमा संचालन गरिने परम्परा चलाएको अनुमान हुन्छ।”

उपर्युक्त अनुमानमा धेरै सत्यताको आभास पाइन्छ। किनभने अरिमल्लपछि राजदेव मल्ल राजा भए। यिनको पालामा शासन पदुमलदेवी र देवलदेवीको हातमा थियो। राजा राजदेव मल्ल नाम मात्रका राजा थिए। यस्तै अर्जुन मल्ल पनि नाम मात्रका राजा थिए। शासन जयस्थिस्तिराज मल्लको हातमा थियो। देशमा राजनैतिक स्थिर थिएन। नयाँ र पुराना भारदारहरूमा वैमनस्यता बढी राजनैतिक परिस्थिति डाँवादोल भइरहेको थियो। यस्तो परिस्थितिमा धार्मिक तथा संस्कृतिमा व्यवस्था गर्नु सम्भवको कुरा थिए। जब जयस्थितिराज मल्लले सत्ता हत्याए पछि सारा भारदारहरूलाई कब्जाएका थिए। देशका नाजुक परिस्थिति सामान्य भयो। त्यसबेला मत्स्येन्द्रनाथको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रथयात्रा शरद् ऋतुको बदला वसन्त ऋतुमा संचालन गर्ने व्यवस्था गरेको हुनसक्छ। यसलाई माथि प्रस्तुत गरेको ने.सं. ५०७ को अभिलेखबाट पुष्ट्याइदिएको पाइन्छ। यस कारण शरद् ऋतुमा हुने मत्स्येन्द्रनाथको रथयात्रा वसन्त ऋतु वैशाखशुक्ल प्रतिपदादेखि संचालन गर्ने परम्परा राजा जयस्थितिराज मल्लका पालादेखि भएको हो भनी सहजै भन्न सकिन्छ।

राजा नरेन्द्रदेव प्रथमको पालादेखि कापोतल पर्वत बुँगमतीबाट प्रतिवर्ष शरद् ऋतुमा मत्स्येन्द्रनाथको रथयात्रा हुने परम्परा थियो। यो परम्परालाई परिवर्तन गरी वसन्त ऋतुमा रथयात्रा गर्ने परम्परा राजा जयस्थितिराज मल्लको समयदेखि संचालन गरेको देखियो। यस अतिरिक्त बाह्र वर्षमा एकपटक मात्र बुँगमतीबाट रथयात्रा गर्ने चलन चलेको पनि पाइयो। प्रतिवर्ष बुँगमतीबाट रथयात्रा गर्ने परम्परालाई तोडी बाह्र वर्षको एकपटक मात्र गर्ने परम्परा कसले, कुन राजाका पालादेखि चलेको हो थाहा पाउन सकेको छैन। यस सन्दर्भमा अभिलेखहरू पनि प्राप्त भएको देखिँदैनन्। यसकारण यो अनुसन्धान गर्नुपर्ने विषय बन्न गएको छ।

पहिले बुँगमतीमा रथ निर्माण गरी मत्स्येन्द्रनाथलाई रथारोहण गरी ल्याइन्छ। ललितपुर परिक्रमा गराई पुनः बुँगमतीमा नै फर्काई लगी यात्रा समाप्त गर्ने प्रक्रिया थियो। पछि आएर बाह्र वर्षको एक पटक मात्र गरिने परम्परा कायम रह्यो। अरु प्रतिवर्ष ललितपुरस्थित पुलचोकमा रथ निर्माण गरी मत्स्येन्द्रको यात्रा गर्ने परम्परा चल्यो। यसरी ललितपुरबाटै जात्रा प्रारम्भ भए तापनि रथ जावलाखेल पुऱ्याइएपछि जात्रा समाप्त हुन्छ र मत्स्येन्द्रनाथलाई खटमा राखी बुँगमतीमा लगिने परम्परा अद्यापि छँदैछ।

जब ललितपुरबाट नै रथयात्रा गर्ने परम्परा चलेपछि मत्स्येन्द्रनाथ सूर्य दक्षिणायन लागेको ६ महिना बुँगमतीमा राखिने र उत्तरायण लागेपछि ६ महिना ललितपुरमा राखिने प्रचलन पनि चल्यो। यी प्रचलन कहिलेदेखि सुरु भयो ज्ञान हुन सकेको छैन। यसका अभिलेखहरू पनि पाइएका छैनन्। तापनि यसो विचार गरी हेर्दा राजा श्रीनिवास मल्लका पालादेखि यो प्रचलनमा आएको हो कि भनी अनुमान गर्न सकिन्छ।

किनकि ललितपुरका शासन-व्यवस्था राजा शिवसिंह मल्लको समयसम्म त्यहाँका महापात्र प्रधानहरूका अधीनमा थियो भन्नुमा कुनै अत्युक्ति नहोला। त्यस ताकाका शासक महापात्र प्रधानहरूले मत्स्येन्द्रनाथ ललितपुरमा राख्ने सम्बन्धमा कुनै व्यवस्था गरेको पाइएको छैन।

राजा शिवसिंह मल्लले ने.सं. ७१७ ताका त्यहाँका शासक महापात्रप्रधानहरूलाई कज्याई कान्तिपुरको अधीनमा राखे। ललितपुरका शासन-व्यवस्था सचालन गर्न हरिहरसिंहमल्ललाई खटाएका थिए। हरिहरसिंह मल्लको मृत्युपछि तिनका छोरा सिद्धिनरसिंह मल्ल ने.सं. ७३७ ताका ललितपुरका राजा भए। उनका पालादेखि ललितपुर कान्तिपुरसँग छुटी स्वतन्त्र राज्य खडा भयो। राजा सिद्धिनरसिह मल्लको देशान्तर लागेपछि ने.सं. ७४७ तिर श्रीनिवास मल्ल राजसिंहासनारुढ भए।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यी राजा श्रीनिवास मल्ल मत्स्येन्द्रनाथ (बुँगद्यः) का परम भक्त थिए। यिनले मत्स्येन्द्रनाथलाई निकै बन्दोबस्त र व्यवस्था गरेका थिए। मत्स्येन्द्रनाथको स्नानपर्व रथयात्रा पर्व चलाउन अनेकौं जग्गा प्रदान गरी गुठीहरू राखेका थिए। यिनका अभिलेखहरू धेरै पाइन्छन्। साथै श्रीनिवास मल्लद्वारा एउटा गीत रचिएको थियो। त्यो गीत राष्ट्रिय अभिलेखालयको विषय संख्या ५९० को "अवलोकितेश्वर स्तव" भन्ने हस्तलिखित पुस्तकमा पाइन्छ। गीत यस प्रकारको छ-

राग सलजि ॥ ताल...

वछर नेपाल रितुवशुसागनसंजुते ॥

मागमरिषत थामिन रविवारवासरे ॥

....

सुवनपटन ललित संक्रयते ॥

केन्द्रय केशरिनिते विद्याभारे ॥

मानिगलाधिपति प्रजपति यारे ॥

श्रीनिवास मल्ल नृप जगत वस्याने ॥

मृगावती देवी प्रति प्रष्यामि नामे ॥

जथान्दिति तथा क्रीपा भष्यन पूरे ॥

विरिचि नारायण प्रातुते नृपगणे ॥

यो गीत गाएर मत्स्येन्द्रनाथलाई बेलुकी आरती गर्ने प्रचलन अद्यापि छँदैछ। यसबाट श्रीनिवास मल्लले मत्स्येन्द्रनाथलाई कति आस्था राख्दा रहेछन् भन्ने कुरा स्पष्ट थाहा हुन्छ। यस उसले श्रीनिवास मल्लले मत्स्येन्द्रनाथलाई ललिपतुरमा नै राख्ने मनसुवा भएबाट ललितपुरस्थित तःबहालमा भव्य सुन्दर मन्दिर बनाएका हुन् भनी सजिलैसँग अनुमान गर्न सकिन्छ। तर ती मन्दिर कहिले बनाएको हो सो कुरो ज्ञात हुन सकेको छैन। अभिलेख पनि प्राप्त हुन सकेको छैन।

ती सुन्दर भव्य मन्दिर १९९० सालको महाभूकम्पमा भत्कि क्षतिग्रस्त भए। पछि पुनः निर्माण गरेका थिए। पुनः निर्माण हुँदा मन्दिरका सुन्दर टुँडालहरू पुरानै राखेका थिए। ती टुँडालहरू विभिन्न देव-देवीको सुन्दर मूर्तिहरूका छन्। सो मूर्तिका तल्लो भागमा पापिष्टहरूलाई दण्ड दिइएका सुन्दर चित्रहरू कुँदिएका छन्। त्यसको मुनि बयान पनि लेखेको छ। एउटा सुन्दर टुँडालमा यसरी लेखिएकोछ।

"लख थाय वय काय

लख तोने मेव व।"

(लख थाय थ्वंकाव

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लख तोने मदुव)

यो नेपाल भाषाको प्रचलित नेवारी लिपिमा लेखिएको छ। पुरिने गरी रंग पोतेकाले स्पष्ट नभएको हुँदा शुद्ध पढ्न अप्ठ्यारो पर्न गएको छ। जे होस् टुँडालमा लेखिएको भाषा र लिपिबाट सहजै भन्न सकिन्छ कि यो मन्दिर श्रीनिवास मल्लका ताकामा नै निर्माण भएको हो। साथै स्थितिमल्लका समयमा बनेको होइन भन्ने कुरा स्पष्ट भन्ने कुरा स्पष्ट छ। अर्को कुरा मन्दिरको छानाका बलेसीका पात्रा (म्हुतः पौ) मा श्रीनिवास मल्लको नाम अङ्कित गरेको पाइएको छ। यसबाट सो मन्दिर यिनकै पालामा बनेको भन्ने पुष्टि हुन आएको छ। यस तथ्यको आधारमा बाह्र वर्षे मेला रथयात्राको परम्परा र पाटनमा मत्स्येन्द्रनाथ राख्ने प्रचलन तिनै राजाका पालादेखि ल्याएको हो भन्नुमा कुनै आपत्ति नहोला। तर अभिलेख चाहिँ उपलब्ध भएको छैन। यस सम्बन्धी अभिलेख पाइएमा पछि प्रस्तुत गरिने छ।

अन्त्यमा मत्स्येन्द्रनाथको रथयात्रा सम्बन्धी धेरै अनुसन्धान र खोजी नीति गर्नु बाँकी नै छ। यो छोटो अध्ययनबाट प्राप्त भएका अभिलेखहरूको आधारमा यो सानो रचना प्रस्तुत गरेको हुँ। यी पाइएका अभिलेखहरूको आधारमा अनुमान गरेको मात्र नभै ठोस रूपमा भन्न सकिन्छ कि राजा नरेन्द्रदेव प्रथमले मत्स्येन्द्रनाथ कापोतल (पोतलका) पर्वत बुँगमती (बुँगदे) बाट रथयात्रा गरी ललितपुरमा ल्याएका हुन् र प्रतिवर्ष यात्रा गर्ने परम्परा बसालेका हुन्। कामरूप कामाख्याबाट ल्याएको बिलकुलै होइन भन्ने कुरा स्पष्ट हुन्छ, अस्तु ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भूमिसम्बन्धी केही तमसूक ताडपत्र

✍ पूर्णरत्न बज्राचार्य

नेपालको मध्यकालीन इतिहास जान्न तत्कालीन सामाजिक, आर्थिक व्यवस्था, जाति, भाषा, लिपि, संस्कृति एवं विभिन्न ठाउँ नगर, गाउँ, टोलको नामसमेत अध्ययन गर्न नितान्त आवश्यक छ। यस्तो कार्यमा अन्वेषकहरूलाई सघाउ पुऱ्याउने हेतुले यस राष्ट्रिय अभिलेखालयको संग्रहमा रहेका भूमिसम्बन्धी तमसूक ताडपत्रहरू सम्पादन भई प्रकाशित हुँदै आइरहेका छन्। यहाँ त्यस्ता संकलित १०८४ थान ताडपत्र मध्ये ६५७ थान प्रकाशित भैसकेको र अब यस अङ्कमा पनि ललितपुर भेगका ने.सं. ५५८ का थान १,ने.सं. ६७३ को थान २, ने.सं. ६८८ को थान १, ने.सं. ७६० को थान १, राजा सिद्धिनरसिंह मल्लको नामाङ्कित संवत् नभएको थान १ र ने.सं. ८४६ को राजा योगप्रकाश मल्लको नामाङ्कित थान १ गरी जम्मा ७ थान ताडपात्र तमसूक सम्पादन गरी प्रकाशित गरेको छु। आशा छ, पाठकवृन्दलाई यसबाट केही सहयोग नै हुनेछ।

ने.सं.५५८

बट्टा नं. ३४ पत्र सं. ४९८

मूलपाठः-

१) श्रैयोऽस्तु ॥ सम्वत ५५८ आश्विणिवद्धि ४ श्रीवंथवहार वज्राचार्य विक्षु श्री अखयजुस प्रमुखन सर्व्वसङ्ग समूहस वो

२) खंपिखे कोविलंछे तेज भावो प्रमुखन गाक्वतिराख गोष्ठी समूह वोः घद्वंद्वको क्यंब वो ह्मोतल वीवादया दे

३) वज्ञ चाम्र भारोसन ततिपं पाचकं रङा भाष थ्वते ॥ भाषा थ्व क्यंवस ङवोस नेवो ल्वहंकिलिनया श्री वंथ वा

४) हारया जुरों ङवोस स्वंवो ल्वहंकिलिन वं गाक्वतिराख गोष्ठीस जुरों ॥ श्रीवंथ वहारया क्यंव व नेलं

५) गाक्वतिराख गुठिस्यं यज्याङन नेकु भुंत्व ह्वतं लंछजमाल्वं थ्वलं नेकु भुत्वं ह्वतं ल्याखन पारदौ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६) सिक वंथवहार न थव भुंत्व ह्नत फुयकं ल्वहंकिलि साङन धुंग्व: थ्व लं नेकु भुंत्व ह्नत ल्यनको थो

७) न थ मूल कंहकाले कजि का जावन आन नेह्म जास्यं वजमाल्व: थ्वते भाषने भिंवुरोता दो: साक्षि: स्वधान नाथु ढगुरी दृष्ट शुभं ॥

मूलपत्रको परिचय र सारांश

यो ने.सं. ५५८ (वि.सं. १९९४) आश्विनकृष्ण चतुर्थीमा लेखिएको भागवन्दाको ताडपत्र तमसूक हुन्। यसको साइज लम्बाइ १७.२ चौडाइ ४.६ से.मि. छ। यसमा माटाको सीलछाप छैन। ताडपत्रको बायाँपट्टि किनारामा फूलबुट्टा लेखिएको छ।

यसमा ल.पु. वंथवहालको व्रजाचार्यको भिक्षु श्री अखयजु प्रमुख सर्वसंघ र खंपिछें कोबिलं छेंका तेज भावो प्रमुख गाक्वतिराख गोष्ठीको बीच परम्परामा घद्वंद्वको बारीको विषयमा झैंझगडा हुँदा भाग छुट्याई बाँडी लिएको उल्लेख भएको छ। वंथवहाललाई यस बारीको ५ खण्डको २ खण्ड र गाक्वतिराख गोष्ठीलाई ५ खण्डको ३ खण्ड छुट्याइएको र वंवहालको वारीमा जानलाई २ हात बाटो गाक्वतिराख गोष्ठीले छोडिदिने तथा वंथवहारले पनि आफ्नो बारीको २ फिट बाटो छोडिदिएको उल्लेख भएको छ। यस सम्बन्धी झैंझगडा भएमा दुवै मिली सुध्याउनु पर्ने उल्लेख हुनुको साथै दृष्ट साक्षिमा स्वथान नाथ ढगुरी र लेखकमा दैवज्ञ चाम्ह भारो समेत भएको देखिन्छ।

यस पत्रमा उल्लेख भएको "गाक्वतिराख गोष्ठी" काठमाडौं उपत्यकामा भाद्र महिनामा हुने इन्द्रयात्राको पाँचौं दिन तृतीया तिथिमा श्री वसुन्धरा देवी (बौद्ध धर्मका महालक्ष्मी) को व्रत गर्ने चलन छ। त्यस व्रत सञ्चालनको लागि आयस्ता राखी व्यवस्था गरिदिएको गुठीलाई गाक्वतिराख (गातिलाव्रत) गोष्ठी भन्दछन्।

ने.सं. ६७३

पत्र सं. ४६८

बट्टा नं. ३२

मूलपाठ:-

१) श्रेयो5स्तु ॥ सम्वत् ६७३ भाद्रपद शुक्ल द्वितियायां तिथौ श्रीललितव्रुमाया श्रीमानिग्लके उत्तरस्थ स्वथं ग्वाछे स्वग्वत्र अमात्य घाकु भारो भ्रात्ये सहस नाम्ना शकाशात् तत्रेव स्वग्वत्र अमात्य नयराज भारोश नाम्नेन स्वकियं स्वभुज्यमानिकं भेरूपा क्षेत्र नाम प्रदेशेः स्वल्पमार्ग्गशिमायां पश्चिमत ॥ श्री यंपिंविहारी लिविछे जिकित भारोस क्षेत्र शीमायं उत्तरतः ॥ नदि शि

२) मायां पूर्व्वतः ॥ श्रीहतषाया क्षेत्रशिमायां दक्षिनतः ॥ एतेषां मधे ताक्षेत्र चौदह रोपनिकं जत क्षेत्र रोवाङ्क रोव श्लं पि १४ थ्वते वुश घार्ण स्वादिकारा अर्द्ध भाग जुको जुरो: तुपकाद्वल क्षेत्रनाम प्रदेशे घरशिमाया पश्चिमत ॥ मार्ग्गशिमायां उत्तरतः॥ पूर्व्वत ॥ दक्षिणत ॥ एतेषां मधे ता क्षेत्र द्वादश

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

३) रोपनिकं जत क्षेत्र रोवाङ्ग रोव श्लं नसि १२ नसि थ्वते वुश धार्ण स्वादिकारण पेवोश छिवोया षुवोश छिवो जुको जुरोः तुपपडद्वल क्षेत्र नाम प्रदेशे योषाछे शिजलदेव भारोया क्षेत्रशिमा व प्रपातशिमा वो द्वयो न पश्चिमत ॥ थव भोया क्षेत्रशिमायां उत्तरत । श्री श्री राजया क्षेत्र शिमा वो शयव शिजलदेव भारोया क्षेत्र शिमा ... न पूर्व्वत ॥ मार्ग्गशिमायां द

४) क्षिनतः ॥ एतेषा मध्ये ता क्षेत्र उत्र दिशमार्ग्ग व्यावाय पुरत सहेन द्वादश रोपनिकं जत क्षेत्र रोवाङ्ग रोव मोण्डि श्लं नसि १२ व्वाकया उत्र दिश चतुरपं षतिक अदो नादिका सह ॥ वता प्रपाटसह्वया तलपतिसजा वाथं जुरो थ्वया धार्ण स्वादिकारा जुको जुरोः एते स्वराशि क्षेत्रं सक्रषकं समपरिभोज्ञ जथानग्रहकाल प्रवर्त्तमान सञ्चारार्घेन जथोश्चित

५) मूले मादाय क्रि विक्रीय स्वदिनेत तेना निवृत्तकं न्यायेन क्रिन विक्रीयतम्भवति जदि स्यात् देविक राजिक विना ता स्वराशिक्षेत्र संकट् ब्यावाडकाले तदा धार्णकेन परिसोघनियं ता क्षेत्र स्वराशियां तलपति मदो धारङान मकाया तलपति श्री श्री राजकुल श्री पात्रकुलादि स्वहस्त प्रहस्त गेरु लसनो अकर्ण जुरो जदि लुकाले धार्णसन लिविंज माल्व अत्र

६) पत्रार्थे साक्षि ॥ स्वग्वत्र वन्धव महात भारोस मेक ॥ दृष्ट ॥ क्रिप्न सर्व्वसोधान धुंग्व जुरो शुभ ॥

मूलपत्रको परिचय र सारांशः

यो ने.सं. ६७३ (वि.सं. १६११) चैत्रकृष्ण द्वितीयामा लेखिएको भूमिसम्बन्धी ताडपत्र तमसूक हुन् । यसको साइज लमाइ ७२.२ चौडाइ ४.५ से.मि. छ । माटाको सीलछाप छ । छापमा कमलको फूल र बाहिर घेरामा बिन्दु बुट्टा छन् । ताडपत्रको पुछारको केही भाग भाँची बिग्रिएको छ ।

यसमा ल.पु. मंगलबजारदेखि उत्तरमा रहेको स्वथ ग्याछे टोल बस्ने स्वग्वत्र अमात्य हाकु भारोले आफ्नो आफैले भोग गरिराखेको भेरूपा भन्ने खेत १४ रोपनी मध्ये आधा भाग (७ रोपनी), तुपका द्वल खेत १२ रोपनी मध्ये ॥ रोपनी, टुपपदद्वल १२ रोपनी गरी जम्मा १९ ॥ रोपनी बेचबिखन गरेको उल्लेख छ ।

उक्त खेतका ४ किल्ला यस प्रकार उल्लेख भएको देखिन्छ । भेरूपा क्षेत्रको ४ किल्लाः- सानोबाटो देखि पश्चिम, श्री यंपि बिहारी लिविछेका जिकित भारोको खेतदेखि उत्तर, खोलादेखि पूर्व, हतषाको खेतदेखि दक्षिण, त्यस्तै तुपकाद्वल खेतको ४ किलाः- कुलोदेखि पश्चिम, बाटोदेखि उत्तर ... पूर्व ... दक्षिण(ा र त्यस्तै टुपपदद्वल खेतको ४ किलाः- योखाछेंको सिजलदेव भारोको खेत र सानो खोलादेखि पूर्व, बाटोदेखि दक्षिण भन्ने खुलाई दिएका छन् ।

यसको मूल्य देशकाल चलन अनुसार उचित मूल्य लिई दिएको भन्ने छ । यसमा दैवी राजकीय वाहेक संकट भै झगडा आइपरेमा ऋणीले नै व्यहोर्नु पर्ने भनिएको छ । पत्रको अन्त्यमा तलपति "श्री राजकुल श्री पात्रकुलादि स्वहस्त प्रहस्त गेरुलसनो अकर्ण जुरो जदि लुकाले धार्णसन लिविंज माल्व" भन्ने उल्लेख हुनुको साथै सबै मूल्य चुक्ता भयो भन्ने पनि लेखिएको छ । यस पत्रमा साक्षि आफ्नै गोत्रका वन्धव महात भारो छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बट्टा नं. ३३ पत्र सं. ४८१

मूलपाठः-

१) श्रेयोऽस्तु ॥ सम्वत् ६७३ चैत्रकृष्णद्वितियां, श्रीललितव्रुमायां श्रीमाणीगलके ॥ उत्तरस्थ ॥ श्री सोहलनिम्हं यिनायको छें ल वुथा महाथ भारोस नाम्ना शकासात् ॥ श्री वुविहार यंकुलि विहाराद्धि वास्तव्य शुठा भारोस नाम्नेन स्वकीयं स्वभुज्यमानिकं भोयु ष्वपल क्षेत्र नाम प्रदेशे ॥ श्री वाहारया क्षेत्र शीमायां पश्चिमत ॥ पूर्व्यतश्च ॥ गुठीया क्षेत्र शीमायां उत्तर सयेव श्रीवाहा

२) रया क्षेत्र शीमायां धरशीमायां द्वयोन दक्षिणतश्च ॥ एतेषाम्मद्धे ॥ त्रयरोपनिकं जत् क्षेत्र रोवाङ्क रोव स्वं ३ ता क्षेत्र सक्रषकं परिभोज्ञे ॥ जथा नगरकाल प्रवृर्त्तमान संचारार्घेन यथोचित् मूल्य मादायः क्री विक्री स्वादिनेत त्वेना निवृत्तकं न्यायेन क्रेण विक्रीयतं भवति ॥ जदि स्यात् देविक राजिक विना शङ्कट व्यावादकाले तदा घार्णकेन परिसोघनियं अत्र पत्रार्थे ॥ दृकरणाय ॥

३) साक्षि श्री सोथं ग्वाछे अमात्य भीमसिंह भारोस मेक ॥ दृष्ट ॥ शुभ ॥

मूलपत्रको परिचय र सारांशः-

यो ने.सं. ६७३ (वि.सं. १६११) चैत्रकृष्ण द्वितीयामा लेखिएको ताडपत्र तमसूक हुन् । यसको साइज लमाइ ७२.२ चौडाइ ४.५ से.मि. छ । पत्रमा माटाको सीलछाप छ । छापको बीचमा कमलको फूल र बाहिर घेरामा बिन्दु बुट्टा छन् । ताडपत्रको पुछारको केही भाग बिग्री टुक्रा हुन लागेको छ ।

यसमा ललितपुर मंगलबजारदेखि उत्तरमा रहेको श्री सोहल निह्मं यिनायको छें बस्ने बुथा महाथ भारोले बुवहाल टोल यंकुलिविहार बस्ने शुठा भारोसंग उसैले भोगचलन गरिरोखको भोयुष्वपत्र नामको ३ रोपनी खेत किनीलिएको कुरो उल्लेख छ। यसको ४ किल्लामा श्रीवाहालको खेतदेखि पश्चिम र पूर्व, गुठीको खेतदेखि उत्तर उही श्रीवहालको खेत र कुलोदेखि दक्षिण भनी खुलाइएको छ। यस खेत देशकाल चलन अनुसार उचित मूल्य लिई सुक्री बिक्री गरिएको छ भन्ने लेखिएको छ। यदि यसमा दैवी राजकीय बाहेक संकट झैझगडा परेमा ऋणीले नै व्यहोर्नु पर्ने उल्लेख गरिएको छ। यसमा सोठ ग्वाछें बस्ने अमात्य भीमसिंह भारो एउटैलाई मात्र साक्षिमा राखिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बट्टा नं. ३४ **पत्र सं. ५०५**

मूलपाठः-

१) श्रेयोऽस्तु ॥ सम्वत् ६८८ ज्येष्ठकृष्ण नवंम्यायां तिथौ श्रीललितव्रुमायां श्रीमानिगलके उत्तरविहारेः श्रीछ्वाचविहारः लाछवयंवछें स्वगोत्र श्री पुरणजुश नाम्ना शकासात् ॥ तत्रेव गृह स्वगोत्र श्रीजयसिंहजुस नाम्नेन स्वकीयं स्वभुज्यमानिकं कोवुक्षेत्र नाम प्रदेशेः श्रीसोहलनिम्हं व्रह्मपुरो वंताया क्षेत्रशीमायां पशिचमतः उत्तरतश्च ॥ श्री यिनायह्लंङे यंतागृह श्री धर्मसिंहजुश क्षेत्र शी

२) मायांः पूर्व्वतः श्रीङाखाचोक हाकु भारोस क्षेत्र शीमायां दक्षिणतः एतेषाम्मघे चतुररोपनिकंः जत्क्षेत्र रोवाङ्क रोव पि ४ थ्वतेश घार्ण स्वादिकार दहंदु दववोनपं जुरों ता क्षेत्र सक्रषकं परिभोज्ञं ॥ जथा नगरकाल प्रवृत्तमान सञ्चारार्घेण यथोच्चित मूल्यमादायः क्रीविक्री स्वादिनेन त्वेना निवृत्तकं न्यायेन क्रेण विक्रीयतं भवति जति स्याट् देविक राजिक विना शङ्कट व्यावादकाले ।

३) तदा धार्णकेन परिसोघनियं अत्र पत्रार्थे दृकरणाय साक्षि उभे स्वगोत्र श्रीवुदसिंह जुश मेक दृष्ट ॥ शुभ ॥ क्रीपन सर्व्व सोधान घुंग्व जुरों ॥

मूलपत्रको परिचय र सारांश :

यो ने. सं. ६८८ (वि.सं. १६२४) ज्येष्ठकृष्ण नवमीको ताडपत्र तमसूक हुन् । यसको साइज लमाइ ६९, चौडाइ ५ से.मी. छ । यसमा माटाको सीलछाप छ । छापको बीचमा श्री अङ्कित छ । श्रीको वरिपरि बाहिर घेरामा बिन्दु बुट्टा छन् ।

यसमा ललितपुर मंगलबजारदेखि उत्तरस्थित छ्वाचविहार लाछे क्यंवच्छें बस्ने स्वगोत्र श्री पुरणजुलाई त्यही बस्ने स्गोत्र श्री जषसिंहजुले आफ्नो भोगचलन गरिराखेको कोबु भन्ने ठाउँको ४ रोपनी खेत बेचखिन गरी आफ्नो सम्पूर्ण अधिकार छोडिदिएको उल्लेख छ । खेतको चार किल्लामा श्री सोहलनिह्मा ब्रह्मपुर वंता क्षेत्रदेखि पश्चिम र उत्तर, यिनायह्लङे यंतागृह बस्ने श्री धर्मसिंहजुको खेतदेखि पूर्व, ङाखाचोक बस्ने हाकु भारोको खेतदेखि दक्षिण भनी देखाइएको छ । यसको मूल्य देशकाल चलन अनुसार उचित मूल्य लिई दिएको भन्ने उल्लेख छ । यसमा दैवी राजकीय बाहेक संकट झैझगडा परेमा ऋणीले व्यहोर्नुपर्ने भनिएको छ । पत्रमा दुवैको स्वगोत्र श्री वुदसिंहजु मात्र एक्लै साक्षि बसेका छन् । पत्रको अन्तमा यस खेतको वेचविखनको सबै रकम चुक्ता भयो भन्ने पनि उल्लेख गरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बट्टा नं. ३३ पत्र सं. ४८७

मूलपाठ :-

१. श्रेयो्ऽस्तु ।।सम्वत् ७६० जेष्ठशुक्ल षष्टम्यान्तिथौ ।। श्रीललितव्रुमायां श्री मानिग्लके पूर्वस्थ श्रीचालाछे चाकलं यन्तागृह भल भारोस नाम्ना सकाशात् श्री वन्देग्राम क्वथो त्वाल लिपछे टोल योतागृह लुंगुसिंह भावोया नाम्नेन स्वक्रियं स्वतकभुर्ज्यमानिकं जलधुनिक्व क्षत्रनाम प्रदेश । ववाया हाथ्वं गुठिया क्षत्रसिमायां पशिचम दक्षिणत पूर्ब्व ।

२. तश्च धलसिमायां उर्त्तरत एतेषा मध्य ताक्षत्र द्वयो रोपनिकं जत् क्षत्र रोवाङ्ग रोव नसि २ थ्वतेस धार्ण स्वादिकालन अद्ध भागजुको क्षत्र सकर्षकं स्मपलिभोज्ञं जथा नग्लकाल प्रवत्तमान्येन संचालाघेन जथोचित् मूल्यमादाय क्रिविक्री स्वादिन्येन त्वेना निवृत्तिकं न्यायेन क्रियण विक्रीयतम्भवति ॥ जदि स्याद्दै विक राजिक विना

३) अद्ध भाग जुक्व वु संकत व्यावादकाले तदा धार्णकेन पलिसोद्धनियं । अत्र पत्रार्थे साक्षि धार्णन स्वग्वत्र भ्राता जयनराज भावो दृष्ट ॥ ता क्षेत्रया क्रिपन द्वाको सर्व्व सोधान पुरान पाचकं धुंग्व ॥ ता क्षत्रया पूर्व्व तलपत्र नेपेकया छपुन चोंग्वन मकाया ॥ पुन भाषा थ्व वु मेरे दानागनपुरेस क्रिण मोचका जुरो ॥ शुभं ॥

मूलपत्रको परिचय र सारांश-

यो ने.सं. ७६० (वि.सं. १६९८) ज्येष्ठशुक्ल षष्ठिमा लेखिएको ललितपुरको ताडपत्र तमसूक हुन् । यसको साइज ७३.२ र चौडाइ ३.२ से.मि. छ । यसमा माटाको सीलछाप छ । छापमा श्री अङ्कित भै वरिपरि घेरामा विन्दु बुट्टा छन् ।

यसमा ललितपुर माणिगल (मंगलबजार) को पूर्वमा रहेका चालाछें यन्त्रागृह बस्ने मल भारोलाई श्री वन्देग्राम (बाँडे गाउँ) क्वथो टोल योतागृह बस्ने लुगुसिंह भावोले आफ्नो आफैंले भोगचलन गरिराखेको जल धुनिक्व क्षेत्र नामको २ रोपनीको आधा भाग (१ रोपनी) खेत बेचबिखन गरेको उल्लेख छ । खेतको ४ किला ववहाको हाथ्व गुठीको खेतदेखि पश्चिम, दक्षिण, पूर्व र कुलोदेखि उत्तर भनी देखाइएको छ । यसको मूल्य देशकाल चलनअनुसार यथोचित मूल्य लिई हकभोग छोडिदिएको पनि उल्लेख छ । यसमा दैवी र राजकीय बाहेक झैझगडा संकट आइपरेमा सो बेचिएको आधा भागमा मात्र ऋणीले व्यहोर्नुपर्ने भनिएको छ । साथै ऋणीले धनीसँग सबै रुपियाँ चुक्ता गरी लिई आफ्नो तलपत्र भाग समेत छोडिएको उल्लेख छ ।

यस पत्रमा चाल किला उल्लेख गर्दा देखिएको "हाथ्व गुठी" भन्ने गुठी इन्द्रयात्राका बखत वा अरु पर्व यात्राको बखत मृण्मय, काष्ठमय, धातुमय घ्याम्पोमा अङ्कित भैरवको मूर्तिपूजा गरी त्यस मूर्तिको मुखबाट सुरा जाँड, रक्सी प्रवाहित गरी भक्त एवं दर्शकहरूलाई खुवाउने बन्दोबस्तको लागि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राखेको गुठीलाई भन्दछन्। यसरी भैरवको मुखबाट प्रवाहित भैनिस्किएको जाँड, रक्सीप्रसादको रूपमा खानाले मानिसको पेटका सम्पूर्ण व्याधि व्यथा निको हुन्छ भन्ने मानिसहरूको धारणा छ।

ने.सं. ×

बट्टा नं. ३३ पत्र सं. ४८९

मूलपाठः-

१) स्वस्ति ॥ श्री श्री जय सिद्धिनरसिंह मल्ल देव प्रभु ठाकुरसन ॥ नक विहालि टोल ङाखा चोक यंतागृह निवासि ॥ ग्राहक जिद्देववाले नाम्ने प्रसादीकृत ॥ ग्वंदुक्षेत्र ... शे हाकुदेवया वात्तिका सिमा ....

२) दिसास व्वाक कर्ष २ जव २ यथा चतुराघातेन पलिवेस्थित ॥ तर्व्वातिका यथा नगलकाल प्रवत्तमानेन सुवर्णपुष्पमारार्घ प्रढौकित मोहोर टंका शलछि व नियङ १२५ मादाय स्वाधिनेन वतुकन्यायन ...

३) थ्व क्रीप्नया पूर्ण धुंग्व शुभ ॥

मूलपत्रको परिचय र सारांश :-

यो ताडपत्र तमसूक ललितपुरका राजा सिद्धिनरसिंह मल्ल समयका हुन्। यसमा संवत् महिना तिथि मिति केही उल्लेख भएको छैन। यसको साइज लमाइ ४७ र चौडाइ ३ से.मि. छ। माटोको सीलछाप छ। छापको बीच भागमा खड्ग र खड्गलाई फूलको माला जस्तो प्रभाले घेरिराखेको छ। खड्गको माथिल्लो भाग दायाँ बायाँ चन्द्रसूर्य अङ्कित छन्। तल्लो भागमा दायाँ बायाँ मकरको जस्तो आकार देखिन्छन्। बाहिर घेरामा बिन्दु बुट्टा छन्। ताडपत्रको तल्लो माथिल्लो किनाराको धेरै ठाउँमा र पुच्छार भाग समेत मुसाले काटी टुक्रा खसिसकेको छ।

यसमा ललितपुरका राजा सिद्धिनरसिंह मल्लले ललितपुरकै नवहिल टोल ङाखाचोक यन्तागृह बस्ने जिद्देववालेलाई ग्वंदु वाटिका भन्ने बारी २ कर्ष २ जवा निगाहा गरिदिएको उल्लेख छ। यसको ४ किल्ला ताडपत्र ठाउँ ठाउँमा खण्डित भै पढ्न नसकेकाले उल्लेख गरिएन। ग्राहकले यस बारीको मूल्य देशकाल चलन अनुसार १२५ सुवर्ण टंका राजालाई चढाएको देखिन्छ। पत्रको अन्तमा यसको लेनदेन सम्पूर्ण कारोबार सिद्धिसकेको छ भन्ने पनि लेखिएको छ। यस पत्रमा साक्षि र लेखकको समेत नाउँ उल्लेख भएको छैन। यस्तो किसिमको ताडपत्र यहाँ विरलै पाइन्छ।

ने.सं. ८४६

वट्टा नं. ३१ पत्र सं. ४६५

मूलपाठः-

१) स्वस्ति ॥ श्रीमानिग्राधिपति श्री श्री जय योगप्रकासमल्ल देव प्रभु थाकुरसन, परुदेश क्वाठननि वन्तागृह निवाशि ग्राहक दातेद्म भारो नाम्ने प्रसादीकृतं ॥ पुरामग्राम वातिका नामप्रदेशे ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२)	नदीशिमाया पश्चिमत; श्री श्री राज्ञो भुभ्या दुत्तरतः पूर्वतः दक्षिणतश्च एतन्मध्ये तद्वाति एकतीश कर्षाङ्क कर्ष शूयछि ३१ नेतोतलेने जुरो भूयप कुमारि वातिका चतुरकर्षाङ्क

३)	र्ष पि ४ आवथलि वातिका द्वयो कर्षाङ्क कर्ष नसि २ एते वातिका यथां नगरकाल प्रवत्तमानेन सुवर्णपुष्पमारार्घ प्रढौकृत मोहोर टंका निश्ल ङा २०५ आदाय स्वाधिनावत्तक न्याये

४)	न क्री विक्रीन प्रसादालपा जुरो अत्र पत्रार्थे दृष्टसाक्षि श्रीविष्णुमल्ल थाकुरस सम्वत् ८४६ मार्गशिर शुक्ल षष्ठयान्तिथौ राजदैवज्ञ जोगराजेन लिखितं ॥

मूलपत्रको परिचय र सारांशः-

यो ने.सं. ८४६ (वि.सं. १७८२) मार्गशुक्ल षष्ठीको भूमिसम्बन्धी ताडपत्र तमसूक हुन् । यसको साइज लमाइ ३६.५ चौडाइ ४.५ से.मि. छ । माटाको सीलछाप छ । छापको बीच भागमा खड्ग र खड्गको वरिपरि 'श्री श्री श्री क' भन्ने अक्षर अङ्कित छ । खड्गको तल कच्छपाकार देखिन्छ र छापको बाहिर घेरामा बिन्दु बुट्टा छन् ।

यसमा ललितपुरका राजा श्री जयभोगप्रकाश मल्लले ललितपुर क्वाठननि वन्तागृह बस्ने दतिह्म भारोलाई पुरामग्रामवाटिका भन्ने ठाउँको वारी ३१ कर्ष, कुमारिवाटिका ४ कर्ष आवथलि वाटिका २ कर्ष गरी जम्मा ३७ कर्ष ९ रोपनी निगाहा गरिदिएको उल्लेख छ । खोलादेखि पश्चिम, राजाको जग्गादेखि उत्तर, पूर्व, दक्षिण भनिएकोछ । ग्राहकले राजालाई यसको मूल्य बापत २०५ सुवर्ण टंका चढाएको भन्ने उल्लेख छ । यस पत्रको दृष्ट साक्षिमा श्री विष्णु मल्ल र लेखकमा राज दैवज्ञ जोगराज छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आर्थिक वर्ष ०४६।०४७ मा राष्ट्रिय अभिलेखालयको संक्षिप्त गतिविधि

नेपालको इतिहासमा यो आर्थिक वर्ष चिरस्मरणीय रहनेछ। ३० वर्षदेखि चलिआएको शासन व्यवस्थामा आमूल परिवर्तन आएको छ। व्यवस्था बढ्ता फराकिलो भएको छ। प्रजातन्त्रको ज्योतिले अब बढ्ता क्षेत्रलाई उज्यालो पार्नेछ। यो उज्यालोको किरण अभिलेखालयमा पनि अवश्यमेव पर्नेछ।

प्रत्येक वर्ष झैँ यस आर्थिक वर्षमा पनि ने.ज.ह.ग्र.सं. परियोजनाका निर्देशक डा. एअरहार्डको नेतृत्वमा तिब्बती ग्रन्थहरूको माइक्रोफिल्म गर्न दुई पटक उत्तरी क्षेत्रको भ्रमणमा गएको थियो। यी भ्रमणहरूमा राष्ट्रिय अभिलेखालयका रिप्रोग्राफर श्री वसन्त चित्रकार पनि हुनुहुन्थ्यो।

भ्रमण स्थान	भ्रमण अवधि	उपलब्धि
क) मुस्ताङ क्षेत्र	०४६।७८-०४६।७२१	३०२ थान (एल २५२ - २६८)
ख) हेलम्बु क्षेत्र	०४६।१०।१५-०४६।१०।२७	३२७ थान (एल २६९-२९०)

राष्ट्रिय अभिलेखालय तथा काठमाडौंमा माइक्रोफिल्म गरिएका ग्रन्थहरूको तेरीज निम्न बमोजिम छ।

	पुस्तक थान	रिल
क) राष्ट्रिय अभिलेखालय	५४७	१४ (ए १३७६- ए १३८९)
		९ (एटी ३० - एटी ३८)
ख) काठमाडौं	२०८८	१९२ (ई २२६७ - ई २३५९)
		२५ (के ११९ - के १४३)

अनुसन्धानकर्ताहरूलाई माइक्रोफिल्म तथा मूल ग्रन्थद्वारा अध्ययन गर्न दिई सेवा पुऱ्याएको लगत निम्न बमोजिम छ।

माइक्रोफिल्मबाट

स्वदेशी - १९ विदेशी - ४

मूल ग्रन्थबाट

	फाँट	संख्या	पुस्तक
क)	दर्शन	२१	३१

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ख) तन्त्र	६०	२५०
ग) धर्म	५९	२३३
घ) ज्यौतिष	**३१**	**२९६**

स्वदेशी तथा विदेशी अनुसन्धानकर्ताहरूलाई फोटोकपि तथा अन्य रिल पठाई सेवा पुऱ्याएको तेरीज निम्न बमोजिम छ ।

फोटोकपि - १४४ पत्र

माइक्रोफिल्म- २३ रिल ५५ फिट

यसबाट श्री ५ को सरकारलाई आमदानी हुन आएको राजस्व - १८९१९६।२५

(एकलाख उनान्नब्बे हजार एक सय छयानब्बे रुपियाँ पच्चिस पैसा मात्र)

राजस्व हामीलाई कस्ता पाठक वा संस्थाबाट प्राप्त हुन्छ त्यसको केही तपसिल यस प्रकार छ ।

स्वदेशी

वाल्मीकि क्याम्पस, श्री बालगोपाल श्रेष्ठ, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, नेपाल रिसर्च सेन्टर र डा. एअरहार्ड आदि ।

विदेशी

श्री धर्म पब्लिसिङ्ग हाउस (अमेरिका), श्री उच्च तिब्बती अध्ययन संस्थान (सारनाथ), श्री फुकुदा, श्री काजुनोबु, श्री मत्सुदा, श्री मोरीगूची, श्री ताचीकावा, श्री कानेको, श्री सुजुकी (जापान), श्री डा. कोल्भर (जर्मनी), श्री डा. मार्क डाइविस्की (यू.के.) आदि ।

राष्ट्रिय अभिलेखालयमा विभिन्न स्रोतबाट संकलन भएका ग्रन्थहरूको तेरीजः-

खरीद भएका

छापा पुस्तक २०१ थान

हस्तलिखित २१६ थान

राष्ट्रिय पंचायतबाट

४२ थान

निजामतीकिताबखानाबाट

२००० सालको १२ थान

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रम तथा सामाजिक कल्याण मन्त्रालयबाट

१६४ थान

पुरातत्त्व विभागबाट

क) छापा १२ थान

ख) हस्तलिखित १४ थान

भौतिक सुविधा बढाउने क्रममा कुनै उल्लेखनीय कार्य हुन सकेन। राष्ट्रिय अभिलेखालयले यस आर्थिक वर्षमा विकास बजेट पाउन सकेन।

महत्त्वपूर्ण ग्रन्थहरूको प्रकाशन गर्ने क्रममा यस आर्थिक वर्षमा दि सेन्टर फर इष्ट एशियन कल्चरल ष्टडीज, जापान तथा राष्ट्रिय अभिलेखालयको संयुक्त प्रयासबाट श्री श्री वशुवन्धु विरचित 'त्रिंशिका विंशती' को प्रकाशन भएको छ। प्रतिष्ठा लक्षण सार समुच्चयको पनि प्रकाशन भैसकेको छ। यस अभिलेखालयको बौद्ध तन्त्र विषयक क्याटलग पनि श्री मितुतोशी मोरी गूची, जापानले प्रकाशनमा ल्याउनुभएको छ।

अभिलेख संरक्षण ऐं २०४६ ले अभिलेखालयको काम, कर्तव्य जिम्मेवारी निश्चित गरी दिए तापनि ऐं लाई अझै प्रभावकारी ढंगबाट लागू गर्न भने सकिएको छैन। आशा छ आगामी वर्षमा ऐं को प्रभावकारी ढंगबाट कार्यान्वयन हुनेछ। अस्तु।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मुद्रक : पुर्कोट अफसेट प्रेस, ताहाचल काठमाण्डौं ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection